# अध्याय एक : परिचय

## १.१ पृष्ठभूमि

'शैली' शब्द अङ्ग्रेजीको Style शब्दको नेपाली रूपान्तरण हो । संस्कृतको 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शील' शब्दको निर्माण भएको हो । शील् शब्दमा 'ई' प्रत्यय जोडिइ निर्माण भएको शैलीको अर्थ ढङ्ग, ढाँचा, तरिका, मार्ग आदिमध्ये कुनै हुन सक्छ । त्यसैले भाषिक अर्थमा अभिव्यक्तिको तरिकालाई शैली भनिन्छ (शर्मा, २०७१:८६) । शैली र विज्ञान मिलेर शैलीविज्ञान शब्द बन्दछ । भाषाको अभिव्यक्ति वा सङ्कथनमा पाइने यस्तै शैलीगत विशिष्टता सम्बन्धी भाषावैज्ञानिक अध्ययनलाई शैलीविज्ञान भनिन्छ ।

शैली प्राचीन कालदेखि प्रचलित शब्द भए तापनि शैलीविज्ञान साहित्य समालोचना प्रणालीको एउटा नवीनतम विधा हो (शर्मा, २०४८:१) । भाषा अभिव्यक्तिको विभिन्न तरिका हुन्छन्: औपचारिक, अनौपचारिक, शैली, सरल शैली, क्लिष्ट शैली, सामान्य शैली, विशिष्ट शैली आदि (शर्मा, २०७१:८६) । विशेष गरी शैली विज्ञानले कुनै पनि साहित्यिक कृतिमा चयन, अग्रभूमि निर्माण, समानान्तरता, विचलन आदिको खोजी गरी त्यसमा अन्तरनिहित कलात्मक संवेगको पहिचान गरी सौन्दर्यको उद्घाटन गर्दछ ।

शैलीलाई भाषिक दृष्टिले हेर्दा परम्परा प्राचीनकालदेखि नै भएको पाइन्छ । सुरूमा शैली अलङ्कार शास्त्रको एउटा अङ्गमात्र मानिन्थ्यो (भण्डारी र अन्य, २०६८:२६) । पूर्वीय र पाश्चात्य दुवैथरी काव्यशास्त्रमा शैलीलाई एउटा काव्यात्मक घटकका रूपमा लिइन्छ । परम्परागत दृष्टिमा हेर्ने हो भने पूर्वमा ऋग्वेद र पश्चिममा अरस्तुको काव्यशास्त्र र अलङ्कारशास्त्रमा भाषाशैलीका बारेमा चर्चा गरिएको पाइन्छ । पूर्वीय समालोचना र साहित्यको क्षेत्रमा शैलीविज्ञानको परम्परा पाश्चात्य परम्पराभन्दा लामो, विकसित र व्यवस्थित देखिन्छ । पूर्वमा भरतमुनिको नाट्यशास्त्रदेखि पाणिनिको अष्टाध्यायी जस्ता विशिष्ट कृतिहरूमा शैलीका विभिन्न र विशिष्ट अर्थमा प्रयोग गरिएको छ । पश्चिमी विद्वानहरूले साहित्यको अध्ययन गर्दा शैली पक्षलाई विशेष महत्त्व दिइएको पाइन्छ । पश्चिममा शैलीका बारेमा अरस्तु, सिसेरो, प्लेटो आदि विद्वानहरूले शैलीका बारेमा चर्चा गरेका छन् ।

शैलीविज्ञान शब्दको प्रयोग सर्वप्रथम १९ औं शताब्दीको प्रारम्भमा जर्मनी भाषामा स्टाइलिस्टिक (Stilistick) शब्दको रूपमा र पछि सन् १८७२ मा स्टाइलिस्टिक (Stylistique) शब्दको रूपमा फ्रेन्च भाषामा चार्ल्स बालीले गरेका हुन् । अङ्ग्रेजीमा चाहिँ सन् १९८२ बाट स्टाइलिस्टिक (Stilistick) शब्दको प्रयोग हुँदै आएको पाइन्छ (शर्मा, २०४८:४) । आधुनिक युगमा

शैली विज्ञानको प्रारम्भकर्ताका रूपमा भने फर्डिनान्ड डी. सस्युरलाई मानिन्छ (शर्मा, २०४८:४)। यसरी भाषा र साहित्यको सङ्गम स्थल तथा प्रयोगभूमिका रूपमा शैलीलाई दिने गरिन्छ।

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय एमएड दोस्रो वर्षमा नेपाशि ५९८ को प्रयोजनका लागि तयार गरिएको हो। यो अध्ययन केशवराज पिँडालीद्वारा लिखित यस 'बाँच्ने एउटा जिन्दगी' (२०६५) राजनैतिक तथा सामाजिक घटनालाई कलात्मक रूपमा प्रस्तुत गरिएको सामाजिक यथार्थवादी उपन्यास हो। उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने कार्य यस शोधपत्रमा गरिएको छ। उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययनअन्तर्गत कथानकका आधारमा, पात्र/चरित्रका आधारमा एवम् चयन विचलन र समानान्तरका आधारमा भाषिक विश्लेषण गरिएको छ। यस उपन्यासको शैलीवैज्ञानिक अध्ययन यसभन्दा पहिले कोही कसैबाट नभएको कारण यो अध्ययन नितान्त मौलिक र उपयोगी ठहरिएको छ।

### १.२ समस्या कथन

प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छः

क) कथानकका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यास के कस्तो छ ?

ख) चरित्रका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यास के कस्तो छ ?

ग) चयन, विचलन र समाान्तरताका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यास के कस्तो छ ?

### १.३ अध्ययनको औचित्य तथा महत्त्व

प्राचिन समयमा जसरी महाकाव्यले महत्त्व पाएको थियो। त्यसरी नै आधुनिक कालमा उपन्यास विधाले पनि उत्तिकै महत्त्व पाएको छ। कुनै पनि विषय क्षेत्रमा गरिने अध्ययन अनुसन्धानबाट निश्चित उपलब्धि एवम् लाभ प्राप्त गर्न सकिन्छ। प्रस्तुत शैलीविज्ञानले कुनै पनि कृतिको अमूर्त आकारलाई मूर्त आकारका माध्यमबाट बुझ्ने सामर्थ्य प्रदान गर्दछ। साहित्यिक कृतिमा प्रयुक्त शैली पक्षको अध्ययन गरी त्यसमा निहित सौन्दर्यात्मक पक्षको आस्वादन गर्नमा यसले सहयोग गर्दछ। उपन्यासमा दबिएर रहेका सूक्ष्म कुराको अध्ययन गर्ने हुनाले यसको महत्व रहन्छ। उक्त कृतिको शैलीवैज्ञानिक अध्ययनबाट कृतिमा प्रयोग भएका भाषिक संरचना एवम् कृतिको प्रस्तुतिगत शैलीको जानकारी हुनका साथै कृतिको अध्ययनबाट प्राप्त निष्कर्षहरूको अध्ययनबाट लेखकलाई भावी दिनहरूमा सहयोग पुग्ने देखिन्छ। त्यसैगरी औपन्यासिक कृतिहरूको अध्ययन पश्चात पाठकहरूमा पनि ज्ञान आर्जन हुन्छ। त्यसैगरी भावी अनुसन्धानकर्ता,

पाठ्यक्रमविद्, पाठ्यपुस्तक लेखक आदिलाई सहयोग पुग्ने देखिएकाले यसको औचित्य एवम् महत्त्व रहेको देखिन्छ ।

शैलीवैज्ञानिक अध्ययनबाट कुनै पनि कृतिमा प्रयुक्त भाषिक पक्ष तथा संरचनात्मक ज्ञान प्राप्त हुने भएकाले यस उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट पनि त्यसमा प्रयुक्त वाक्य गठन, शब्द गठन, भाषिक चयन, विचलन र समानान्तरताका बारेमा गहिरो जानकारी प्राप्त गर्न सकिन्छ। उपन्यास नवीनतम विधा भएकाले यसको शैलीवैज्ञानिक अध्ययनबाट शिक्षणमा एकरूपता हुनका साथै यसले व्यक्तिको वैयक्तिक, मानसिक र सामाजिक विकासका लागि आवश्यक अर्न्तनिहित क्षमताको प्रस्फुटन, विकास र विस्तार गर्ने हुनाले यो ज्यादै उपयोगी मानिन्छ ।

अन्ततः केशवराज पिँडालीद्वारा लेखिएका धेरै कृतिहरूमध्ये 'बाँच्ने एउटा जिन्दगी' एक उत्कृष्ट उपन्यास भएका कारण यसको महत्व स्पष्ट झल्किन्छ। त्यसैगरी यस उपन्यासका साथसाथै अन्य औपन्यासिक कृतिहरूको वस्तुपरक अध्ययनबाट समालोचकीय क्षमतामा समेत सहयोग पुग्ने देखिन्छ। यसरी प्रस्तुत कृतिको यसभन्दा अगाडि तथा शैलीवैज्ञानिक विश्लेषण शीर्षकमा अनुसन्धान हालसम्म कोही कसैले नगरेको हुँदा यो नितान्त मौलिक अनुसन्धान हो ।

### १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) कथानकका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको विश्लेषण गर्नु ।

ख) चरित्रका आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु ।

ग) चयन, विचलन र समानान्तरताको आधारमा उक्त उपन्यासको विश्लेषण गर्नु ।

### १.५ अध्ययनको परिसीमा

यो शोधकार्य पूरा गर्नका निम्ति निम्न परिसीमामा रही केशवराज पिँडालीद्वारा लिखित एवम् साझा प्रकाशन, ललितपुरद्वारा प्रकाशित 'बाँच्ने एउटा जिन्दगी' (२०६५) उपन्यासको शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण गरिएको छ :

क) 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको कथानकको शैलीवैज्ञानिक अध्ययन एवम् फ्रेटागको पिरामिडका आधारमा उक्त उपन्यासको कथानकको विश्लेषणमा सीमित रहेको छ ।

ख)	उक्त उपन्यासका प्रमुख र सहायक पात्र/चरित्रहरूको अध्ययन एवम् वर्गीकरण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा सीमित रहेको छ ।

ग)	उक्त उपन्यासमा प्रयुक्त भाषिक चयन, विचलन र समानान्तरताको आधारमा मात्र विश्लेषण गरिएको छ ।

## १.६ पारिभाषिक शब्द

यस कार्यमा पारिभाषिक शब्दहरूको प्रयोग हुने भएका कारण ती शब्दहरूको अर्थ निम्नानुसार रहेको छ :

क) चयन : रोज्ने कार्य, छान्ने काम

ख) विचलन : मानकको अतिक्रमण, क्रम मिचिनु

ग) शैली : भाषिक संरचना र साहित्यिक संरचनालाई जोडने कार्य

घ) समानान्तरता : पद/पदनवली वायांश/वाक्य वा भावार्थ दोहोरिनु

ङ) शैलीविज्ञान : साहित्यको भाषवैज्ञानिक अध्ययन गर्ने प्रायोगिक भाषविज्ञानको एक शाखा

## अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

### २.१ पूर्वकार्यको समिक्षा

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत एमएड तह पूरा गर्ने उद्देश्यले कथा, निबन्ध, उपन्यास, खण्डकाव्य, नाटक आदिजस्ता विविध विधा तथा क्षेत्रमा अध्ययन अनुसन्धान हुने गरेको पाइन्छ । नेपाली साहित्य क्षेत्रमा मानविकी र सामाजिक सङ्कायमा धेरै शैलीवैज्ञानिक अध्ययन भए तापनि शिक्षाशास्त्र सङ्कायतर्फ भने थोरै भएको पाइन्छ । अनुसन्धानका रूपमा शैलीवैज्ञानिक विश्लेषणहरू प्रशस्तै भेटिए तापनि नेपाली साहित्यका विभिन्न विधा, भाषा वा कृतिमा रहेर शैलीवैज्ञानिक अध्ययन अनुसन्धान कमै हुने गरेको पाइन्छ । यसै सन्दर्भमा यस भन्दा अगाडि गरिएका शोधको शीर्षकसँग सम्बन्धित यस अघिका पुस्तक, शीर्षक, उद्देश्य तथा त्यसबाट प्राप्त निष्कर्षहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

रेग्मी (२०७२) द्वारा नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पसअन्तर्गत 'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ । उक्त उपन्यासको उद्देश्यहरू (क) कथानकका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, (ग) चयनका आधारमा 'विभाजित समय' उपन्यासको विश्लेषण गर्नु, (घ) विचलन र समानान्तरका आधारमा समेत उक्त उपन्यासको विश्लेषण गर्नु रहेको पाइन्छ । यस अध्ययनमा पुस्तकालयीय विधिलाई प्रमुख आधार बनाइएको पाइन्छ ।

'विभाजित समय' उपन्यासमा समाजका जल्दाबल्दा समस्याहरूको प्रतिविम्ब उतारिएका कारण सामाजिक यथार्थवादी उपन्यासका रूपमा स्थापित भएको, मानिसले गर्ने सानो गल्ती वा असावधानीका कारण आफू लगायत सिङ्गो परिवार नै सेवा सुविधाको खोजीमा पहाडबाट तराई क्षेत्रमा बसाइँ सरी जाँदा भोग्नु परेका समस्याको चित्रण गरिएको, सामाजिक सांस्कृतिक एवम् राजनीतिक आदि पक्षको चित्रण गरिएको, उपन्यासको कथानक वृत्तकारीय ढाँचामा प्रस्तुत भएको साथसाथै आन्तरिक र बाह्य समानान्तरताको समुचित विन्यासले उपन्यासको भाषाशैली सरल, सहज, आकर्षक, मिठासयुक्त र प्रभावकारी भएको निष्कर्ष 'विभाजित समय' उपन्यासको अध्ययन मार्फत निकालेका छन् ।

पन्थी (२०६३) द्वारा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरबाट 'बसाइँ' उपन्यास शीर्षक रहेको शोध अध्ययन गरिएको पाइन्छ । उक्त शोधका उद्देश्यहरूमा (क) फ्रेटागको पिरामीडका आधारमा उपन्यासको कथावस्तुको विश्लेषण गर्नु, (ख) चरित्रका आधारमा उक्त उपन्यासको

वर्गीकरण र विश्लेषण गर्नु, (ग) भाषागत आधारमा चयन विचलन र समानान्तरताको अध्ययन गर्नु रहेको छ। पुस्तकालयीय विधिको सर्वाधिक प्रयोग गरेर वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको अबलम्बनन गरिएको छ।

उक्त 'बसाइँ' उपन्यासमा समाजका सामाजिक समस्यालाई आधार बनाएकाले यो सामाजिक यथार्थवादी उपन्यास भएको, त्यसैगरी आदि, मध्य र अन्त्यको शिलशिलामा शिलशिलाबद्ध भएको, परम्परागत, धार्मिक तथा सांस्कृतिक झल्काउने शब्दहरूको प्रयोग पाइनु, सरल र सहज भाषा शैलीको प्रयोगका साथै पात्रअनुकुल भाषिक प्रयोग गरिएको पाइन्छ। बसाइँ उपन्यास समग्र नेपालीहरूको मुटुमा बास बस्न सफल भएको छ। यस उपन्यासको आधार लिई विश्लेषण गर्दा कृतिको वस्तुनिष्ठता हुने कुरालाई स्पष्ट पारिएको छ।

भुजेल (२०६२) द्वारा नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पसअन्तर्गत 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ। यस अध्ययनका उद्देश्यहरू (क) कथानकका आधारमा 'लु' उपन्यासको कथावस्तुको सार उल्लेख गर्नु, (ख) शैलीवैज्ञानिक आधारमा 'लु' उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण गर्नु रहेको पाइन्छ। उक्त शीर्षकमा शोधपत्र तयार गर्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ।

उक्त उपन्यासमा त्यहाँका मानिसहरूले भोग्नु परेको दुःख, कष्टलाई उतारिएको पाइन्छ। उपन्यासमा छोटा, छरिता वाक्यहरूको गठन गरी भाषालाई सरल, सहज रूपमा प्रस्तुत गरिएको छ। उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक आधारमा वर्गीकरण गरी त्यहाँको तत्कालीन जनजीवनको यर्थाथबोध गराइएको छ ।

बोहोरा (२०६९) द्वारा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरबाट 'मणिपुरको चिठी' शीर्षक भएको उपन्यासको शैलीवैज्ञानिक अध्ययन तयार पारिएको छ। यस अध्ययनका उद्देश्यहरू (क) 'मणिपुरको चिठी' उपन्यासको कथानकको विश्लेषण गर्नु, (ख) 'मणिपुरको चिठी' उपन्यासका पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नु, (ग) भाषिक चयन, विचलन र समानान्तरताका आधारमा 'मणिपुरको चिठी' उपन्यासको विश्लेषण गर्नु रहेको पाइन्छ। प्रस्तुत शोधपत्रलाई विश्वसनीय र वैध बनाउन अध्ययन विधिका रूपमा पुस्तकालयीय विधि र खोज विधिको प्रयोग गरिएको छ।

उक्त उपन्यासको कथानकमा आदि, मध्य र अन्त्यको तालमेल मिलेको, समाजमा रहेका विविध घटनालाई प्रस्तुत गर्नु, पात्र योजनामा बढी जोड दिनु, विषयवस्तुको वर्णनात्मकभन्दा

चारित्रिक विशेषताहरू मार्फत कथानक अगाडि बढाउनु, सरल, सहज तथा रोचक भाषाशैलीको प्रयोग गरिएको निष्कर्ष 'मणिपुरको चिठी' उपन्यासको अध्ययनमार्फत् पाइन्छ ।

रावल (२०७३) द्वारा नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुरअर्न्तगत 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । उक्त उपन्यासको उद्देश्यहरू (क) 'प्रेतकल्प' उपन्यासमा प्रयुक्त शब्द र वाक्य चयनको अध्ययन गर्नु, (ख) 'प्रेतकल्प' उपन्यासमा अग्रभूमि निर्माणको खोजी गर्नु, (ग) 'प्रेतकल्प' उपन्यासमा अग्रभूमि निर्माणको भाषिक सौन्दर्यात्मक भूमिकाको अध्ययन गर्नु रहेको पाइन्छ । यस अध्ययन विधिमा पुस्तकालय विधिको अवलम्बन गरिएको छ । वर्णनात्मक तथा विश्लेषणात्मक विधि तथा पद्धतिलाई उपयोगमा ल्याइएको छ । प्राथमिक स्रोतका रूपमा प्रेतकल्प उपन्यास र द्वितीय सामग्रीका रूपमा विभिन्न पाठ्यपुस्तक, पत्रपत्रिका जर्नल शोधपत्र आदिलाई उपयोगमा ल्याइएको छ ।

प्रस्तुत 'प्रेतकल्प' उपन्यास वि.सं. २०६५ सालमा प्रकाशित भएको यथार्थवादी पृष्ठभूमिमा लेखिएको सनमाजिक उपन्यास रहेको छ । राणाशासन कालीन नेपाली समाजको यथार्थ चित्रण गरिएको, निरङ्कुश राणाशासन नेपाली जनताका लागि प्राणघातक क्यान्सर रोग जस्तै घातक भएको अध्ययनगत निष्कर्ष निकाल्दै 'प्रेतकल्प' उपन्यासमा आन्तरिक र बाह्य समानान्तरताको प्रयोगले उपन्यास रोचक, आकर्षक जीवन्त र प्रभावकारी भएको निष्कर्ष निकालेका छन् ।

प्रस्तुत शोधकार्य पूर्व शैलीवैज्ञानिक अध्ययन विषय क्षेत्रमा रेग्मी (२०७२), पन्थी (२०६३), भुजेल ( २०७२), बोहरा (२०६९) र रावल (२०७३) ले शोधकार्य सम्पन्न गरेका छन् । यसमध्ये पहिलो शोधार्थीले 'विभाजित समयय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, दोस्रो शोधार्थीले 'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, तेस्रो शोधार्थीले 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, गरेका छन् । त्यसैगरी चौथो शोधार्थीले 'मणिपुरको चिठी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेका छन भने पाँचौं शोधार्थीले 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरेका छन । यसरी हेर्दा उल्लेखित शीर्षकमा अध्ययन कार्य सम्पन्न भए पनि केशवराज पिँडालीद्वारा लिखित 'बाँच्ने एउटा जिन्दगी' (२०६५) उपन्यासको शैलीवैज्ञानिक अध्ययन हालसम्म कसैबाट पनि अध्ययन भएको नदेखिएको हुनाले यो अध्ययन नयाँ रहेको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता र कार्यान्वयन

कुनै पनि विषय क्षेत्रमा गरिएको पूर्व अध्ययन अनुसन्धान एवम् विश्लेषणबाट आएका निष्कर्षले शोधार्थीहरूलाई आफ्नो शीर्षकका सम्बन्धमा थप ज्ञान प्राप्त गर्न सहयोग पुग्ने देखिन्छ । अनुसन्धानले अध्ययन गर्न खोजेको विषय शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धानको अध्ययनमार्फत

प्राप्त सुझावका आधारमा आफ्नो शोधकार्यलाई सहज रूपमा सम्पन्न गर्न ठूलो सहयोग पुग्ने देखिन्छ। प्रस्तुत शोधकार्य 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन भएकाले माथि उल्लेख गरिएको पूर्वकार्यको समीक्षालाई उपयोग गरिएको छ। यसरी त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत भए गरेका अध्ययनले उक्त अध्ययनलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सम्पन्न गराउन उपयुक्त मार्ग दर्शनको भूमिका हुने कुरा बुझिन्छ।

प्रस्तुत शीर्षकमा शैलीवैज्ञानिक अध्ययन गर्न मोहनराज शर्माको शैलीवैज्ञानिक प्रा.डा. पारसमणि भण्डारी, प्रा. डा. रामनाथ ओझा, डोलराज अर्यालको भाषिक अनुसन्धान विधि, विष्णुप्रसाद शर्माको पारसमणि भण्डारीको प्रायोगिक भाषाविज्ञान, माधवप्रसाद पौडेल र अन्यको प्रायोगिक भाषाविज्ञानको प्रमुख आयाम पाठयांश एवम् ऋषिराज रेग्मीको 'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, ममता भुजेलको 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, हरि बहादुर बोहराको 'मणिपुरको चिठी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन र कर्णबहादुर रावलको 'प्रेतकल्प' आदिको शैली विश्लेषण सम्बन्धी अप्रकाशित शोधपत्रको गहन रूपमा अध्ययन गरिएको छ। यसरी पूर्वकार्यको अध्ययनबाट निम्न लिखित कार्यमा सहयोग पुग्ने देखिन्छ :

क) अध्ययनको सैद्धान्तिक धारणा निर्माणमा सहयोग पुग्नु।

ख) समस्यालाई विशिष्टीकरण गर्न सहयोग पुग्नु।

ग) उद्देश्य निर्माण गर्न सहयोग पुग्नु।

घ) शीर्षकको पुनरावृत्ति हुनबाट जोगाउन सहयोग गर्ने।

ङ) विधि निर्धारणमा सहयोग एवम् तथ्याङ्क सङ्कलनका आवश्यक स्रोत पहिचान गर्ने जस्ता कार्यमा सहयोग पुग्ने भएकोले पूर्वकार्यको उपयोगिता स्पष्ट झल्किन्छ।

विभिन्न खण्डकाव्य, कथा, निबन्ध, गीतिनाटक तथा उपन्यास आदि विधाहरूको शैलीवैज्ञानिक अध्ययन अनुसन्धान भए तापनि औपन्यासिक कृतिमा भने अन्य क्षेत्रका तुलनामा कम मात्रामा अध्ययन भएको पाइन्छ। तसर्थ केशवराज पिँडालीद्वारा लिखित 'बाँच्ने एउटा जिन्दगी' (२०६५) उपन्यासको कोही कसैबाट शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण नगरिएकाले यो प्रथम, मौलिक तथा नितान्त नयाँ अध्ययन हुने भएकाले यस अध्ययनको उपयोगिता स्वतः सिद्ध देखिन्छ।


प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' (२०६५) उपन्यासको शैलीविश्लेषणबाट शैलीविज्ञान सम्बन्धी सैद्धान्तिक अवधारणा सम्बन्धी स्पष्ट हुनु शिक्षक, विद्यार्थी तथा अन्य पाठक वर्गलाई समेत उक्त

कृतिमा प्रयुक्त भाषिक विशिष्टताको पहिचान गर्न एवम् कृति लेखकहरूलाई कुनै पनि कृतिको विश्लेषणबाट निस्केको निष्कर्षलाई मध्यनजर गर्दै कृतिमा रहेका कमी कमजोरी सुधार गर्न साथै शुद्ध र मानक भाषाको प्रयोग गरी कृति सिर्जना गर्न कार्यान्वयन पक्ष र नीति निर्माणका तहमा महत्त्वपूर्ण आधार प्रस्तुत गर्न सक्छ । त्यसैगरी कुनै पनि साहित्यिक कृतिको शैली विश्लेषण गर्न चाहने समालोचक वर्गका लागि पनि निकै उपयोगी सावित हुनेछ ।

## २.३ सैद्धान्तिक संरचना

### २.३.१ कथानकको विकासक्रम

कथानक भन्नाले कुनै पनि कृतिको कथावस्तुको रूपमा आउने विषय हो । कथानक कृति विश्लेषणको महत्त्वपूर्ण आधार हो । कृतिकारले आफ्नो कृतिमा विभिन्न घटना उपघटनाहरूलाई क्रमिक रूपमा सिलसिलाबद्ध ढङ्गले मिलाएर राखेको पाइन्छ । कथानकमा नै स्रष्टाले आफ्नो विचार, बौद्धिकता, धारणा अभिव्यक्ति गरेको हुन्छ । कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । आङ्गिक दृष्टिले पूर्ण भएको कथानक मा आदि, मध्य र अन्त्यको अवस्था विकसित भएको हुन्छ (भण्डारी, २०६६:२३८) । 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिड अनुसार देखाउन सकिन्छ । फ्रेटागको पिरामिड अनुसार कथानकको विकासक्रमलाई पाँच चरणमा विभाजन गरेर अध्ययन गरिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।




(शर्मा, २०४८:१७१)

कथानकको स्रोत जुनसुकै भएपनि यसको विन्यास दुई किमिमले संयोजन गरिएको हुन्छ । जसमा रैखिक र वृत्तकारिय पर्दछन् । यहाँ रैखिक ढाँचामा प्रस्तुत भएका कथानकलाई आदि, मध्य र अन्त्यको ढाँचामा अध्ययन गर्न सकिन्छ । फ्रेटागको पिरामिडमा प्रस्तुत गरिएका कथानक विकासक्रमलाई तल प्रस्तुत गर्न सकिन्छ :

### २.३.१.१ चिनारी

कथानक विकासको प्रारम्भिक अवस्था नै चिनारी हो । यो कथानक विकासको पहिलो अवस्था हो । यस भागमा कृतिभित्रका मुख्य पात्रहरूको र कृतिभित्रको समस्या तथा परिवेशका साथै पात्रहरूका सङ्घर्षको जानकारी प्रस्तुत गरिएको हुन्छ (शर्मा, २०४८:१७२) ।

### २.३.१.२ सङ्घर्ष विकास

सङ्घर्ष विकास कथानक विकासको दोस्रो अवस्था हो । कुनै आकस्मिक परिस्थितिका कारण पात्रहरूका सामु नौलो समस्या उत्पन्न हुन्छ । पात्रहरूमा सङ्घर्ष हुन थाल्दछ । त्यसपछि कृतिभित्र प्रथम पटक सङ्कटावस्थाको विजारोपण हुन्छ (शर्मा, २०४८:१७२) ।

### २.३.१.३ चरण

चरण कथानक विकासको तेस्रो अवस्था हो । सुरूमा सङ्कटावस्थाको श्रृङ्खलाको कारण कथानकलाई उच्च बिन्दुमा पुऱ्याउने काम गर्दछ  र पछि गम्भीर अवस्था सिर्जना गरिदिन्छ । साथै प्राप्त सन्देशहरूबाट पाठकहरूको मनमा उथल पुथल गराई नयाँ सम्भावना तथा स्वरूप लिने भएकाले यो अवस्थालाई सबैभन्दा महत्त्वपूर्ण र गम्भीर अवस्था मानिन्छ (शर्मा, २०४८:१७२) ।

### २.३.३.१.४ सङ्घर्षह्रास

यो कथानक विकासको चौथो अवस्था हो । कथानक चरमोत्कर्ष रूपबाट बिस्तारै ह्रासोन्मुख बाटोतिर लाग्नु नै ह्रास हो । यस अवस्थामा द्वन्द्व र सङ्घर्ष कम भएर घटनाहरू फल प्राप्तितिर उन्मुख हुन्छन् । यस अवस्थामा चर्को सङ्घर्ष शिथिल भई कुनै कार्य निर्माणका निम्ति सङ्घर्ष कार्य समाप्त हुन पुग्छ (शर्मा, २०४८:१७३) ।

### २.३.३.१.५ उपसंहार

यो कथानक विकासको अन्तिम अवस्था हो । यस अवस्थामा व्यस्त पात्रहरूको सङ्घर्षशील अवस्था बाँकी रहेको हुँदैन । पात्रहरूले आफ्नो सङ्घर्ष अनुसारको फल प्राप्त गर्दछ र समस्याको समाधान हुन्छ ।

### २.३.२ पात्र/चरित्रको वर्गीकरण एवम् विश्लेषणका आधार

चरित्रका आधारहरू विभिन्न हुने गरेको भए तापनि मोहनराज शर्माले शैली विज्ञानमा काव्यात्मक कृतिमा पात्रहरू शैली विज्ञानमा काव्यात्मक कृतिमा पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्ने क्रममा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र

आबद्धताका आधारहरू अघि सारेका छन् (शर्मा, २०४८:१७४) । यिनै आधारहरूलाई आधार मानी तल संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

### २.३.२.१ लिङ्गका आधारमा

लिङ्ग भन्नाले चरित्रको शारीरिक जात छुट्याउने आधार हो । लिङ्गका आधारमा पनि पात्रहरूको मानसिक स्वभावमा भिन्नता देखिने गर्दछ । लिङ्गका आधारमा पात्रहरू दुई किसिमका हुन्छन् (शर्मा, २०४८: १७४) । अन्य आधारका सहायताबाट नायक, नायिका, खलनायक, खलनायिका, सहानायक, सहनायिका आदिका आधारमा पनि छुट्याउन सकिन्छ ।

### २.३.२.२ कार्यका आधारमा

उपन्यासमा प्रयोग गरिएका पात्रहरूको भूमिका बेग्लाबेग्लै हुने भएकाले यसलाई मुख्य, गौण र सहायक गरी विभाजन गर्न सकिन्छ । कथावस्तुको सुरूदेखि अन्त्यसम्म प्रमुख भूमिका निर्वाह गर्ने पात्रलाई मुख्य पात्रका रूपमा लिइन्छ भने त्यसभन्दा घटि कार्य गर्ने पात्रलाई सहायक पात्रका रूपमा लिइन्छ । त्यसैगरी सहायक पात्रभन्दा पनि कम भूमिका हुने एवम् बीचबीचमा देखापर्ने हराउने पात्रलाई गौण पात्रका रूपमा चिनिन्छ (शर्मा, २०४८: १७४) ।

### २.३.२.३ प्रवृत्तिका आधारमा

प्रवृत्तिका आधारमा पात्रहरूलाई अनुकुल र प्रतिकुल गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ । अनुकुल पात्रहरूलाई नायक/नायिका र प्रतिकुल पात्रहरूलाई खलनायक/खलनायिका पनि भनिन्छ । अनुकुल पात्रहरू उपन्यासको भूमिका, विचार, भाव, कार्य सबैमा सकारात्मक देखिन्छन् भने प्रतिकुल पात्रहरू सबै पक्षमा नकारात्मक देखिन्छन् (शर्मा, २०४८:१७४) ।

### २.३.२.४ स्वभावका आधारमा

आख्यानात्मक कृतिका पात्रहरूमा कोही बदलिदो स्थितिअनुसार कोही नबदलिने स्वभावका भने कोही चाहिँ बदलिँदो स्थितिमा पनि नबदलिने स्वभावका हुन्छन् । स्थितिअनुसार बदलिने पात्र गतिशील हुन्छन् भने स्वभाव, सिद्धान्त र जीवनलाई परिस्थिति अनुसार परिवर्तन ल्याउने पात्रलाई गतिहीन पात्र भनिन्छ ।

### २.३.२.५ जीवनचेतनाका आधारमा

जीवनचेतनाका आधारमा पात्रहरू व्यक्तिगत र वर्गीय गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ (शर्मा, २०४८:१७४) । वर्गीय पात्रले कृतिमा कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्दछ भने व्यक्तिगत पात्रले यस तरहको प्रतिनिधित्व नगरेर आफ्नै मात्र प्रतिनिधित्व गर्छ ।

### २.३.२.६ आसन्नताका आधारमा


आख्यानात्मक कृतिमा आसन्नताका आधारमा पात्रहरू नेपथ्य पात्र र मञ्चीय पात्र गरी दुई प्रकारका हुन्छन् (शर्मा, २०४८: १७५)। कृतिमा प्रत्यक्ष रूपमा भूमिका निर्वाह गर्ने पात्र मञ्चीय पात्र हो भने कृतिमा अप्रत्यक्ष भूमिका निर्वाह गर्ने पात्रलाई नेपथ्य पात्रका रूपमा लिइन्छ।

### २.३.२.६ आबद्धताका आधारमा

आबद्धताका आधारमा पात्रहरूलाई बद्ध र मुक्त गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ। कथानकसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएर आएका पात्रहरू बद्ध पात्र हुन भने कथानकसँग प्रत्यक्ष सम्वन्ध नराख्ने पात्रहरू मुक्त पात्र हुन् (शर्मा, २०४८: १७५)।

### २.३.३ कृति विश्लेषणका शैलीवैज्ञानिक आधार/प्रक्रिया

कुनै पनि साहित्यिक कृतिको आधारभूत सामग्री भाषा हो भने त्यसै भाषाका रूप सौन्दर्यात्मक पक्षको अध्ययन के, कसरी गरिन्छ भन्ने सन्दर्भशैली विश्लेषण प्रक्रिया कला सामग्रीको तह, कला माध्यमको तह र कला प्रतीकको तह गरी तिन तहमा रही गरिन्छ। शैली विश्लेषणका आधार/प्रक्रियालाई निम्नानुसारका रेखाचित्रमा प्रस्तुत गरी देखाउन सकिन्छ :




### २.३.३.१ साहित्यिक संरचना

प्रत्येक साहित्यिक कृतिको मौलिक वा निजी संरचना हुन्छ। संरचना भनेको कुनै वस्तुमा पाइने साना वा लघु घटकहरूको अन्वितिपूर्ण योग हो। साहित्यिक कृतिको संरचना विभिन्न लघु

घटकको संयोजनबाट निर्माण हुने भएकाले यसलाई बृहत घटक भनिन्छ (पौडेल, २०६९:४७)। साहित्यिक संरचनाका घटकहरू दुई किसिमका छन्, जसलाई तल प्रस्तुत गरिएको छ :

**क) बनोट**

कृतिमा पाइने साना घटकहरूको कुल योग नै बनोट हो । यसभित्र विभिन्न घटकहरू रहने गर्दछन् । जस्तैः अङ्क, दृश्य, भाग, संवाद, परिच्छेद, प्रसङ्ग घटनाखण्ड आदि पर्दछन् । शैलीविज्ञानले यिनै साना घटकहरूको वर्णन-विश्लेषण गरेर कृतिको अमूर्त बनोटलाई मूर्त पार्ने काम गर्दछ (शर्मा, २०४८:९६) ।

**ख) बुनोट**

साहित्यिक कृतिभित्र आएका बनोट अङ्गहरूलाई बुन्ने कामलाई बुनोट भनिन्छ (शर्मा, २०७०:९६) । कृतिमा प्राप्त हुने शृङ्गार योजना, छन्द-विधान, प्रतीक-व्यवस्था, विम्ब-विधान, चरित्र-कथन, घटक-संयोजन आदिको वर्णन विश्लेषण गरेर शैलीविज्ञानले बुनोटको विवेचना गर्छ ।

**२.३.३.२ भाषिक संरचना**

साहित्यिक कृतिको माध्यम र आधार भाषिक संरचना हो, यसअन्तर्गत तिनओटा संरचना पर्दछन् । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

**क) ध्वनि वा वर्ण व्यवस्था**

खण्डीय र खण्डेत्तर वर्ण वा ध्वनि उच्चारणका कुराहरूको अध्ययन ध्वनि पहिचान र वर्ण विज्ञानका सहायताले कृतिगत वर्ण व्यवस्थाको बयान र विश्लेषण गरिन्छ (पौडेल, २०६९: ४६) ।

**ख) शब्दभण्डार व्यवस्था**

कृतिमा रहेका जम्मा शब्द सङ्ख्या, शब्दहरूको स्रोत र प्रकार, कार्य र तिनका सम्बन्धहरूको यसअन्तर्गत पर्दछन् । यसमा रूप विज्ञान र अर्थ विज्ञानको सहायताले कृतिगत शब्द भण्डार व्यवस्थाको बयान विश्लेषण गरिन्छ ।

**ग) व्याकरण व्यवस्था**

कृतिहरूको व्याकरणिय व्यवस्थालाई यसमा हेर्ने गरिन्छ । रूपायन र व्युत्पादन प्रक्रिया, पदसङ्गति, पदावलीको निर्माण, उपवाक्य र वाक्य, व्याकरणात्मक कोटिहरू, रूपानन्तरण प्रक्रिया तथा तिनीहरूको कार्यको समीक्षा र मूल्याङ्कन व्याकरण व्यवस्थाभित्र गरिन्छ । यसलाई रूपविज्ञान र वाक्य विज्ञानको सहयोग लिइन्छ ।

### २.३.३.३ शैली

शैली भन्नाले रीति, ढङ्ग, ढाँचा भन्ने बुभिन्छ । शैली मनमा उद्वेलित भावनाहरूलाई प्रस्तुत गर्ने तरिका हो । शैलीले कृतिभित्रका भाषिक तहहरूलाई जोड्ने काम गरेको हुन्छ । यसलाई साहित्यिक र भाषिक संरचनाको हेतुका रूपमा लिइन्छ । साथै कृतिमा बाह्य र आन्तरिक तथा मूर्त अमूर्त पाटाहरूको अध्ययन विश्लेषण गर्ने काम शैलीवैज्ञानिक अध्ययन हो । शैलीअन्तर्गत विभिन्न उपकरणहरू रहेका हुन्छन् । यस्ता उपकरणहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**क) विकल्पन र चयन**

विकल्पको अर्थ यो वा अन्य भन्ने हुन्छ भने चयनको अर्थ बनोट हो । भाषाका विभिन्न स्तरहरू वर्ण, रूप, शब्द, पदावली, वाक्य, शैली तथा अर्थगत व्यापकताबाट आवश्यकता अनुसार खास खास एकाइको छनोट गर्नु नै चयन हो । चयनमा एउटाको कार्यका लागि अर्काले पनि काम चलाउने स्थिति हुनु आवश्यक छ । चयनको मूल उद्देश्य भनेको कृतिभित्र नवीनता सिर्जना गर्नु हो । विभिन्न विकल्पहरूमध्ये उपयुक्त विकल्पको छनोटलाई चयन गरिन्छ (भण्डारी, र अन्य, २०६८:३६) ।

उदाहरणका लागि 'सूर्य' शब्दलाई जनाउन रवि, दिवाकर, भानु, भाष्कर आदि विकल्पहरूमध्ये कृतिकारले कुनै एकको छनोट गर्नु नै चयन हो । चयनभित्र पनि शब्द चयन, वाक्य चयन, उखान, टुक्का, चिह्न, अलङ्कार रहेका हुन्छन् । विकल्पन र चयनको मुख्य उद्देश्य कृतिभित्र नवीनता तथा सौन्दर्य सिर्जना गर्नु हो ।

**ख) अग्रभूमि निर्माण**

रचनाको कुनै पनि अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमि निर्माण हो (शर्मा, २०४८:१०) । अग्रभूमिको प्रस्तुति पश्चभूमि वा मध्यभूभिन्दा बढी मुखर, सुस्पष्ट र ध्यानाकर्षण हुन्छ । परम्परित भाषिक प्रयोग सहज र रूढ हुने हुँदा त्यसमा सौन्दर्यको कमी रहन्छ, त्यसैले साहित्यमा परम्परागत भाषामा नवीनता र विशेषता सिर्जना गरेर साहित्यको सौन्दर्य निर्माण गरिन्छ । वास्तवमा अग्रभूमि निर्माणले पाठक वा स्रोतमा आकर्षण उत्पन्न गर्दछ ।

कला वा चित्रकारिताका क्षेत्रमा प्रचलित अग्रभूमि निर्माणको प्रथम प्रयोग गर्ने व्यक्ति प्राग सम्प्रदायका भाषाविद् मुकारोब्स्कीले सन् १९३० मा गरेका हुन् । उनका अनुसार यसले भाषा प्रयोगमा अस्वचालन, अपरिचयीकरण गराई सौन्दर्य र नवीनता सिर्जना गर्दछ । कृतिकारले आफ्ना कृतिको अग्रभुमिको निर्माण निम्नलिखित दुई तरिकाबाट गर्दछन् :

**क) समानान्तरता**

भाषा प्रयोगको नियमित पुनरावृतिलाई समानान्तरता भनिन्छ (शर्मा, २०४८:१०)। विचलनको विपरीत धर्मका रूपमा देखापर्ने उपकरण नै समानान्तरता हो। विचलन अनियमितता हो भने समानान्तरता चाहिँ आन्तरिक नियमितता हो। समानान्तरताको प्रयोग भाषाका विभिन्न छन्द, अलङ्कार, अक्षर, रूप, शब्द, पदावली, उपवाक्य, वाक्य तथा सङ्कथनमा हुने गर्दछ। भाषिक एकाईका तहमा हुने यस प्रकारको समानान्तरताले साहित्यिक अभिव्यक्तिमा विशिष्टता झल्काउँछ। समानान्तरता निम्नलिखित दुई किसिमका हुन्छन् :

**अ) बाह्य समानान्तरता**

भाषिक तत्त्वहरूको पुनरावृतिबाट सिर्जित हुने समानान्तरता बाह्य समानान्तरता हो। बाह्य समानान्तरता भाषाका वर्ण, रूप, शब्द, पदावली, वाक्य तथा लयात्मक स्वरूपको पुनरावृत्तिका रूपमा देखा पर्छ। जस्तैः (क) चुत्थो चोरले चार पैसा चोर्छ। यस वाक्यमा ‘च’ वर्णको पुनरावृत्त भएको छ।

(ख) कस्ले बिगार्छ विशेष फलामलाई ?

कस्ले बिगार्छ विशेष फलामलाई ?

यसमा वाक्यगत आवृत्ति भएको छ।

**आ) आन्तरिक समानान्तरता**

भावार्थ वा वाच्यार्थका बिचमा आन्तरिक रूपले रहने अर्थगत सादृश्यता, नियमितता वा समानान्तरतालाई आन्तरिक समानान्तरता भनिन्छ (पौडेल, २०६९:५३)। भावार्थ र वाच्यार्थको आवृत्तिबाट साहित्यिक संरचनामा आन्तरिक संरचनाको सिर्जना हुन्छ। यस प्रकारको समानान्तरता कृतिको अर्थतात्विक तहमा अभिव्यक्त हुन्छ। जस्तैः जुनले मन तान्छ, त्यसैलाई हेरिरहुँ जस्तो लाग्छ। यसमा मन तान्नु र हेरिरहुँ जस्तो लाग्नुमा भावार्थको पुनरावृत्त भएको छ।

**ख) विचलन/विपथन**

भाषामा प्रयुक्त हुने भाषिक नियमको अतिक्रमण वा उलङ्घन हुनुलाई विचलन भनिन्छ। मानक भाषाको प्रयोगबाट विचलित हुनुलाई विचलन भन्न सकिन्छ। यो निरूद्देश्य र निरर्थक नभई सोद्देश्य र सार्थक हुनु जरूरी मानिन्छ (पौडेल, २०६९: ५०)।

चलन चल्तीमा भएको कुराबाट घट्नु नै विचलन हो। परम्परागत प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने भएकोले यसलाई विचलन भनिन्छ (शर्मा, २०४८:११)। विचलन विभिन्न प्रकारका हुन सक्ने भए पनि खासमा निम्नलिखित सात प्रकारभित्र कैद गर्न सकिन्छ :

**क) कोशीय विचलन**

सामान्य भाषिक प्रयोगमा नआएका र शब्दकोशमा समावेश नभएका नयाँ शब्दहरूको निर्माण गरी प्रयोग गर्नुलाई कोशीय विचलन भनिन्छ, जस्तै : गोब्रिलो, मान्द्रिलो, गुन्द्रिलो, फूलारो, बनेली आदि ।

**ख) व्याकरणिक विचलन**

लिङग, वचन, पुरुष, काल, पदक्रम आदिमा विचलन देखिनु व्याकरणिक विचलन हो। जस्तैः- बहिनी आउँछे कि भनेर उनी पर्खिरहदो हो। (वचन विचलन)

- आयो दशैं घरघरै (पदक्रम विचलन) मनै त्यहाँ गएको हो। (पुरुष विचलन)

**ग) ध्वनि वा वर्ण विचलन**

खास एकाइको उच्चारणमा पहिचान गर्न सकिने अन्तर वर्णगत विचलन हो।

जस्तैः- माथि डाँडामा घाम डुब्यो।

**घ) लेख्य प्रक्रियागत विचलन**

शब्द लेखाइका सन्दर्भमा देखिने विचलन लेख्य प्रक्रियागत विचलन हो। शब्द लेखाइका सन्दर्भमा देखिने विचलनलाई यसअन्तर्गत राखिन्छ।

जस्तै :- तल - त ल        माथि - मा थि

**ङ) अर्थगत विचलन**

अर्थमा विचलन देखिनुलाई नै अर्थगत विचलन भनिन्छ।

जस्तैः- आज त हिमाल मुसुक्क हाँस्यो।

**च) विचलन**

विभिन्न भाषिकाको प्रयोगबाट देखिने विचलन भाषिक विचलन हो।

| भाषिका | भाषा |
| --- | --- |
| अर्नी | खाजा |
| बल्ल | गोरू |
| ओलन | दूध |

**छ) प्रयुक्तिगत विचलन**

एउटा परिस्थिति वा प्रसङ्ग अनुरूप भाषाको अर्को परिस्थिति वा प्रसङ्ग प्रयोग गर्नु नै प्रयुक्तिगत विचलन हो ।

जस्तैः

- लामखुट्टेहरू गाउँछन् यी उपियाँ नाच्छन् म हेर्छु बसी ।
- जङ्गलबासी भयङकर डाकाहरू शीत ऋतुमा किराहरूको संहार गर्दछन् ।

**ग) विविधता**

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखा पर्छन् र यिनै भेदहरूलाई विविधता भनिन्छ (शर्मा, २०४८:११) । स्रष्टाले सिर्जना गरेका कृतिहरूमा जतिसक्दो प्रभावकारी र आकर्षक बनाउन भाषा तथा अन्य विविध खालका उपकरणको प्रयोग गरेका हुन्छन् ।

माथि उल्लेख गरिएका सैद्धान्तिक आधारहरूमध्ये फ्रेटागको पिरामिड अनुसार कथानकको विश्लेषण गरिनेछ भने लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको कथानकमा प्रयुक्त पात्रहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । त्यसैगरी चयन, विचलन र समानान्तरताका आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ ।

## अध्याय तीन : अध्ययनको प्रक्रिया र विधि

### ३.१ अध्ययनको संरचना

'बाँच्ने एउटा जिन्दगी' उपन्यासको शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिन्छ। उक्त उपन्यासको विश्लेषण गर्दा प्रमुख विधिका रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ, भने आवश्यक मात्रामा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको समेत प्रयोग गरिएको छ। यो गुणात्मक प्रकृतिको अध्ययन हो । त्यसैगरी पुस्तकालयमा उपलब्ध भएका शैली विश्लेषण सम्बन्धी विभिन्न साहित्यकारका लेख, रचना, समालोचनात्मक काव्यकृति, पत्रपत्रिका एवम् सम्बन्धित शीर्षकसँग मिल्दोजुल्दो शोधपत्रहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ। उपन्यासभित्रका कथावस्तुलाई फ्रेटागको पिरामिडका आधारमा वर्गीकरण गरी देखाइएको छ। पात्र चरित्रको आधारमा उक्त उपन्यासको भाषिक विश्लेषण गरिएको छ।

### ३.२ जनसङ्ख्या र नमुना

प्रस्तुत अध्ययन कार्य केशवराज पिँडालीद्वारा लिखित साझा प्रकाशनद्वारा प्रकाशित 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा केन्द्रित रहेको छ। उपन्यासमा प्रस्तुत भएका पात्र चरित्रहरूलाई नै जनसङ्ख्याको रूपमा लिइएको छ। नमुना छनोटका सन्दर्भमा पनि 'बाँच्ने एउटा जिन्दगी' नामक सिङ्गो उपन्यासलाई नै नमुनाको रूपमा लिइएको छ। उपन्यासमा मञ्चीय भूमिकामा रहेका मानव पात्रहरू नै नमुनाका रूपमा छनोट गरिएको छ।

### ३.३ तथ्याङ्क सङ्कलनका साधन

अनुसन्धान कार्यलाई मर्यादित, विश्वसनीय वैध, वस्तुनिष्ठ, प्रमाणित बनाउनका लागि तथ्याङ्क सङ्कलनको विशेष महत्त्व रहेको छ। तथ्याङ्क सङ्कलन गर्दा निम्न दुई स्रोतलाई आधार मानिएको छ :

#### क) प्राथमिक स्रोत

अध्ययन अनुसन्धानका कार्यमा प्राथमिक स्रोतका रूपमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासलाई लिइएको छ। त्यसैगरी आवश्यक मात्रामा सम्बन्धित कृतिका लेखक तथा समालोचकको समेत सल्लाह सुझावलाई आत्मसात् गरिएको छ।

#### ख) द्वितीयक स्रोत

यस अनुसनधानमा द्वितीयक स्रोतका रूपमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको शैलीवैज्ञानिक विश्लेषणसँग सम्बन्धित विभिन्न साहित्यकार एवम् समालोचकका लेख रचना र

समालोचनात्मक ग्रन्थहरू, पत्रपत्रिकाहरू शैलीविश्लेषण सँग सम्बन्धित काव्यकृतिहरूलाई आधार मानिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलन पकिया

प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन एवम् विश्लेषण गर्ने क्रममा प्रमुख विधिका रूपमा पुस्तकालयीय एवम् वर्णनात्मक विधिका साथै आवश्यकता बमोजिम अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

विभिन्न विधि एवम् प्रक्रियाबाट तथ्याङ्क अर्थात् सूचना सङ्कलन गरिसकेपछि प्राप्त तथ्याङ्कलाई निश्चित विधि एवम् प्रक्रिया मापदण्डमा आधारित भएर व्याख्या एवम् विश्लेषण गर्नुपर्दछ ।

यस अध्ययनमा पुस्तकालयीय विधिलाई प्रमुख आधार बनाइएको छ । त्यस्तै सिद्धान्तलाई समेत प्रमुख आधार बनाई त्यसको अध्ययन विश्लेषण गरी त्यसैका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । कथानक, पात्र चरित्रको विश्लेषण एवम् चयन, विचलन र समानान्तरतालाई आधार बनाएर संरचना शैली र व्याकरण पक्षलाई विश्लेषण गरिएको छ । आवश्यकता अनुसार सम्वन्धित विषयका विज्ञहरूसँग समेत सल्लाह सुझाव लिएर संरचनात्मक शैली विज्ञानको विश्लेषणात्मक पद्धतिलाई आत्मसात गरेर तथ्याङ्कको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## अध्याय चार : नतिजा/परिणाम

### ४.१ उपन्यासको कथावस्तुको विश्लेषण

### ४.१.१ कथानक

केशवराज पिँडालीद्वारा लिखित 'बाँच्ने एउटा जिन्दगी' (२०६५) उपन्यासको बाह्य संरचनालाई हेर्दा मझौला आकारमा संरचित भएको देखिन्छ। चौध अङ्कमा विभाजित गरिएको यो उपन्यास ७३ पृष्ठमा संरचित छ। लेखकका भनाइ अनुसार यस उपन्यासका घटना तथा पात्रहरू काल्पनिक रहेका छन्। यस उपन्यासमा 'ज्ञानप्रताप' भन्ने पात्रको जीवनमा घटेका घटना एवम् अमर्यादित पारिवारिक जीवनको आधारहीनता र निस्सारताहरू प्रस्तुत गरी दुःखदायी एवम् स्वार्थको विकृतिपूर्ण चित्रको परिप्रेक्ष्यमा बाँच्न चाहने स्वतन्त्र जिन्दगीको आकाङ्क्षा नै जीउनुको सार हो भन्ने पक्षको प्रतिविम्ब उतारिएको छ।

उपन्यासको कथावस्तु अनुसार अङ्क एकमा ज्ञानु नाम गरेको पात्र जसको नाम ज्ञान प्रताप शाह हुन्छ। ज्ञानु पश्चिम एक नम्बर धादिङका खरीमैदीका ठकुरी खानदानको एक युवक हो। उसको घर काठमाडौँ क्षेत्रपाटीको धोवी चउरमा छ। छिमेकी भएका कारणबाट र उमेर मिलेका कारणबाट 'म' पात्र र ज्ञानु विद्यालय तहदेखि लिएर विश्वविद्यालयसम्म सँगसँगै अध्ययनरत भित्र हुन्छन्। त्यतिकैमा विश्वविद्यालय स्तरको पढाइका लागि कलकत्ता गएका हुन्छन्। १९९० सालमा विनासकारी भूकम्प गएर ठूलो क्षति पुग्छ। त्यस क्षतिमा ज्ञानुको बुबा, मुमा र बहिनी पनि पर्छन्। यस प्रकारको क्षतिमा 'म' पात्र भने केही हुँदैन। अब एक्लो अर्थात् टुहुरो बनेको ज्ञानुलाई उसका मामा अष्टध्वज खड्काले श्री ३ महाराजकहाँ लगि जागिरको बन्दोबस्तो मिलाइदिन्छन्। ज्ञानुको इमान्दारिता देखेर श्री ३ महाराजले घरकाजको खुबाङ्गीमा जागिरका लागि नियुक्ति गर्छन्।

अङ्क दुईमा नेपाली समाजको एक मध्यवित्त परिवारमा जन्मिई त्यसै वातावरणमा हुर्के बढेको ज्ञानुलाई सौमित्र महलको दरबारिया चालचलन विधि व्यवहार तथा रीतिस्थितमा ढालिन ज्यादै गाह्रो पर्न थाल्छ तर परिस्थितिअनुसार जस्तोसुकै कठिन अवस्था पनि पार गर्नुपर्ने भएकाले ज्ञानुले हार नखाई अगाडि बढिरहन्छ। ज्ञानु दश दिनका लागि सौमित्रमहलमा सामान लिनका लागि जान्छ। उसले विभिन्न जातका मदिराहरू, कपडाहरू, सुनका गहनाहरू लिएर फर्कदा उसको मालिकले स्याबासी दिन्छन्। जागिर खाएको थोरै नै समयमा पनि उसले जनरलसाहेबका घरमा छोरी र श्रीमती लिएर आएकाले जनरलसाहेकले ज्ञानुलाई विवाहको प्रस्ताव राख्छन्। ज्ञानुलाई पनि कर्णेलकी छोरी यशोधरा मन पर्छ र यशोधरालाई पनि ज्ञानु मन परेकाले दुवैले बिहेको प्रस्ताव स्वीकार गरी लरेन्सजङ्ग दम्पत्ति अर्थात् यशोधराका बुबा, आमाले हुनेवाला छोरी

ज्वाईंलाई टीका, दक्षिणा र असर्फी विवाह हुनुभन्दा अगाडि ज्ञानुले ठमेल सात घुम्तीमा चार रोपनी बारी र घर किनी यशोधरालाई त्यसै घरमा भित्र्याउँछ ।

अङ्क तीनमा राणाशासकहरूले आफ्ना उमेर पुगेका भाइ भतिजा तथा छोराहरूलाई साथमा राख्न हुँदैन भन्ने परम्परा अनुसार सौमित्र शमशेरले आफ्नी ररानी वसुधा राज्यलक्ष्मी र प्रद्युम्न शमशेरलाई महाराजगञ्जमा दरबार बनाई अलग राख्छन् । उनीहरूलाई प्रत्येक शनिबार भेट्न आउने बन्दोबस्त मिलाएको हुन्छ । सधैंका शनिबार झैं त्यसदिन शनिबार बैतडीका जयचन्द्र बहादुर र उनकी छोरी डोला आएका हुन्छन् । डोलालाई सौमित्रशमशेरको रक्षाका लागि दरबारमै राख्ने निर्णय हुन्छ । समय बित्दै गएपछि सौमित्रशमशेरलाई डोलाप्रतिको आकर्षण बढ्दै गएकाले दियोकलश पुजेर कान्छी रानी बनाई भित्र्याउँछन् । डोलाको विवाह भएको छ महिना नबित्दै उसको कोखबाट सौमित्रशमशेरले नवजात शिशुको नाम चैतन्य शमशेर राख्दछन् । राणाशासकहरूमा कतिपय प्रधानमन्त्रीहरूले आफ्ना दरबारका केही सुसारेहरूबाट सन्तानोत्पत्ति गराई तिनका जन्मेका सन्तानलाई वैधता दिएर कतिपय केटी सुसारेहरूलाई रानीसाहेबको दर्जा दिएका कुरालाई समेत यस भागमा देखाउन खोजिएको छ ।

आफ्नो कर्तव्य जस्तोसुकै काम गरेर भए पनि पूरा गर्नुपर्ने भएकाले ज्ञानुले बेलुका बेलुका जनरलसाहेबलाई समाचार सुनाउने गर्छ । उनी ज्ञानुसँग बराबर विश्व राजनीतिलाई लिएर विचार विमर्श गर्ने र सुसारेहरूबाट गीत सङ्गीत सुनेर रमाइलो गर्छन् । यहाँ आर्थिक विपन्नता भएका मानिसहरूले सम्पन्न व्यक्तित्वहरूले भनेका जस्तासुकै काम पनि मान्नुपर्ने बाध्यताले गर्दा दरवारीले मदिरा सेवन गरेका निहुँमा कामबाट निस्किनुपर्ने दुःखद स्थिति आउँदा दरबारीको अनेकथरी क्रन्दन सुनेपछि ज्ञानुले मानवताको भाव देखाएर मालिकलाई एकचोटि माफी दिन आग्रह गर्दछ । तर वैभवको शिखरमा पुगेका व्यक्ति प्रायः घमण्डी हुने कुरा यहाँ झल्किएको देख्न सकिन्छ आखिरमा दरबारीले माफी नपाएर दुई हजार पैसा लिएर कामबाट निस्किनुपर्छ । समयको परिवर्तसँगै ज्ञानु मालताल खरिदका लागि कलकत्ता गएका बेला दरवारीसँग भेट हुन्छ । दरवारीले अनेक थरी दुःखका कुरा सुनाउँदा ज्ञानुलाई पनि नरमाइलो लाग्छ । तर दरबारीले दुःखलाई पर धकेलेर कहिल्यै सङ्घर्ष गर्न पछि नपरी महिलाहरूलाई सितार सिकाउने स्कुल खोलेर बसेको कुरा सुन्दा सङ्घर्षले नै मानिसलाई बाँच्न सिकाउँछ भन्ने कुरा यस अङ्कमा देखाइएको छ ।

ज्ञानुले जनरलसाहेबकहाँ नोकरी गर्न थालेको ६ वर्ष पूरा भइसकेको हुन्छ । त्यसदिन उसको कान्छो छोरो शशीप्रताप शाहको पास्नीको तयारी भइरहेका बेला अकस्मात् बिगुल बज्न थाल्छ । यसरी लगातार विगुल बज्नुले नराम्रो सङ्केत दिने भएकाले ज्ञानुका मनमा चिसो पस्छ अनि तत्कालै सौमित्र महल पुग्दा अकस्मात्को व्यथाबाट श्री ३ महाराजको देहावसान भएको थाहा

पाउँछ। मालिकको यस दुःखद निधनले ज्ञानुलाई धेरै चिन्ता पर्छ। अब सबै नोकरचाकर पाल्न नसक्ने स्थिति आएपछि सबै नोकरचकर निकालिन्छन् तर ज्ञानुको तलबमा भने वृद्धि हुन्छ। डोलामैयाको गर्भाधान, उनीसँगको विवाह, चैतन्यको जन्म, श्री ३ महाराजको निधन जस्ता घटनाले जनरलसाहेबलाई नराम्रो प्रभाव पर्दछ। बिस्तार बिस्तार उसको बुढ्यौलीपन सुरु भएकोले नारीप्रति घृणाको भाव देखाउन थाल्छन् अनि दिनहुँ बेलुका मदिरा सेवन गर्ने गर्दछन्। यत्तिकैमा ज्ञानु पनि मालिकसँगै रहने र उसको चाकर गर्ने हुनाले बेलुका ऊ पनि मदिरा सेवन गरी घर पुग्छ अनि उसकी स्वास्नी यशोधराले निकै गाली गर्छे। ज्ञानुले केहीबेर चुप लागेर अब मालिकका मृत्यु भएपछि पहिले जस्तो सुख सुविधा नपाइने कुरा जनाउँछ तर आफ्ना तीन छोराहरूकै आडमा बाँच्ने आशा प्रकट यस भागमा गरिएको छ।

ज्ञानुले विश्व समाचार सुनाइसकेपछि जनरलसाहेब नेपालको राजनैतिक अवस्थाबारे चर्चा गर्न थाल्छन्। आफू राणा भएका कारण प्रजातन्त्र ल्याउनका निम्ति राणाहरूलाई तर्साउने काम नभएर समेट्ने काम गर्नुपर्दछ भनी ज्ञानुसँग भन्दछन्। दरबारभित्र राजपरिवारभित्रकै सदस्यहरूका बीचको सत्ता सङ्घर्ष चल्नु, पाण्डे तथा थापाहरूले पक्ष विपक्षमा लागेर स्थिति चर्काउनु, भीमसेन थापाजस्ता राष्ट्रसेवीको दुःखद अन्त्य हुनुजस्ता २००७ साल अघिका राजनैतिक घटनालाई पनि यस उपन्यासमा देखाइएको छ। जनरलसाहेब आफ्ना सबै आफन्तहरूलाई सहयोग गर्ने राष्ट्रप्रेमी भाव उसबाट यहाँ झल्किएको छ तर उसले सरसहयोग गरेका मानिसहरू टाढिएपछि मिसिएर बगेको भनी व्यङ्ग्य गर्दछन् तर ज्ञानुले मालिकमा आएको यस्तो क्रोधको अन्त्य गर्न आफ्ना परिवारप्रति स्नेह देखाउनुपर्ने कुरा गर्छ। धेरैजसो समय आफ्नो नोकरीमै बिताउन बाध्य ज्ञानुलाई उसकी पत्नी यशोधरा शङ्काको भाव देखाउन थाल्दछे। यसबाट पारीवारिक सम्बन्धमा केही हलचल हुनेजस्ता कुरा यस अङ्कमा प्रस्तुत गरिएको छ।

ज्ञानुका तिनैजना छोराहरू ठूला भइसकेकाले छोराहरूलाई जागिर लगाउने सपना बोकेर जनरलसाहेबले जागिर दिलाइदिनुपर्ने कुरा व्यक्त गर्दछ। जनरलसाहेबले पनि प्रजातन्त्र आएको पढ्ने मान्छेले जागिर पाउँछन् भनेर उसले जागिर लगाइदिने कोसिस गर्छु भनेको सुनेर ज्ञानु एकदमै खुशी हुन्छ। आफ्ना सन्तान तथा आफ्नो कर्तव्यप्रति सँधै अग्रसर ज्ञानुका छोरा नीरले केही समयपछि त्यही दरबारमै जागिर पाउँछ। माइलो छोरो रविलाई उसकै साथी रचनाले डाक्टर पढ्न अमेरिका लैजाने कुरामा ज्ञानुलाई कताकता नरमाइलो लाग्छ। त्यसै कान्छो छोरो शशी पनि छात्रवृत्ति अन्तर्गत होटल म्यानेजमेन्ट पढ्न अमेरिका नै जान्छ। दुई भाइले छाडेपनि जेठो छोरो नीरकै आडमा बाँच्ने निर्णय ज्ञानुले गर्छ। तर यशोधरा भने सन्तानसुखका कुरा लिएर सोचेका कुरा अपुरो भए भनी गुनासो गर्छे।

ज्ञानुलाई रवि र शशीले छाडेर गए जस्तै नीरले पनि छाडेर जाला भन्ने कुराको पीर पर्न थाल्छ । तर ज्ञानुले हार भने खाएको थिएन ऊ आफ्ना हातखुट्टा लागुन्जेल नोकरी गर्ने अरूको सेवा गर्ने कुरा बताउँछन् । ज्ञानुले नोकरी गरेको ३५ वर्ष पुगिसकेको हुनाले उसको कामबाट अवकास हुने बेला हुन्छ तर अरू देश जस्तो धनी देश तथा नियम नभएका कारण उसले राम्ररी काम कर्तव्य पूरा गरे पनि दुई लाख रूपैँया मालिकका हातबाट पाउँछ । केही दिन पश्चात् वृद्ध भएका जनरल साहेबको मृत्यु भएपश्चात् पैतालिस दिनमै सबै काम सक्छन् । समयको परिवर्तनसँगै डोलारानी साहेबको व्यवहारमा निकै परिवर्तन आउन थाल्छ। ज्ञानुको छोरा नीरसँगको अनैतिक सम्बन्ध बढ्दै जान थाल्छ । उता ज्ञानुले नोकरीबाट निस्कँदा पाएको दुई लाख पैसा जग्गा किन्ने र आमाबुबालाई पाल्ने आश्वासन देखाइ नीरले लैजान्छ । समय नबित्दै तत्कालै यसरी घर निर्माण गरेको देख्दा र आफ्नो आर्थिक स्थिति त्यति राम्रो नभएका कारण यति धेरै पैसा ल्याएको देख्दा ज्ञानुलाई भने अचम्म लाग्छ । नीरले डोलारानीलाई आफ्नो बनाई अनैतिक कार्य गरी पैसा कमाएको थाहा पाएर ज्ञानुले पैसाभन्दा इज्जत ठूलो हो भनी नीरलाई सम्झाउने प्रयास गर्दा यौन सम्बन्धमा तथा धनमा लालची भएको नीरले यो जमानामा सबै थोक पैसा हो भनी ठाडै जवाफ दिएपछि ज्ञानुलाई आहत भएको अनुभव हुन्छ ।

अङ्क नौमा ज्ञानुले जागिर छाडेर बसेको लगभग नौ वर्ष पुगिसकेको हुन्छ । नीरले प्रति महिना घर खर्चका लागि पैसा त दिन्छ तर उसले दिएको पैसाले घर व्यवहार टार्न मुस्किल पर्न थाल्छ । ज्ञानुले सञ्चय गरेर राखेको एकलाख रूपैँया पनि चलाएर घरखर्चमै सक्छन् । धनको रवाफले आफ्ना आमाबुबाप्रति गर्ने कर्तव्य भुलेर नीरले आफ्नी श्रीमतीलाई भने हीराले झकिझकाऊ पार्दछ भने उता डोला रानीसाहेबको इच्छा पूरा गरेबापत उनले कार बक्सिस दिएपछि नीर एक पाइलो पनि गाडी बिना हिँड्न नसक्ने हुन्छ । सौमित्रमहलका पूराना कारिन्दाले डोला र नीरको अनैतिक सम्बन्धका बारेमा कुरा गरेको सुन्दा ज्ञानुका मनमा चस्स घोच्छ । अनि तरानाले नीरलाई कुटपिट गरेका सबै कुरा सुनाउँदा त ज्ञानु झन् वाक्क हुन्छ । एउटी अशिक्षित नारी तरानाले उस्ता राम्रा कुरा गरेको देख्दा ज्ञानु छक्क पर्छ तर डोला र नीरको व्यवहारले उसको मनमा भुइँचालो गएझैं हुन्छ ।

ज्ञानुको छोराहरू ठीक ऊजस्तै अनुहारमा भए पनि उनीहरूको व्यवहार त्यत्ति राम्रो देखिँदैन । रचना रविको सौन्दर्यमा, वीरा शशीको रूपमा र डोलारानी साहेब नीरको सौन्दर्यमा मुग्ध हुन्छन् । तर यस विषयमा ज्ञानुले सेक्सजस्तो गहन विषयको चिकित्सा हतार नगरी सोचेर मात्र क्षमाशील भई गर्नुपर्छ भन्ने धारणा राख्छ । छोराले गरेका अनैतिक कार्यप्रति सम्झाउने अनेक कोशिस गर्दा पनि नीरले भने "तपाईंले सौमित्रशमशेरको खुट्टामा टाउको राखेर जीवनभरी

चाकडी गर्दा पनि हजुर कङ्गालको कङ्गाल होइबक्सिन्छ।" भन्ने सम्पत्तिको लागि लालची स्वभाव देखाउँछ। वीरको यस्तो स्वभाव देखेर ज्ञानुलाई आफ्ना छोराप्रति घृणा लागेर आउन थाल्छ। अनि त्यसै दिनदेखि पिता र पुत्रको बीच सम्बन्धमा धोजा फुटेजस्तो हुन्छ। ज्ञानुले आफ्नी श्रीमती यशोधरालाई नीरका बारेमा सुनाउँदा पनि यशोधरामा बुझाइको कमी भएका कारण यशोधराले उल्टै पुत्रप्रतिको स्नेहले गर्दा नीरलाई नै सही ठहराउँछे। आफ्नी श्रीमतीको यस्तो कुरा सुनेर ज्ञानुलाई धेरै विस्मात् लाग्न थाल्छ। यशोधरालाई भने बुढेसकालमा दुई छोराले पनि छाडे अब नीरले पनि छाड्ने भयो भन्ने पीरले भित्रभित्रै पोल्न थाल्छ। ज्ञानुले एकदिन रमाइलो गर्ने उद्देश्यले घरमा पाहुनाहरू बोलाएर तास खेल्न थाल्छन्, तास खेल्ने क्रममा आफूले जित्ने उद्देश्यले नीरले तास लुकाउँछ। तर ज्ञानु असल स्वभावको व्यक्ति भएका कारण उसले गरेको व्यवहारप्रति बताउँदा नीरले तास च्यातेर टुक्राटुक्रा पार्छ र त्यही निहुँमा आमाबुबालाई एक्लै छोडेर नयाँ घरमा बस्न थाल्छ। यहाँ पराश्रित हुनुजस्तो दुःखदायी जीवन बाँच्न बाध्य ज्ञानु र यशोधराको जीवनकथालाई यस भागमा प्रस्तुत गरिएको छ।

ज्ञानुसँग भएका सबै पैसा सकिनु र आफ्ना सन्तानले बुढेसकालमा सुख देलान् भन्ने सपना चकनाचुर भएसँगै ज्ञानुलाई घरव्यवहार चलाउन गाह्रो पर्न थाल्छ। ज्ञानुले खर्चबर्चमा मुठी बस्न थाल्छ। यसरी मुठी कसिन थालेपछि यशोधरा ज्ञानुसँग बिनाकारण रिसाउने र अपमान गर्न थाल्दछे। त्यस्तै वातावरणमा समय बिताएको पन्ध्र वर्ष जति बितिसकेको हुन्छ। अब सम्पत्तिको स्नेहले गर्दा नानुले यो घर चाहिँ कान्छा छोरा शशीलाई राखिदिने निर्णय गर्छ। अब ज्ञानु दम्पत्ति छोराहरूकै आश्रयमा बाँच्न बाध्य भई अमेरिकासम्म धाउन बाध्य हुन्छन्।

ज्ञानु यशोधरालाई लिएर साँझ ६ बजेतिर डट्राइट एयरपोर्ट पुग्छन्। कान्छो छोरा शशी काम गर्ने होटलको म्यानेजाको निधन भएकाले शशी आउन पाउँदैन र शशीका श्रीमती वीरा र रवि लिन गएका हुन्छन्। उनीहरू त्यस रात शशी कहाँ गएर बस्छन्। शशीको डेराको बन्दोबस्त र वीराको जागिर भएपछि आफ्ना आमाबुबा लगेर राख्ने कुरा गरेपछि ज्ञानु र यशोधरा फेरि रविकैमा जान बाध्य हुन्छन्। भोलिपल्ट उनीहरू रविका घर पुग्दा नाति नातिनाहरू र बुहारी वीराले बढो संस्कारका साथ सरसम्मान गर्दछन्। यस्तो सम्मान देखेर ज्ञानुलाई सौमित्रमहलकी सितारवादीका दरबारीझैँ लाग्छ र उसकी आमाको मृत्यु भएको सबै कारण सोधी गफ गर्छन्। निकै बेरको गफगाफ पछि नातिनातिनाहरूले अङ्ग्रेजीमा कुरा गर्दा उनीहरूलाई गफ गर्न गाह्रो भएकाले उनीहरूलाई ग्लानी हुन्छ। यशोधरालाई रचनाको स्वभाव प्रथम दर्शनमै मन पर्दैन। तर ज्ञानुले भने जसको शरणमा बाँच्ने निर्णय गरी आयौँ त्यसैलाई नराम्रो भन्नु हुँदैन भनी यशोधरालाई सम्झाउँछ।

ज्ञानु र यशोधरा अमेरिका पुगेर रविकहाँ बसेको झण्डै एकवर्ष पुगिसकेको हुन्छ । बिस्तारै रचनाले साना-साना कुरामा रडाको मच्चाउन थालेपछि ज्ञानु र योधरालाई रविकहाँ बस्न ज्यादै गाह्रो पर्न थाल्छ । ज्ञानुसँग स्वदेश फर्कने खर्चबर्चको प्रबन्ध गर्ने क्षमता नभएकोले उनीहरू कम खाएर, कम बोलेर र बढी सहेर पिन्जडाको चराझैँ बाँच्न बाध्य हुन्छन् । ज्ञानुले आफ्ना सन्तानलाई अनेकथरी दुःख, कष्ट भोगेर हुर्काइने, पढाउने, बढाउने काम गरी योग्य बनाएपछि घरबाट फुत्त निस्किएर आफ्नो केही खोजी नगर्दा ज्यादै दुःखी बन्छन् ।

नातिनातिनाहरूको व्यवहार र रचनाको व्यवहारले ज्ञानुलाई अमेरिका आएकामा ज्यादै पश्चताप लाग्न थाल्छ । रवि पनि रचनाको सङ्गले उस्तै खालको बन्दै गएको हुन्छ अब ज्ञानु र यशोधरालाई त्यहाँ बस्दा नोकरले झैं दिनहुँ भात भान्छाको काम गर्नुपर्ने स्थिति आइपर्छ र यशोधरा दिनहुँ घरको काम गर्न थाल्छे । यस्तो पराश्रित जीवन जीउनु परेकामा ज्ञानुलाई ज्यादै दुःख लाग्छ । रचनाले अनेकथरी कुरा झिकेर व्यङ्ग्यात्मक रूपमा कुरा गरेकाले ज्ञानु र यशोधराको मन भतभती पोल्छ । रचना रविसँग पनि उत्तिकै नराम्रो व्यवहार प्रस्तुत गर्ने गरेकाले अझ ज्ञानु र यशोधरालाई टाउकामा बोझ बोकेजस्तै हुन्छ । ज्ञानुका नातिनातिना र रचना नभएका बेला ज्ञानुले रविसँग नेपाल फर्कने कुरा गर्छ तर रविले भने पारिवारिक स्थिति कमजोर भएका कारण तीन सन्तानलाई पाल्न ज्यादै भएको कुरा गर्दै बुबाका काखमा घोप्टिँदै रुन थाल्दछ भने यशोधरा यो नयाँ संसारभन्दा पुरानै संसार ठिक भनी भगवानसँग प्रार्थना गर्छे । आमाको यस्तो क्रन्दन सुनेपछि रविले जसरी भए पनि नेपाल पठाउने बन्दोबस्त मिलाइदिन्छ । ज्ञानु भने रविको यस्तो गुनासो सुनेर केही बोल्न सक्दैन ।

अन्तिम अङ्कमा ज्ञानु र यशोधरालाई भेट्न शशी रवि कहाँ आउँछ । कान्छो छोराको आगमनबाट गजेन्द्रमोक्ष हुने आशा लिई बसेका ज्ञानु र यशोधरा उल्टै उसको विकट समस्याले हताश र निराश बन्न पुग्छन् । किनभने शशीकी पत्नी वीराले सबै सम्पत्ति लिएर एकजना नेपाली इलेक्ट्रिकल इन्जिनियर समर राईसँग पोइल गएकी हुन्छे । यस घटनाले गर्दा शशीले आफ्ना आमाबुबाका सुखदुःखका कुरा सोद्धा पनि सोधेन । त्यसपछि ज्ञानुलाई धेरै चिन्ता पऱ्यो रातभर उसलाई निद्रा लागेन । भोलिपल्ट ज्ञानु र यशोधरा मेक्सिकोमा बस्नुका सट्टा नेपाल नै जाने कुरा गर्छन् तर शशीले केही दिन राखेर नेपाल नै पठाइदिने निर्णय गरी रविका घरबाट बिदा हुन लाग्छन् अनि त्यसबेला नाटकीय स्वभाव देखाएर अथवा कृतिमताको स्वभाव देखाएर "बुबाआमालाई शेष जीवनपर्यन्त सेवा टहल गरुँला भन्ठानेको त कहाँबाट यो हुनमान आइपुगेर हरण गरेर लैजान थाल्यौँ ।" भनेर शशीलाई भन्छे । यशोधराले पनि तिमीले हाम्रो जुन सेवा टहल शुश्रुष र सधैं मीठामीठा बचनले सत्कार गऱ्यौं त्यो नै हाम्रा लागि बिर्सन नसक्ने कुरो भएको भनी

व्यङ्ग्य गर्दछे र उनीहरू त्यहाँबाट बिदा भएर शशीकहाँ जान्छन् । शशीले आफूले आमाबुबालाई समयमै लगेर राख्न नसकेकामा चिन्ता लिन्छ । रचनाका सबै कुरा सुनाएपछि ज्ञानु र यशोधरा माइली बुहारीको जीवनगाथा सुनी रविप्रति बिछट्टै मायाको भाव देखाउँछन् । ज्ञानुले अनेक थरी कुरा सुनेपछि दिक्क मान्दै नेपाल नै जान आग्रह गर्छ तर यतिका वर्ष त्यही ठाउँमा बिताएको हुनाले नेपाल आउन शशीले मान्दैन । ज्ञानुले र यशोधराले आफ्ना छोराहरूले पाल्लान् भने ठूलो आश बोकेर गएका हुन्छन् तर छोराहरूकै उल्टो क्रन्दन सुनेर जसरी जाँदा नङ्गा थिए त्योभन्दा बढी नङ्गा र असहाय बनेर काठमाडौँ फर्कन्छन् । ज्ञानुले हिम्मत नहारी फेरि नयाँ सृष्टि रचेर आफ्ना सन्तानहरूले गरेको घृणालाई सम्हाल्दै घर निर्माण गरी कसैको आशा नगर्ने कुरा उसका साथीलाई बताउँछ । त्यसपश्चात् ज्ञानुले जिन्दगी भनेकै सङ्घर्ष हो, अर्थात् सामुहिक र वैयक्तिक जीवन जीउने पारिवारिक धरातलमा अवलम्बित विकृतिपूर्ण चित्रको परिप्रेक्ष्यमा बाँच्न चाहने स्वतन्त्र जिन्दगीको आकाङ्क्षा नै जीउनुको सार हो भन्ने कुरा ज्ञानुका माध्यमबाट देखिएको छ । ज्ञानु र यशोधरा दुवै अमेरिकाबाट आएर नयाँ सृष्टि रचेर आत्मनिर्भर भई बस्न थालेपछि अझ उमेर दशवर्ष घटेको झैँ भएको देख्न सकिन्छ र उपन्यासको कथानकको अन्त्य हुन्छ ।

यसरी 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा सामाजिक, आर्थिक, राजनीति, पारिवारिक क्षेत्रमा देखापर्ने विकृति तथा विसङ्गतिको पर्दाफास गरिएको छ । त्यसैगरी विदेशिएका पतिले भोग्नु परेका दुःख अर्थात् पत्नीले गर्ने दुर्व्यवहार जस्ता घटनालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । आफ्ना सन्तानप्रतिको स्नेहले आशामुखी भई विदेशिनु परेका आमाबुबाले अपमानित बन्नुपरेको पारिवारिक समस्या तथा राणाशासनका क्षेत्रमा हुने राजनीतिक षड्यन्त्र जस्ता पक्षको चित्रण गरिएको छ । त्यसैगरी मानिसलाई सङ्घर्षशील बनी आफ्नै जन्मभूमिमा बसी परिश्रमपूर्वक काम गर्ने र स्वतन्त्र जिन्दगी जिउन सक्नुपर्छ भन्ने सन्देश यस उपन्यासले दिएको छ ।

### ४.१.२ 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको कथानकको विकासक्रम

आख्यानात्मक विधाको अत्यन्तै महत्त्वपूर्ण तत्वका रूपमा कथानकलाई लिइन्छ । कथानक विन्यास मूलत, रैखिक र वृत्तकारीय गरी दुई प्रकारको हुन्छ । कथावस्तु सिर्जनाको आधारका रूपमा कथानक आएको हुन्छ । आख्यानमा घटना तथा उपघटनाहरू चरणबद्ध रूपमा आएका हुन्छन् । उपन्यासमा कथानकको गति सिलसिलाबद्ध रूपमा समावेश गरिएको हुन्छ । विषयवस्तु आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेको हुन्छ ।

आख्यानात्मक कृतिको कथानकलाई हेर्ने विभिन्न सिद्धान्तहरूमध्ये जर्मन समालोचक गुस्ताव फ्रेटागले विकास गरेको सिद्धान्त महत्त्वपूर्ण मानिन्छ । आख्यानात्मक कृतिहरूमा पाइने कथानकको विकासक्रमलाई अध्ययन गर्ने उनको सिद्धान्तलाई फ्रेटागको 'टेक्निकल अफ द ड्रामा'

(सन् १८८३) भन्ने पुस्तकमा सूची स्तम्भात्मक आकारमा देखाएको कथानक विकासक्रमको अवस्थाहरूका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको कथानकको विश्लेषण गरिएको छ। जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. २ : फ्रेटागको पिरामिडका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको कथानकको विकासक्रम

| कथानकको क्रम | कथानकको विकासक्रम | 'बाँच्ने एउटा जिन्दगी' उपन्यासबाट प्राप्त भाषिक तथ्याङ्क | पृ.सं. |
|---|---|---|---|
| १. आदि भाग (पहिलो अङ्कदेखि दोस्रो अङ्कसम्म) पृ.१-१२ | क) चिनारी | - काठमाडौँ क्षेत्रपाटीको धोबीचउरमा बसोबास गर्दै आएको ज्ञानु कलकत्ता गएर पढिरहेको अवस्थामा अकस्मात् भुँइचालोमा परी आमाबुबा र बहिनीको मृत्यु भएपछि उसले भोग्नुपरेका समस्यालाई प्रस्तुत गर्नु,<br>- परिवारमा एक्लो भएको ज्ञानु आश्रयका निम्ति आफ्ना मामा अष्टध्वज खड्काकहाँ जानु,<br>- ज्ञानुका मामाले ज्ञानुलाई नोकरी गर्नका लागि सौमित्रमहलमा पुऱ्याएर ज्ञानु घरको सुबाङ्गी काममा नियुक्त हुनु,<br>- नेपाली समाजको एक मध्यावित्त परिवारमा जन्मिएको ज्ञानुलाई दरबारिया चालचलन, विधि व्यवहार तथा रीतिस्थितिमा ढालिन ज्यादै गाह्रो पर्न थाल्नु,<br>- ज्ञानुको इमान्दारिपनबाट खुशी भएका उसका मालिक जनरलसाहेब ज्ञानुका विवाहका बारेमा सोच विचार गरी लरेन्सजङ्की छोरी यशोधरासँग बिहेको प्रस्ताव राख्दै बिहेको चाँजोपाजो मिलाई बिहे गरिदिनु, | (१-४)<br>(४-५)<br>(५-६)<br>(८-९) |
| तेस्रो अङ्कदेखि सातौँ अङ्कसम्म (पृ. १३-३३) | ख) सङ्घर्ष विकास | - सौमित्रशमशेरले आफ्ना रक्षाका लागि दरबारमै राखिएकी जयचन्द्र बहादुरकी छोरी डोलालाई दियोकलश पुजेर भित्र्याउनु एवम् उसबाट सन्तान जन्मनु,<br>- डोलामैयाँसँग सौमित्रशमशेर स्वयम्ले विवाह गर्नुभन्दा एक महिनाजति अघि सौमित्रशमशेरकी जेठी श्रीमतीले नानी सुसारेहरूको मासिक धर्म नियमित चलनचलेको कुरामा खोजी गर्नु,<br>- सौमित्रशमशेर दरबारको जुठो रक्सी सेवन गरेको कुरा सुनेपछि रिसले आगो हुनु,<br>- ज्ञानु आफ्ना कान्छा छोरा शशीप्रताप शाहको | १०-१४<br>(१५-१६)<br>(१७-१८) |

| | | | |
|---|---|---|---|
| | | पास्नीको तयारी गरिरहेका बेला अकस्मात् बिगुल बजेपछि ज्ञानु सबैकाम छाडी सौमिप्रमहल पुग्दा अकस्मात्को व्यथाबाट श्री ३ महाराजको देहावसान हुनु,<br>- मालिकको निधन भएपछि सबै नोकर चाकरलाई पैसा दिन नसक्ने स्थिति भएबाट सबै नोकरलाई निकाल्नका निम्ति सौमित्रशमशेरले ज्ञानुलाई अह्राउनु,<br>- सौमित्रशमशेरले दरबारभित्र राजपरिवार भित्रकै सदस्यहरूका बीचको सत्ता सङ्घर्ष चल्नु, पाण्डे तथा थापाहरूले पक्ष विपक्षमा लागेर स्थिति चर्काउनु, भिमसेन थापाजस्ता राष्ट्रसेवीको घटना भएका कुराप्रति असन्तुष्टि जनाउनु,<br>- धेरैजसो समय आफ्नो नोकरीमै बिताउन बाध्य भएको ज्ञानु घर ढिलो पुग्दा र पत्नी यशोधरासँग प्रशस्त समय नबिताएका कारण यशोधराले शङ्काको भावले हेर्न थाल्नु,<br>- ज्ञानुका छोराहरू ठूला भइसकेकाले नोकरीमा लगाउने कुरा गर्न सौमित्रशमशेरकहाँ झुक्नु, | (१९-२१)<br>(२२-२४)<br>(२५-२६)<br>(२७-२८)<br>(२९-३०) |
| सातौँ अङ्कदेखि एघारौँ अङ्कसम्म पृ. २९-५१ | ग) चरमोत्कर्ष | - ज्ञानुका माइला छोरा रविलाई अमेरिका डाक्टर पढ्नका लागि रचनाले लैजाने कुरा गर्नु एवम् शशीको छात्रवृत्ति परेर अमेरिका नै जाने कुराले सन्तान सुखका लिएर सपना बुनेको ज्ञानुको सपना चकनाचुर हुन पुग्नु,<br>- रवि र शशीले छाडेर गएपनि जेठो छोरो नीरकै आड भरोसा लिएर बुढेसकालमा उसकै सहारामा बाँच्ने कुरामा मन बुझाउन बाध्य हुनु,<br>- ज्ञानुले नोकरी गरेको ३५ वर्ष पुगिसकेको हुनाले उसको नोकरीबाट अवकास हुनु,<br>- केही दिन पश्चात वृद्ध भएका सौमित्र शमशेरको मृत्यु हुनु,<br>- सौमित्र शमशेरको मृत्यु पश्चात डोला रानीसाहेबको व्यवहारमा निकै परिवर्तन आउनु र सबै सम्पत्तिको उत्तराधिकारिणी बन्नु,<br>- ज्ञानुका छोरा त्यसै सौमित्रमहलमा नोकरी गर्ने हुनाले बिस्तारै डोला रानीसाहेब र नीरको अनैतिक सम्बन्ध बढ्न थाल्नु,<br>- ज्ञानुलाई सौमित्रशमशेरले इच्छापत्रमा दुई लाख रूपैयाँ दिने कुरा गरेकाले ज्ञानुलाई डोला रानीसाहेबले दुई लाख रूपैया दिनु,<br>- ज्ञानुले पाएको दुईलाख रूपैयाँमा एकलाख | (३१-३२)<br>(३३-३४)<br>३५<br>३६<br>३६<br>३७<br>३७ |

| | | | |
|---|---|---|---|
| | | रूपैयाँ जग्गामा लगाउन नीरले लग्नु,<br>- नीरले केही समय नबित्दै तत्कालै घर निर्माण गरेको देख्दा ज्ञानुलाई आश्चर्य लागेर नीरलाई अनेक तरिकाले सम्झाउँदा पनि यो जमानामा सबै थोक पैसा हो भनी ठाडै जवाफ दिएपछि ज्ञानुलाई आहत हुनु,<br>- धनको रवाफले आफ्ना आमाबाबुप्रति गर्ने कर्तव्य भुलेर नीरले आफ्नी श्रीमतीलाई हिराले झकिझकाऊ पार्नुका साथै डोला रानीसाहेबको इच्छा पूरा गरेबापत कार बक्सिस पाउनु,<br>- ज्ञानुलाई आफ्ना छोरा नीरले गरेको व्यवहारप्रति घृणा लागेर त्यसै दिनदेखि पिता र पुत्रको सम्बन्धमा धाँजा फाट्न थाल्नु,<br>- यशोधराको बुझाइको कमी भएका कारण तथा सन्तानप्रतिको स्नेहले गलत काम गरेपनि उल्टै ज्ञानुलाई नै गाली गर्नु,<br>- डोला रानीसाहेबलाई रिस उठ्दा बेस्सरी नीरलाई कुटेको कुरा तरानाले सुनाउँदा ज्ञानु छाँगाबाट खसेझैँ हुनु,<br>- तास लुकाएका निँहुमा ज्ञानुले यस्ता खराब काम गर्न नहुने कुरा गर्दा नीरलाई धेरै रिस उठेकाले तासलाई टुक्राटुक्रा पारेर च्यात्नुका साथै आफ्नी श्रीमती लिएर त्यसै दिनदेखि आमाबुबालाई छाडेर नयाँ घरमा बस्न थाल्नु,<br>- यशोधरा चकित भएर आफूलाई बुढेसकालमा पाल्ने छोराले पनि छाडेर जाँदा धोतीको सप्कोले मुख छोपी रुन थाल्नु,<br>- ज्ञानुलाई घरव्यवहार चलाउन गाह्रो पर्न थालेकाले खर्चबर्चमा मुठी कस्न थाल्ने स्थिति आइपरेकाले बिनाकारण यशोधरा ज्ञानुसँग रिसाएर ज्ञानुलाई अपमान गर्न थाल्नु,<br>- नीरले साराका सामु ज्ञानुको त्यत्रो बेइज्जती गरेर गएपनि यशोधरालाई पुत्रप्रतिको स्नेहमा कमी नआएकाले नीरसँगै गएर बस्नेकुरा ज्ञानुसँग गर्दा ज्ञानुले अस्वीकार गर्नु, | ३८<br>३९<br>३९<br>४०<br>४०<br>४०-४१<br>४४-४५<br>४६-४७<br>४८-४९<br>५०-५१ |
| बाह्रौँ अङ्कदेखि तेह्रौँ अङ्कसम्म पृ. ५२-६५ | | - ज्ञानु र यशोधरा बुढेसकाल लागेर अर्थात् एक्लो भएपछि आश्रय खोज्दै आफ्ना दुई छोराहरू भएको ठाउँ अमेरिकासम्म पुग्न बाध्य हुनु,<br>- ज्ञानुका नातिनातिनाहरूले अङ्ग्रेजीमा कुराकानी गर्दा जवाफ फर्काउन नसक्दा | ५२<br>५३ |

| | | | |
|---|---|---|---|
| | | ग्लानि हुनु, | |
| | | - यशोधरालाई रचनाको स्वभाव प्रथम दर्शनमै मन नपर्नु, | ५४-५७ |
| | | - ज्ञानु र यशोधरा अमेरिका पुगेर रविकहाँ बसेको झण्डै एक वर्ष नबित्दै रचनाले अनेकथरी घरको सबै काम गर्नु परेकाले साना-साना कुराको रडाको मच्चाउन थाल्नु, | ५७-५८ |
| | | - स्वदेश फर्कने खर्चबर्च नभएका कारण ज्ञानु र यशोधरा कमभन्दा कम खाएर, कम बोलेर र बढी सुनेर, बढी सहेर पिञ्जडाको चरीझैँ त्यस घरमा बस्न बाध्य हुनु, | ५८ |
| | | - घरको सबै काम नोकरले गरेझैँ गरेकाले यशोधराका हात खुट्टा फुटेकाले यस्तो हालत देखेर ज्ञानुले ज्यादै दुःख व्यक्त गर्नु, | ५९-६० |
| | | - रचनाले बारम्बार आफ्ना छोराछोरीलाई भन्ने निहुँले गाली गर्दा र कुनै पनि सन्तानले ज्ञानु र यशोधराको सेवा नगरेको देख्दा ज्ञानु आफ्ना सन्तानलाई दुःख खपेर हुर्काइ, बढाइ गरेर योग्य बनाएका कुरा सम्झेर दुःखी बन्नु, | ६१-६२ |
| | | - रचनाको क्षुद्र व्यवहारले ज्ञानुको छातीमा टाउको राख्दै यशोधराले जसरी भए पनि आफ्नो घर पुऱ्याइदेऊ भनी प्रार्थना गर्नु र आनन्द तथा स्वतन्त्र जिन्दगी बाँच्ने कुरा गर्नु, | ६३ |
| | | - रचना आफू हृदय विशेषज्ञ भएर हस्पिटलमा जागिर खाएको, निजी घर किनेर बसेको र गाडी चढेर हिँड्ने आत्म प्रशंसाका कुराले रवि र रचना श्रीमान् श्रीमतीमा पनि भनाभन भइरहनु, | ६३ |
| | | - घरमा कोही नभएको समयमा रविले तिन सन्तानलाई पाल्न गाह्रो भएको कुरा गर्दै उल्टै आफ्ना बाबुको काखमा टाउको राख्दै रुन थाल्नुका साथै आफूले अमेरिका बोलाए दुःख दिएकामा माफी माग्दै जसरी भए पनि खर्च जुटाएर नेपाल नै पठाइदिने कुरा गर्नु, | ६४-६५ |
| | | - ज्ञानु र यशोधरा रविका घरबाट स्वदेश आउने तर्खरमा रहँदा शशी आफ्ना आमाबुबालाई लिन त्यहाँ पुग्नु, | ६६ |
| | | - शशीले जर्मनमूलकी अमेरिकी पत्नी वीरासँग विवाह गरेको हुनाले उसलाई धोका दिई क्यानडाको टोरन्टोनिवासी एक जना नेपाली समर राईसँग पोइल गएर संयुक्त नामको घरजग्गा समर राईलाई शशी भनेर उभ्याई कीर्ते गरी एकलाख डलरमा बेचेर क्यानडा भाग्नाले शशीले आफ्ना आमाबुबालाई समयमै ल्याउन नसकेको कुरा व्यक्त गर्नु, | ६६ |

| | | | |
|---|---|---|---|
| अङ्क चौधौँ<br>पृ.६६-७२ | ङ) उपसंहार | - शशीले माइली बुहारी रचना अर्काकी श्रीमती रविले ल्याएको भन्ने जीवनगाथा सुनेर रविप्रति मायाको भाव प्रकट गर्नु,<br>- शशीले आमाबुबालाई मेक्सिको जाने आग्रह गर्दा यशोधरालाई फेरि पनि रविकोमा जस्तै व्यवहार होला भन्ने कुराले पिरोल्नु र मेक्सिको जात अस्वीकार गर्नु,<br>- ज्ञानुले सबै कुरा सुनेपछि शशीलाई नेपालमै गएर जागिर गर्ने र विवाह गर्ने कुरा गर्नु तर उतै बस्ने बानी भएका कारण नेपाल आउन शशीले नमान्नु,<br>- शशीकहाँ गएको एक हप्ता नबित्दै मेक्सिको छाडेर न्युयोर्क हुँदै ज्ञानु र यशोधरा काठमाडौँ आउनु,<br>- ज्ञानुले काठमाडौँ आएपछि पुरानो सृष्टि छाडेर नयाँ सृष्टि रच्न थाल्नु,<br>- ज्ञानुको साथी एकदिन उसका घरमा पुग्दा सबै चिजले सजिसजाऊ भएको घर निर्माण गरेको देख्दा उसका छोरा नीरका बारेमा सोद्धा ज्ञानुले उसका बारेमा कुरा गर्न पनि नदिनु,<br>- आफ्ना छोराहरूको केही आडभरोसा नभएर हार खाएको ज्ञानुले आफूलाई चाहिने एक रोपनी बारी राखेर अरू सबै बेचेको कुरा गर्नु,<br>- यशोधराले ज्ञानुका साथीलाई बुढेसकालमा परिश्रम गर्न नसक्ने कुरा व्यक्त गर्दै एकजना महिनाबारी पैसा दिएर सहयोग गर्ने मान्छे राख्न सम्झाइदिनका लागि आग्रह गर्नु,<br>- ज्ञानुले बीचैमा पत्नीका कुरा काट्दै आफ्ना तीन छोराहरूबाट पाएको शिक्षा नै प्रतिकुल भाग्यसँग सङ्घर्ष गर्नु नै जिन्दगी हो भन्ने कुरा व्यक्त गर्नु,<br>- ज्ञानुका साथीलाई ज्ञानु अमेरिकाबाट आएर नयाँ सृष्टिमा स्वतन्त्र जिन्दगी बिताएको देख्दा ज्ञानु र यशोधराको उमेर अमेरिकाबाट आएको बेला भन्दा दश वर्ष घटेकै लाग्नु र कथानकको अन्त्य हुनु । | ६६-६७<br>६८-६९<br>७०<br>७०<br>७१<br>७१<br>७२<br>७२<br>७३<br>७३ |

**निष्कर्ष**

माथिको तालिका र त्यसको विश्लेषणबाट 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको कथानकबारे निम्नलिखित बुँदाहरू निष्कर्षका रूपमा प्राप्त हुन्छन् :

१. 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको कथानक फ्रेटागको सूचीस्तम्भ अनुसार विकसित भएको छ । यसको कथानकको संरचनामा कथानक विकासका पाँच अवस्थाहरू (चिनारी, सङ्घर्ष विकास, चरम, सङ्घर्षह्रास र उपसंहार) क्रमबद्ध रूपमा रहेका छन् ।

२. यसको कथानकको विकास सूचीस्तम्भात्मक भएकाले कथानकमा क्रमिकता छ ।

### ४.१.३ पात्र र चरित्र

उपन्यासमा कथानकलाई अघि बढाउन पात्र तथा चरित्रहरूले संवाहकको काम गर्दछन् । पात्रबिना कथावस्तु अगाडि बढ्न सक्दैन । त्यसैले आख्यानात्मक कृतिमा चरित्रको महत्त्वपूर्ण स्थान हुन्छ । यिनै चरित्रका क्रियाकलापले गर्दा उपन्यासले गति प्राप्त गर्दछ । उपन्यासमा मानवीय, मानवेत्तर र जड वस्तुसमेत पात्रका रूपमा आउने गर्दछन् ।

कथावस्तुलाई दरिलो गरी बाँध्न, समाजका सभ्यता र अभ्यासका विविध पाटाहरू विचार गर्दै व्यक्ति तथा समूहका जीवन प्रसङ्गलाई सजीव रूपमा चित्रण गर्नमा पात्रको भूमिका महत्त्वपूर्ण मानिन्छ । साहित्य र समाजको सम्बन्ध ज्यादै गहिरो हुने भएकाले साहित्य समाजबाट अलग रहन सक्दैन । समाजमा घटित घटनाहरू, सामाजिक क्रियाकलाप र मानवीय प्रवृत्तिको प्रस्तुति उपन्यासमा गरिने हुनाले त्यही समाजका प्रतिबिम्बित पात्रको छनोट गरिएको हुन्छ । कथानकलाई पाठकको सामु जीवन्त रूपमा उतार्ने काम चरित्रको माध्यमबाट गरिएको हुन्छ र कथानक अनुकुल पात्र छनोट गरिएको हुनुपर्दछ, जसले गर्दा उपन्यासमा जीवन्तता र स्वाभाविकता आउँछ । उपन्यासमा पात्रको उपस्थित कतिपय मञ्चीय र कतिपय नेपथ्य खालको हुने गर्दछ । उपन्यासमा रहेको कथानक अनुसार पात्रको उपस्थिति निर्धारण हुने गर्दछ ।

उपन्यास मानव जीवनको सिङ्गो तस्विर हो । यसको आचलनभित्र सिङ्गो मानव सभ्यता परिभाषित भएको देखिन्छ । यो मानव सभ्यताको परिभाषा पनि चरित्र चित्रणकै आधारमा प्राप्त हुन्छ । उपन्यासमा परिवेश सुहाउँदो पात्र विधान गरेको पाइन्छ । पात्रहरूको चयनपश्चात् उनीहरूलाई सुहाउने क्रियाकलापमा परिचालन गर्दा स्वाभाविकता हुन्छ । परम्परागत मान्यताअनुसार लेखिने घटनाप्रधान र आधुनिक मान्यता अनुसार लेखिने चरित्रप्रधान दुवै उपन्यासमा चरित्रको भूमिका महत्त्वपूर्ण हुन्छ । उपन्यासमा उपन्यासकारले प्रथम पुरुष दृष्टिबिन्दु वा तृतीय पुरुष दृष्टिबिन्दुलाई केन्द्र बनाएर कथावस्तुलाई पूर्णता दिने गर्दछ ।

### ४.१.४ 'बाँच्ने एउटा जिन्दगी' उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक अध्ययन

आधुनिक नेपाली सीहित्यका हाँस्यव्यङ्ग्यका ख्याति प्राप्त उपन्यासकार केशवराज पिँडालीद्वारा लिखित 'बाँच्ने एउटा जिन्दगी' यथार्थवादी उपन्यास हो । यस उपन्यासमा मानवीय

पात्रहरूले प्रयोग गरिएको पाइन्छ भने मानवेत्तर पात्रको प्रयोग पाइँदैन । आजभन्दा लगभग ४० वर्ष पहिलेका अर्थात् राणाकालको अन्तिम अवस्थादेखि लिएर वर्तमान कालको सेरोफेरोसम्म पहिलेको नेपाली समाज र अहिलेको स्थितिलाई प्रस्तुत गरी सामाजिक, राजनीतिक, आर्थिक आदि विषयवस्तुलाई समेटेर तयार पारिएको यस उपन्यासमा समाजमा, परिवारमा रहेका विविध समस्याहरूलाई यथार्थको धरातलमा रही कलात्मक रूपमा चित्रण गरिएको छ । लेखककै शब्दमा "यस रचनामा नेपाली समाजको पहिलेको र अहिलेको स्थितिलाई प्रतिबिम्बित तुल्याउने कोसिस गरेको छु ।" यस उपन्यासका सबै पात्रहरू काल्पनिक हुन् । यथार्थको बुट दिने प्रयासमा कुनै प्रसङ्ग कुनै घटना वा कुनै पात्रको चरित्र नठानियोस् । तसर्थ यस उपन्यासका घटना तथा पात्रहरू काल्पनिक रहेका छन् ।

प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा ज्ञानु, यशोधरा, नीरप्रताप, सरला, रविप्रताप, शशीप्रताप, वीरा, रचना, कृष्णप्रताप, सौमित्रशमशेर, श्री ३ महाराज, अष्टध्वज, लरेन्सजङ्ग राण, बसुधाराज्यलक्ष्मी, प्रद्युम्न शमशेर, तराना, दरबारी, डोलामैया, सोलारजङ्ग, गीता, चयचन्द्रबहादुर, चैतन्य शीला, देव, अनिता आदि पात्रहरूको प्रयोग गरिएको छ । यी सबै पात्रहरूले आ-आफ्नो स्थानमा रही महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । तर यस उपन्यासको कथानकीय भूमिकामा महत्त्वपूर्ण योगदान दिने प्रमुख र केही सहायक पात्रहरूको लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन, चेतना आसन्नता र आबद्धताका आधारमा विश्लेषण गरिएको छ ।

‘बाँच्ने एउटा जिन्दगी’ उपन्यासका पात्रहरूको वर्गीकरण

| क. सं. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृत्ति | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | गति. | गतिहिन | प्र. | सहा. | गौ | अनुकुल | प्रतिकुल | वर्ग | व्य. | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | ज्ञानु | + | | | + | + | | | + | | + | | + | | + | |
| २. | यशोधरा | | + | | + | | + | | + | | + | | + | | + | |
| ३. | नीरप्रताप | + | | + | | | + | | | + | | + | + | | + | |
| ४. | सरला | | + | | | | | + | | | | + | | | | + |
| ५. | रविप्रताप | + | | | + | | + | | + | | + | | + | | + | |
| ६. | शशीप्रताप | + | | + | + | | + | | + | | + | | + | | + | |
| ७. | वीरा | | + | + | | | + | | | + | | + | + | | + | |
| ८. | रचना | | + | | | | + | | | + | | + | + | | + | |
| ९. | कृष्णप्रताप | + | | | + | | | + | | | | | | | | + |
| १०. | सौमित्रशमशेर | + | | | + | | + | | + | | + | | + | | + | |
| ११. | श्री ३ महाराज | + | | | + | | + | | + | | + | | + | | + | |
| १२. | अष्टध्वज | + | | | | | + | | + | | + | | + | | + | |
| १३. | लरेन्सजङ्ग राणा | + | | + | | | | + | | | + | | | | + | |
| १४. | बसुधाराज्यलक्ष्मी | | + | | | | | + | | + | | + | + | | + | |
| १५. | प्रद्युम्नशमशेर | + | | | + | | | + | | | | + | | + | | + |
| १६. | तराना | | + | + | | | + | | + | | + | | + | | + | |
| १७. | दरबारी | | + | + | | | + | | + | | + | | + | | + | |
| १८. | डोलामैया | | + | | | | + | | | + | | + | + | | + | |
| १९. | सोलारजङ्ग | + | | | | | | + | | | | + | | + | | + |
| २०. | गीता | | + | | | | | + | | | | | | + | | + |
| २१. | जयचन्द्रबहादुर | + | | | | | | + | | | | | | + | | + |
| २२. | चैतन्यशमशेर | + | | | | | | + | | | | | | + | | + |
| २३. | शीला | | + | + | | | + | | | + | | + | + | | + | |
| २४. | देव | + | | | | | | + | | | | | | + | | + |
| २५. | अनिता | | + | | | | | + | | | | | | | | + |

**१. ज्ञानु**

**पुरुष पात्र**

‘बाँच्ने एउटा जिन्दगी’ उपन्यासका पात्रहरूमध्ये ज्ञानु लिङ्गका आधारमा एक पुरुष पात्र हुन् । सेनाका क्याप्टेन कृष्णप्रताप शाहको छोरो एवम् यशोधराको श्रीमान् भएका कारणबाट यो पुष्टि गर्न सकिन्छ । त्यसैगरी नीरप्रताप, रविप्रताप र शशीप्रतापका बुबासमेत भएकाले ज्ञानु लिङ्गका आधारमा पुरुष पात्र हो ।

**प्रमुख पात्र**

प्रस्तुत उपन्यासमा सबैभन्दा प्रमुख एवम् मुख्य व्यक्ति ज्ञानु हो। उपन्यासको सुरुदेखि अन्त्यसम्म ज्ञानुको निकै महत्त्वपूर्ण भूमिका रहेको छ। सिङ्गो कथानक नै ज्ञानुकै आधारबाट अगाडि बढेको छ र उपन्यासको सम्पूर्ण घटनाक्रमहरू ज्ञानुकै केन्द्रियतामा घटेकाले यस कार्यका आधारबाट ज्ञानु प्रमुख पात्र हुन्।

**अनुकूल पात्र**

विभिन्न प्रकारका समस्या आइपरे पनि खराब काममा नलागेर जहिले पनि जीवनलाई सङ्घर्षका साथ सम्पन्नता दिलाउन सफल भएका कारण ज्ञानु प्रवृत्तिका आधारमा अनुकुल पात्र हुन्।

**गतिहीन पात्र**

स्वभावका आधारमा ज्ञानु गतिहीन पात्र हुन्। विभिन्न खालका परिस्थिति र समस्यासँग जुध्दै आफ्नो पारिवारिक स्थिति सुधार गर्न, आफ्नो काम कर्तव्यप्रति बफदार भई लाग्न क्रियाशील ज्ञानुलाई अनेक प्रकारका समस्या र सङ्कट आइपरे पनि सहज रूपमा सामना गर्दै सङ्घर्षशील बनेका छन्। सुरुदेखि अन्त्यसम्म कतै ज्ञानुको विचारमा परिवर्तन आएको देखिँदैन। तसर्थ ज्ञानु गतिहीन पात्र हो।

**वर्गगत पात्र**

नेपाली समाजमा जो आफ्नो आर्थिक स्थिति कमजोर भएका कारण देश विदेशका विभिन्न ठाउँमा काम र दामको खोजीमा भौतारिएका छन्। पैसा कमाएर जीवन निर्वाह गर्नका निम्ति जस्तोसुकै नोकरी पनि गर्नुपर्ने स्थिति रहन्छ। यो सम्पूर्ण वर्गको प्रतिनिधि पात्रका रूपमा यस उपन्यासमा ज्ञानुलाई उभ्याइएको छ। आफ्ना सन्तानलाई अनेकथरी दुःख, कष्ट भोगेर पालनपोषण, शिक्षादिक्षा दिएर योग्य बनाइसकेपछि बुढेसकालमा सहाराहीन बन्न पुग्दा पनि सङ्घर्ष गरी स्वतन्त्र जीवन जीउन सफल ज्ञानुलाई यस उपन्यासमा जीवन चेतनाको आधारमा वर्गगत पात्रका रूपमा लिन सकिन्छ।

**मञ्चीय पात्र**

ज्ञानु यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म प्रत्यक्ष रूपमा उपस्थिति हुनुका साथै उपन्यासको प्रमुख नायक भएकाले आसन्नताका आधारमा मञ्चीय पात्र हुन्।

**बद्ध पात्र**

ज्ञानु उपन्यासको प्रमुख पात्र एवम् नायक भएकाले उपन्यासको कथावस्तु अनेकौं केन्द्रियतामा अगाडि बढेको छ। उनलाई उपन्यासबाट अलग्याउन मिल्दैन, त्यसैले आबद्धताका आधारमा ज्ञानु बद्ध पात्र हुन्।

**२. यशोधरा**

**स्त्री पात्र**

उपन्यासमा भएका प्रमुख पात्र ज्ञानुको श्रीमती एवम् लरेन्सजङ्ग छोरी तथा नीर, शशी र रविकी आमा भएका कारणबाट ङ्गिका आधारमा यशोधरा स्त्री पात्र हुन्।

**सहायक पात्र**

उपन्यासमा यशोधराको भूमिका मध्य भागदेसख मात्र रहेको देखिन्छ। ज्ञानु पढेर जागिर खाएर मात्र यशोधराको विवाह हुन्छ। त्यसैले बीचदेखि उनको उपस्थितिले ज्ञानुकी श्रीमती यशोधराको भूमिका यस उपन्यासमा कार्यका आधारमा सहायक देखिन्छ।

**अनुकूल पात्र**

आफ्नो पारिवारिक स्थिति जस्तो भए पनि आफ्ना श्रीमान्सँगै जस्तो परिस्थितिमा पनि नछुट्टिने बाचा गर्ने सकारात्मक कार्य गरेकाले उनी प्रवृत्तिका आधारमा प्रस्तुत उपन्यासको अनुकूल पात्रका रूपमा यशोधरालाई चिन्न सकिन्छ।

**गतिहीन पात्र**

श्रीमान्ले जुन कुरा गरे पनि अन्त्यमा त्यसै कुरामा सहमति जनाउन बाध्य हुने र आफ्नी बुहारीले अनेकथरी व्यङ्ग्य गर्दा पनि सहेर बस्न बाध्य भएकाले उसको व्यवहारमा कुनै परिवर्तन देखिँदैन। यसकारण यशोधरा स्वभावका आधारमा गतिहीन पात्र हो।

**वर्गगत पात्र**

पारिवारिक तथा आर्थिक रूपमा निकै समस्या आइपर्दा श्रीमान्ले खर्चबर्चमा मुठी कस्दा तथा आफ्ना सन्तानहरूले बुढेसकालमा सहाराहीन बनाएर चटक्क छाडी विदेशीदा एक्लो हुनुका साथसाथै सन्तानहरूले सम्पत्तिका नाममा आदर्शहीन, अमर्यादित पारिवारिक जीवन सहर्ष रूपमा स्वीकार गर्न बाध्य भएकी, आफ्ना छोराबुहारीकामा आश्रय खोजी जाँदा अत्याचार खपेर शोषित, पीडित भई बस्ने नारीको प्रतिनिधित्व गर्ने यशोधरा वर्गगत पात्र हो।

**मञ्चीय पात्र**

उपन्यासमा प्रस्तुत भएकी यशोधराले कथानकलाई अगाडि बढाउन ठूलो भूमिका खेलेकाले उनलाई आसन्नताका आधारमा मञ्चीय पात्रका रूपमा लिइन्छ।

**बद्ध पात्र**

उपन्यासमा बीचदेखि उनको उपस्थिति रहे तापनि यशोधराको भूमिका निकै भएकाले आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् ।

**३. डोला रानीसाहेब**

**स्त्रीपात्र**

सौमित्रशमशेरकी कान्छी श्रीमती चैतन्यशमशेरकी आमा एवम् चन्द्रबहादुरकी छोरी भएका कारण डोला रानीसाहेब लिङ्गका आधारमा स्त्री पात्र हो ।

**सहायक पात्र**

यस उपन्यासमा उपन्यासको मध्य भागबाट उपस्थित भएर उपन्यासको अन्त्यसम्म महत्त्वपूर्ण भूमिका खेलेकाले गर्दा डोलालाई कार्यका आधारमा सहायक पात्र भन्न सकिन्छ ।

**प्रतिकुल पात्र**

प्रवृत्तिका आधारमा डोला प्रतिकुल पात्र हो । किनभने आफ्ना श्रीमान्को मृत्यु भएपछि केही समय नबित्दै आफ्ना महलमा नोकरी गर्ने अर्काका श्रीमान्सँग अनैतिक सम्बन्ध बढाएकाले उनलाई प्रतिकुल पात्र हुन् भनी चिनाउन सकिन्छ ।

**गतिशील पात्र**

स्वभावका आधारमा डोला गतिशील पात्र हो । सुरुमा उनी दरबारमा सौमित्रशमशेरको रक्षा गर्ने कारिन्दा हुन्छे पछि समय परिवर्तनसँगै सौमित्रशमशेरसँग विवाह भएपछि उसमा व्यवहार परिवर्तन हुँदै जान्छ र सौमित्रशमशेरको मृत्युले आफ्नो इज्जतको ख्याल नगरी अर्काका श्रीमान्बाट यौनइच्छा पूरा गर्नाले उनी गतिशील पात्र हुन् ।

**व्यक्तिगत पात्र**

डोला व्यक्तिगत पात्र हुन् । उनी आफ्ना श्रीमान्को मृत्यु भएपछि छोराको बारेमा नसोची, आफ्नो इज्जत नसम्झी नीरसँग अनैतिक काम गर्न भनेजति सम्पत्ति दिएर आफ्नो मात्र प्रतिनिधित्व गरेकी छिन्, त्यसैले डोला जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हुन् ।

**मञ्चीय पात्र**

उपन्यासमा डोलाको उपस्थिति प्रत्यक्ष रूपमा रहेको देखिन्छ। त्यसैले आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् ।

**बद्ध पात्र**

डोलालाई उपन्यासबाट हटाउँदा उपन्यासको संरचनामा खलबल पुग्ने हुँदा आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् ।

**४. सौमित्र शमशेर**

**पुरुष पात्र**

श्री ३ महाराजका छोरा बसुधाराज्यलक्ष्मी र डोलाको श्रीमान् एवम् प्रद्युम्नशमशेर र चैतन्यशमशेरको बाबु भएका कारण यो पुष्टि हुन सक्छ कि सौमित्रशमशेर लिङ्गका आधारमा पुरुष पात्र हो ।

**सहायक पात्र**

उपन्यासमा सौमित्रशमशेरको भूमिका आदि भागदेखि मध्य भागसम्म मात्र रहेको देखिन्छ । आदि भागदेखि मध्य भागसम्मको भूमिका निकै महत्त्वपूर्ण देखिन्छ । उनले आफ्ना दरबारमा आफूलाई रक्षा गर्ने डोलालाई विवाह गरेपछि दिनहुँ मदिरा सेवन गर्नाले उनलाई बिरामले च्याप्दै लान्छ र उसको मृत्यु हुन्छ । त्यसैले उपन्यासका कार्यका आधारमा सहायक देखिन्छ ।

**अनुकुल पात्र**

आफू राणा परिवारका भए पनि आम नेपाली जनतालाई आफ्ना दरबारमा नोकरी दिएर राम्रो व्यवहार देखाएकाले उसको भूमिका सत् नै देखिन्छ । त्यसैले उनी प्रवृत्तिका आधारमा अनुकुल पात्र हुन् ।

**गतिहीन पात्र**

स्वभावका आधारमा सौमित्रशमशेर गतिहीन पात्र हुन् । उनले जहिले पनि देश र जनताका रक्षाका बारेमा सोच्ने, आर्थिक स्थिति कमजोर भएकालाई नोकरी दिलाएर सधैँ जस्तोसुकै समस्या तथा सङ्कट आइपरे पनि सहज रूपमा सामना गर्न सक्ने भएकाले उसको स्वभाव सुरुदेखि अन्त्यसम्म एकैनासको रहेकाले गतिहीन पात्रका रूपमा लिन सकिन्छ ।

**वर्गगत पात्र**

आम नेपाली जनता जो आर्थिक स्थिति कमजोर भएका कारण नोकरीका लागि भौतारिनेलाई नोकरी दिलाएर समाजको प्रतिष्ठित व्यक्ति भई देखा परेका छन् । त्यसैगरी समाजमा शोषण वर्गले शोषित वर्गलाई गर्ने अन्याय तथा दरबारिया शासनजस्ता पक्षको विरोधमा सङ्घर्ष गर्ने व्यक्तिहरूको प्रतिनिधित्व गरेकाले सौमित्रशमशेर यस उपन्यासमा जीवनचेतनाका आधारमा वर्गगत पात्र हुन् ।

**मञ्चीय पात्र**

उपन्यासको आदि भागदेखि मध्य भागसम्म सौमित्रशमशेरको भूमिका महत्त्वपूर्ण नै देखिएकाले आसन्नताका आधारमा उनी मञ्चीय पात्र हुन् ।

**बद्ध पात्र**

उपन्यासका सहायक पात्र भएपछि उपन्यासको आदि भागदेखि मध्य भागसम्म सौमित्रशमशेरको भूमिका भएकाले उनलाई उपन्यासबाट झिक्दा कथानक खलबलिन सक्छ त्यसैले उनलाई आबद्धताका आधारमा बद्ध पात्रका रूपमा लिइन्छ ।

**५. नीरप्रताप**

**पुरुष पात्र**

ज्ञानु र यशोधराको जेठो छोरो एवम् सरलाको पति भएका कारणबाट लिङ्गका आधार नीरप्रताप पुरुष पात्र हो ।

**सहायक पात्र**

उपन्यासमा नीरको भूमिका सुरुदेखि मध्य भागसम्म रहेको देखिन्छ । किनकि आफ्नो विवाह भएको केही समयपश्चात् आफ्ना बुबासँग केही भनाभन परेर घरै छाडेर गएदेखि उसले आमाबुबाको खोजी गर्न छाड्छ । त्यसैले सरलाको श्रीमान् नीरको भूमिका कार्यका आधारमा सहायक देखिन्छ ।

**प्रतिकुल पात्र**

नीरको भूमिका यस उपन्यासमा प्रतिकुल किसिमको रहेको छ । पैसाका लालचमा परी इज्जत प्रतिष्ठा भुलेर आफ्ना बाबुले कमाएको दुई लाख पैसामा एक लाखले घरखर्च आफैं टार्ने विश्वास दिलाएर लैजानु, पैसाका निम्ति आफूले नोकरी गर्ने दरबारकी रानीसँग लाग्नु र अन्त्यमा आफ्ना आमा बाबुलाई तिरस्कार गरी घर छाडेर हिँड्नुजस्ता उसका व्यवहारले प्रवृत्तिका आधारमा ऊ प्रतिकुल पात्र हो ।

**गतिशील पात्र**

स्वभावका आधारमा नीर गतिशील पात्र हो । आफ्ना घरमा बुबा आमाले गरेको दुःख बिर्सेर पैसाको अहङ्कारले केही समय नबित्दै बुबाको पैसा रहुन्जेल राम्रो कुरा गरी घरव्यवहारका लागि आफ्नै पैसा दिने भने तापनि पछि नकरात्मक दृष्टिले आमा बाबुपति घृणाको भाव देखाउनु र आफ्नी श्रीमती हुँदाहुँदै अर्काकी श्रीमतीसँग अनैतिक सम्बन्ध राख्नुजस्ता कार्यले उसको व्यवहारमा निकै परिवर्तन आएकाले नीरप्रताप गतिशील पात्र हो ।

**व्यक्तिगत पात्र**

जीवन चेतनाका आधारमा नीरप्रताप व्यक्तिगत पात्र हो। उसले आमाबाबु, आफ्नी श्रीमतीको इज्जतको ख्याल नगरी सम्पत्ति मात्र भर्ने विचारले जस्तोसुकै अनैतिक कार्य पनि गर्न पछि नपरेकाले उसलाई व्यक्तिगत पात्र मान्न सकिन्छ।

**मञ्चीय पात्र**

आसन्नताका आधारमा नीरप्रताप मञ्चीय पात्र हो। उपन्यासलाई अगाडि बढाउन उसको प्रत्यक्ष भूमिका भएका कारणले उनी मञ्चीय पात्र हुन् भन्न सकिन्छ।

**बद्ध पात्र**

उपन्यासबाट नीरप्रतापलाई हटाउँदा उपन्यासको संरचना खल्बलिने भएकाले आबद्धताका आधारमा ऊ बद्ध पात्र हो।

**६. दरबारी**

**स्त्री पात्र**

यस उपन्यासकी सौमित्रमहलमा काम गर्ने रचनाकी आमा हरेकृष्ण दलीकी श्रीमती भएका कारणबाट दरबारी लिङ्गका आधारमा स्त्री पात्र हो।

**सहायक पात्र**

आफ्नो आर्थिक स्थिति कमजोर भएकाले मालिककहाँ जस्तोसुकै काम गर्न बाध्य र आफ्नो कामको सानो गल्तीबाट अपमानित भई कामबाट निस्किएपछि आफ्ना श्रीमान्‌बाट कैयौँ पीडा सहेर पनि निरन्तर सङ्घर्ष गरी आफ्नो जीवन सफल बनाउन सफल दरबारी सुरुदेखि बीच भागसम्म उसको भूमिका रहेकाले रचनाकी आमा हरेकृष्ण दलीकी श्रीमती दरबारी कार्यका आधारमा सहायक पात्र हो।

**अनुकुल पात्र**

आफूले मदिरा सेवन गरेको निहुँमा नोकरीबाट निकालिनु, श्रीमान् पनि चारवटी स्वास्नी भएको हुनु र सबै सुनचाँदी बेचेर खाइदिनु जस्ता अनेक पीडासँग जुद्धै सकारात्मक धारणा राखी अगाडि बढ्ने भएका कारण उनी प्रवृत्तिका आधारमा प्रस्तुत उपन्यासको अनुकुल पात्रको रूपमा दरबारीलाई लिइन्छ।

**गतिशील पात्र**

श्रीमान् खराब भएका कारण पीडित बनेकी दरबारीले त्यस हरेकृष्ण दलीलाई छाडेर महिलाहरूलाई पढाउने सितार स्कुल खोली बस्छे। पहिले मालिककहाँ नोकरी गर्ने दरबारी अहिले

आफैँ नै मालिक भएकाले उसको व्यवहार पहिलेभन्दा परिवर्तन भएका कारण उनी स्वभावका आधारमा गतिशील पात्र हो ।

**वर्गगत पात्र**

आर्थिक रूपले मात्र नभएर नोकरीमा समेत विश्वास दिलाउन नसकेर अनि श्रीमान्को स्वभाव ठीक नभएर जस्ता पीडालाई सहज रूपमा लिँदै अगाडि बढ्न सफल भएकाले उनले समाजकी एक असल र हिम्मत भएका नारीको प्रतिनिधित्व गरेकाले दरबारीलाई वर्गगत पात्रका रूपमा लिइन्छ ।

**मञ्चीय पात्र**

उपन्यासमा प्रस्तुत भएकी दरबारीले कथानकलाई अगाडि बढाउन अहम भूमिका खेलेका कारण आसन्नताका आधारमा दरबारी मञ्चीय पात्र हुन् ।

**बद्ध पात्र**

उपन्यासकी दरबारीको भूमिका कम भएजस्तो देखिए पनि उपन्यासमा सुरुदेखि बीचसम्म आएकी हुनाले उनी आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

**७. रचना**

**स्त्री पात्र**

उपन्यासको पात्र दरबारकी छोरी, ज्ञानु र यशोधराकी माइली बुहारी एवम् रविकी श्रीमती भएबाट उनी लिङ्गका आधारमा स्त्री पात्र हुन् ।

**सहायक पात्र**

उपन्यासको मध्य भागमा उसको भूमिका रहेकाले उनलाई सहायक पात्रका रूपमा लिन सकिन्छ । डाक्टर भई अमेरिका गएकी रचना आफ्ना पहिलो लोग्ने छाडेर लैजानु र सासु ससुरालाई पनि केही दिनसम्म सम्मान गर्नु र केही समय पश्चात् घृणा गर्न थाल्नेजस्ता काम गरेकाले उसको मध्यदेखि अन्त्य भागसम्म भूमिका रहेकाले कार्यका आधारमा उनी सहायक पात्र हुन् ।

**प्रतिकुल पात्र**

प्रवृत्तिका आधारमा रचना प्रतिकुल पात्र हो । किनभने आफ्ना सासु र ससुरालाई केही समय राम्रो गरेजस्तो गरेर पछि आफ्नी सासुलाई घरको नोकरझैँ सबै काम गर्दा पनि बारम्बार व्यङ्ग्य गरेर भनिरहनु सासु ससुराका कारणले लोग्ने र छोराछोरीलाई पनि गाली गर्नु, सम्पत्ति आफूले मात्र कमाएको भनी अहङ्कार देखाउनुजस्ता कामले पनि रचना प्रतिकुल पात्र हो भनेर चिनाउन सकिन्छ ।

**गतिशील पात्र**

स्वभावका आधारमा रचना गतिशील पात्र हुन् । सुरुमा आफ्ना सासु र ससुरा अमेरिका जाँदा राम्ररी स्वागत सत्कार, मानसम्मान गरेर राम्ररी हेरविचार गरे पनि पछि बिस्तारै उसको विचार एवम् दृष्टिकोणमा परिवर्तन भएका कारण आफ्ना लोग्ने र छोराछोरीलाई व्यङ्ग्य गर्दै, गाली र झगडा गरी सासू ससुरालाई हटाउने जालखेल गरेकाले पनि रचना गतिशील पात्र हो ।

**व्यक्तिगत पात्र**

रचना नितान्त व्यक्तिगत पात्र हुन् । उनले आफ्नो पहिलेको लोग्ने छाडेर रविलाई अमेरिकासम्म पुऱ्याए पनि सम्पत्तिको प्रलोभनमा परी आफ्ना लोग्ने, सासु ससुरा र छोराछोरीलाई रवाफ देखाउने गर्दछे र सबै सम्पत्ति हकदार बन्ने कुरा गर्छे । त्यसैले जीवनचेतनाका आधारमा उनी व्यक्तिगत पात्र हुन् ।

**मञ्चीय पात्र**

उपन्यासकी रचनाको भूमिका प्रत्यक्ष भएका कारण ऊ मञ्चीय पात्र हो ।

**बद्ध पात्र**

रचनालाई उपन्यासबाट झिक्दा हटाउँदा उपन्यासको संरचनामा खलबल पुग्ने हुँदा आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् ।

**८. शशीप्रताप**

**पुरुष पात्र**

ज्ञानुका यशोधराका कान्छा छोरा र वीराका श्रीमान् भएका कारण शशीप्रताप लिङ्गका आधारमा पुरुष पात्र हो ।

**सहायक पात्र**

कार्यका आधारमा शशीप्रताप सहायक पात्र हुन् । उपन्यासमा उनको उपस्थिति कम मात्रामा भए तापनि उपन्यासको कथानकको विकासका लागि महत्त्वपूर्ण भूमिका निभाएका छन् ।

**अनुकुल पात्र**

प्रवृत्तिका आधारमा शशीप्रताप अनुकुल पात्र हो । किनभने सुरुमा राम्रोसँग अध्ययन रुचि राख्ने शशीले छात्रवृत्ति परेर अमेरिका गएर होटलमा म्यानेजर भई काम गरेकाले र आफ्नी श्रीमती र आमाबाबुलाई साथै आफ्ना दाजुभाउजुलाई समेत सद्भाव एवम् आत्मिक भावना राख्नाले उनलाई प्रवृत्तिका आधारमा अनुकुल पात्रका रूपमा लिइन्छ ।

**गतिहीन पात्र**

स्वभावका आधारमा शशीप्रताप गतिहीन पात्र हो । उपन्यासको कथानक अन्त्यसम्म पनि आफ्नो विचार एवम् स्वभावमा कुनै पनि किसिमको परिवर्तन गरेको छैन । हरेक सङ्घर्ष गरी जीवन बिताउन सफल पुरुष पात्र शशी हो । तसर्थ स्वभावका आधारमा शशीप्रताप गतिहीन पात्र हो ।

**वर्गगत पात्र**

जीवनचेतनाका आधारमा शशीप्रताप वर्गगत पात्र हो । उसलाई सङ्घर्षशील जीवन यात्रीका रूपमा लिन सकिन्छ । किनभने आफ्नी श्रीमतीले अनेक जालझेल गरी अर्कोसँग पोइल गई सबै सम्पत्ति सकेपनि हरेस नखाई निरन्तर सङ्घर्ष गरिरहन चाहन्छ । त्यसैले नेपाली समाजका पीडित पुरुष वर्गको प्रतिनिधित्व गरेको हुनाले उनलाई वर्गगत पात्रका रूपमा लिइन्छ ।

**मञ्चीय पात्र**

शशीप्रतापको भूमिका प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रत्यक्ष रूपमा रहेको छ । तसर्थ आसन्नताका आधारमा उनलाई मञ्चीय पात्र भन्न सकिन्छ ।

**बद्ध पात्र**

आबद्धताका आधारमा शशीप्रताप बद्ध पात्र हो । यस उपन्यासमा उनको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । उनलाई उपन्यासबाट झिक्दा उपन्यासको संरचना खल्बलिने मात्र नभएर उद्देश्य सम्म पूरा हुँदैन, तसर्थ शशीप्रताप बद्ध पात्र हो ।

### ४.१.५ चयनका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको विश्लेषण

#### ४.१.५.१ शब्द चयनका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यास

लघुतम् सार्थक भाषिक एकाइलाई शब्द भनिन्छ । भाषिक अभिव्यक्तिका क्रममा शब्द चयन महत्त्वपूर्ण हुन्छ । स्रष्टा सर्जकले एउटै अर्थ दिने शब्द समाजमा प्रचलित विभिन्न शब्दहरूमध्ये कुनै एउटालाई आफ्नो साहित्यमा प्रयोग गर्छन् । यो प्रक्रिया पूर्ण रूपमा सर्जकमा आधारित रहने भएकाले उसको रुचि तथा क्षमताले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । शब्द चयन अन्तर्गत तत्सम, तद्भव र आगन्तुक शब्दको चयन पर्दछन् । यसका अतिरिक्त नामपद, सर्वनाम पद, विशेषण पद, क्रियाविशेषण पद र अनुकरणात्मक शब्दहरू पनि पर्दछन् । यस अध्ययनमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा केशवराज पिँडालीले गरेको शब्द चयन अन्तर्गत निम्न पक्षमा केन्दित भई विश्लेषण गरिएको छ :

## १. तत्सम शब्द चयन

नेपाली भाषाको जननी भाषा संस्कृत हो। संस्कृत स्रोतबाट जस्ताको त्यस्तै अर्थात् रूप नफेरिकन नेपालीमा आएका शब्दलाई तत्सम् शब्द भनिन्छ। प्रस्तुत उपन्यासमा तत्सम् शब्दको सार्थक एवम् उपयुक्त प्रयोग भएको पाइन्छ। निम्न उदाहरणले उक्त कुराको पुष्टि हुन्छ :

क) त्यो एक वर्ष पुग्दा नपुग्दै फेरि किन फर्केर आयो ? (पृ. १)

ख) नब्बे सालको त्यस प्रयलङ्कारी भूकम्पले, ज्ञानुको सुखी संसारलाई एक धक्कामा उजाड तुल्याइदिएको थियो। (पृ. ३)

ग) मत्त यौवना नानी, सुसारेहरूका सान्निध्यमा जानुपर्दा भने उसका शरीरमा भय एवम् त्रासले चिटचिट चिसो पसिना आउने गर्दथ्यो। (पृ. ८)

घ) मुस्कान मानवको कति मधुरतम भाषा हुँदो रहेछ। (पृ. ११)

ङ) उसले बैतडीदेखि डोला ल्याइएकी किशोरीतर्फ नजानिँदो तालले हेरेथ्यो। (पृ. १४)

च) जनरलसाहेब समाचार सुन्ने कार्य उक्त व्यक्ति छउन्जेल भुइँबैठकमै बसेर गर्ने गर्दथे। (पृ. १७)

छ) उसको गतिविधिबाट ज्ञानु आतङ्कित हुन थालेको थियो। (पृ. २९)

ज) उसका यी कुराहरू सुनेर जनरलसाहेब क्षण भरका लागि चुप लागेथे। (पृ. ३५)

झ) "ए पैसाका लागि जस्तोसुकै अनैतिक कार्य गरे पनि त्यो क्षम्य हुन्छ उसो भए ?" (पृ. ४३)

ञ) शशीको डट्रोइटको घर शशी र वीराको संयुक्त नाममा थियो। (पृ. ६६)

ट) यो सुख, सुविधा र यो पैसा त्यहाँ कहाँ पाउने ? (पृ. ७०)

माथि रेखाङ्कन गरिएका शब्दहरू तत्सम् शब्द हुन्। जसको प्रयोगले कृतिलाई सार्थक तथा रोचक बनाउने काम गरेको पाइन्छ।

## २. तद्भव शब्द

संस्कृतबाट नेपाली भाषामा आउँदा सोझै नआइ संस्कृत, प्राकृत र अप्रभंश हुँदै परिवर्तन भई आएका शब्दलाई तद्भव शब्द भनिन्छ। तर संस्कृतबाट नेपाली भाषामा प्रयुक्त हुँदा रूप मात्र परिवर्तन हुने अर्थमा परिवर्तन नुहेन हुन्छ। 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयुक्त केही तद्भव शब्दहरू निम्नानुसार छन् :

क) म आफ्नो घरभित्र पनि कहिँ पस्न त पाउँछु ? किनभने घरको साँचो त त्यसैसँग थियो। (पृ. २)

ख)	महाराजले उसलाई छेड्ने आँखाले एकबाजी तलदेखि माथिसम्म हेरेथे । (पृ. ४)

ग)	"माल खरिद, अरू के काम हुन्छ र ?" (पृ. ६

घ)	लरेन्स भाइ ऊ ती आफ्नी छोरी यशोधरा तँलाई दिन चाहन्छन् । (पृ. १०)

ङ)	जनरल सौमित्रले आफ्नी रानी र छोराका लागि प्रत्येक शनिबार बिहानैदेखि सौमित्रमहल आएर बस्ने, खाने र राती माहाराजगञ्ज फर्कने नियम बसालिदिएका थिए । (पृ. १३)

च)	बुबामुमाले छाडेर गएपछि तिमीलाई यहाँ एक्लै बस्न न्यास्रो लाग्छ कि ? (पृ. १५)

छ)	उसलाई वैशाख जेठ महिनाको भतभताउँदो गर्मीमा गोसाइँकुण्डमा स्नान गर्दाको श्रद्धाले भरिएर आयो । (पृ. १४)

माथि रेखाङ्कित शब्दहरू तद्भव शब्दहरू हुन् । यो लेखकीय स्वतन्त्रतासँग सम्बद्ध हुनुको साथसाथै यस्तो चयनले भाषिक सौन्दर्य र भाव सौन्दर्य दुवै पक्षमा टेवा पुऱ्याएको छ भन्न सकिन्छ । प्रस्तुत उपन्यासमा तद्भव शब्द छनोटका दृष्टिले पनि कृति सार्थक नै रहेको पाइन्छ ।

**३. आगन्तुक शब्द चयन**

पुर्ख्यौली भाषा (नेपालीका सन्दर्भमा संस्कृत) बाहेकका अन्य भाषाबाट नेपाली भाषा शब्दलाई आगन्तुक शब्द भनिन्छ । आगन्तुक शब्दलाई पाहुना शब्द वा सापटी शब्द पनि भन्ने गरिन्छ । नेपालमै बोलिने विभिन्न राष्ट्रिय भाषाहरू तथा विदेशमा बोलिने विभिन्न भाषाबाट नेपाली भाषामा आएका शब्दहरू आगन्तुक शब्दअन्तर्गत पर्दछन् । प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयोग भएका आगन्तुक शब्दहरूको केही उदाहरणहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

क)	आजभन्दा ५ दिनअघि हवाई जहाजको टिकट बुक भएपछि शशीले उसलाई फोन गरेर हामी आइपुग्ने दिन सबै बताएर घर सफा गराउन भनेथ्यो । (पृ. २)

ख)	ज्ञानुका बाबु कृष्णप्रताप शाह सेनामा क्याप्टेन थिए । (पृ. ३)

ग)	उदयमान चिनियामानको पसलबाट कम्पनीहरूसँग पत्र व्यवहार गर्ने लेटर राइटिङ्गको एउटा अङ्ग्रेजी पुस्तक किनेर पनि लगेथ्यो । (पृ. ५)

घ)	हाम्रो बाइङ्ग एजेन्सीमा बस्नु, चक्रबेरिया रोडमा जनरलसाहेबले भनेथे । (पृ. ६)

ङ)	लोग्ने मान्छेको स्पर्श मात्रले पनि मेरो जीउ त बिजुलीको करेन्ट लागेझैं झल्न गर्छ । (पृ. ९)

च)	रेडियोको आगमनपछि तालिमे नानीहरूबाट सङ्गीत श्रवण गर्ने कार्य यद्यपि धेरै नै घट्दै गइसकेको थियो । (पृ. १७)

छ)	उनी त्यहाँबाट छुट्टिएर हतारहतार न्युयोर्कबाट बाहिर मार्केट निस्केथ्यो । (पृ. २०)

ज)	राणाशासकहरूले आपसमा बाँधेको नियमअनुसार तत्कालिन कमाण्डर डनचिफ नयाँ महाराज भएथे । (पृ. २१)

झ)	ऊभन्दा कम मार्क ल्याई पास गर्ने मन्त्री तथा सचिवहरूका भाइभतिजाले राम्रो जागिर पाए । (पृ. २९)

ञ)	रानीसाहेब जगदम्बाको सिटमा आर.जी.कर. मेडिकल कलेज कलकत्तामा डाक्टर पढ्न हिँड्थ्यो । (पृ. ३०)

ट)	उसको कान्छो छोरो शशीप्रताप अमेरिकी छात्रवृत्ति अन्तर्गत होटेल म्यानेजमेन्ट पढ्न अमेरिका गएथ्यो । (पृ. ३१)

ठ)	एउटी अविवाहिता लेडी डाक्टरले एउटा युवक डाक्टरलाई सारा सुखसुविधाको प्रलोभन दिई आफूकहाँ लगेर राख्न चाहन्थे । (पृ. ३२)

ड)	मैले भन्न खोजेको के भने यो पुरानो टाइपको घरमा अब नबसौँ । (पृ. ३७)

ढ)	नयाँ घरलाई आधुनिक किसिमका मालताल, फर्निचर, डस्ना, तन्ना, तकिया, गलैँचादेखि लिएर रेफ्रिजेरेटर, कुकिङरेन्ज तथा डाइनिङ टेबुल आदिले सजाइसकिएको थियो । (पृ. ४६)

ण)	ज्ञानु यशोधराका साथ साँझ ६ बनेतिर डट्राइट एयरपोर्ट पुगेथ्यो । (पृ. ५२)

त)	ज्ञानुले खङ्ग्रङ्ग हुँदै भनेथ्यो, "के एक्सपेट गरेका थियौँ तिमीहरूले ?" (पृ. ५८)

थ)	बरु ग्रयाण्ड्पा ! तिमीहरू यहाँ आएको पनि टु बिक्स भइसक्यो । (पृ. ५९)

द)	उनीहरू ब्रेकफास्ट गरेर एयरपोर्ट जान रविको गाडीमा बसेथे । (पृ. ६७)

माथि रेखाङ्कन गरिएका शब्दहरू आगन्तुक शब्द हुन् । यी शब्दहरू अङ्ग्रेजी, फारसी, चिनिया, अरबी आदि भाषाबाट 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा आएका हुन् । यस्ता आगन्तुक शब्दको प्रयोग 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रशस्तै पाउन सकिन्छ । यी शब्दहरूमा पनि अङ्ग्रेजी भाषाबाट आएका शब्दहरूको बाहुल्यता देखिन्छ ।

**४. झर्रा तथा अनुकरणात्मक शब्द**

कुनै स्रोतबाट नभएर आफ्नै नेपाली परिवेशसँग मेल खाने र निश्चित अर्थ दिन सक्ने सामर्थ्य भएका शब्दहरू झर्रा शब्द हुन् । कुनै आवाज, दृष्य वा क्रियाको अनुकरण गर्ने अथवा नक्कल बुझाउने शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । आवाजको अनुकरण गर्ने शब्द सुनेर थाहा हुन्छ भने दृष्य र क्रियाकलाई अनुकरण गर्ने शब्द देखेर थाहा पाइन्छ । प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' केशवराज पिँडालीद्वारा लिखित उपन्यासमा प्रयोग भएका यस्ता शब्दहरूका केही उदाहरणहरू निम्नानुसार छन् :

क) यस्तैमा देख्दछु ऊ त ङिच्च ङिच्च गर्दै कोठामा पस्दोछ । (पृ. १)

ख) मेरा कुराले ऊ आनन्दित भएजस्तो हुन्छ अनि मुसुक्क हाँसेर बालिस्ट तानी अडेस लागेर बस्दछ । (पृ. २)

ग) टुहुरो भएको ज्ञानु खुब रोएथ्यो, कराएथ्यो र विरहमा चुर्लुम्म डुबेथ्यो । (पृ. ३)

घ) ऊ कुनै बिराम भएको ठानेर थरथरी भएथ्यो र काँतर भएर जनरलसाहेबको अनुहारतिर टुलुटुलु हेरिरहेथ्यो । (पृ. ७)

ङ) जनरल सौमित्रशमशेले कुनै आडम्बर नगरी चुपचाप दियोकलश पुजेर उनीसँग विवाह गरे । (पृ. १५)

च) त्यस दिन राती समय निकै ढल्केपछि ज्ञानु घर जाने उद्देश्यले जुरुक्क उठेथ्यो । (पृ.)

छ) हिँड्दाहिँड्दैकी दरबारी ब्रेक लागेझैं टक्क अडिई । (पृ. १८)

ज) फेरि घरभरि चार चार गुँडका सन्तान ग्याइँग्याइँती । (पृ. १९)

झ) रवि पनि एउटी सुन्दरीको पछि लागेर भुर्र उडेर जाने भयो । (पृ. ३२)

ञ) उसको यस अभद्र व्यवहारबाट उनीहरूको मनमा कताकता च्वास्स काँडाले घोचेझैं भएथ्यो । (पृ. ३३)

ट) उसले झसङ्ग भएर हेऱ्यो । (पृ. ३५)

ठ) रानीसाहेबलाई त कक्रयाककुक्रुक पारेर फाल्दिन सक्थ्यो नि ! (पृ. ४१)

ड) उसको त्यो शान्त गृहस्थी भित्रभित्रै बिस्तार बिस्तार फुसुफुसु सल्केर गुम्सन थालेको थियो । (पृ. ४५)

माथि रेखाङ्कन गरिएका शब्दहरू 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयुक्त झर्रा तथा अनुकरणात्मक शब्दका केही उदाहरण हुन् । यस्ता शब्दहरूको सन्दर्भानुकुल प्रयोगका कारण उपन्यासको भाषा अत्यन्तै कलात्मक र जीवन्तमा प्राप्त गरेको देखिन्छ। यस्ता झर्रा तथा अनुकरणात्मक शब्द उपन्यासमा पर्याप्त पाइन्छन् ।

### ४.१.५.२ कार्यका आधारमा शब्द चयन

#### १. विशिष्ट नामको चयन

कुनै वस्तु, व्यक्ति, ठाउँ, पदार्थ, भाव आदिलाई जनाउन प्रयोग गरिने शब्दलाई नाम भनिन्छ । यसमा कोशील अर्थ सन्निहित रहेको हुन्छ । नाम वाक्यात्मक संरचनामा आउँदा प्रायः वाक्यादि, निर्धारक र विशेषणपछि आउँछ । यसलाई के, को, कसले आदि प्रश्नको उत्तरमा आउने शब्दवर्ग मानिन्छ । लिङ्ग, वचन, आदर र कारकका आधारमा रूपायन हुने भएकाले यो विकारी

वर्ग अन्तर्गत पर्दछ । प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयुक्त केही नामपदका उदाहरण निम्नानुसार छन् :

क) बिहान उठ्ने बित्तिकै सुनें ज्ञानु र उसकी पत्नी यशोधरा अमेरिकाबाट आए रे ! (पृ. १)

ख) उसले तरानातिर यसो हेऱ्यो । (पृ. १४)

ग) भोलिपल्ट गाँसमात्र टिपेर ऊ सौमित्रमहल पुगेथ्यो । (पृ. २२)

घ) कलकता गएको ६ वर्षपछि रवि पनि डाक्टर बनेर फर्केथ्यो । (पृ. ३०)

ङ) जनरलसाहेब क्षणभरमा चुप लागेथे । (पृ. ३५)

च) तराना अरू पनि एकछिन बसेर अरू पनि निकै कुराहरू गरेर बिदा भइथी । (पृ. ४२)

छ) नीरले साराका सामु ज्ञानुको त्यत्रो बेइज्जती गरी घर त्यागेर अलग बस्न थाले तापनि यशोधराको पुत्रप्रतिको स्नेहमा कमी आएको थिएन । (पृ. ५०)

ज) रचनाको स्वभाव अत्यन्तै राम्रो छ । (पृ. ५३)

झ) म तिमीलाई अङ्ग्रेजी पढाउँछु । (पृ. ५५)

ञ) शीलाले सुनको सिक्री लिएर घाँटीमा देखाउँदै भनिथी । (पृ. ५९)

ट) उनीहरूलाई आकापुल्काको रमणीय समुन्द्र तटको सयल गराएथ्यो । (पृ. ६७)

ठ) उनीहरू एक हप्ता मेक्सिको बसेर न्युयोर्क हुँदै काठमाडौं आएथे । (पृ. ७०)

माथि रेखाङ्कन गरिएका शब्दहरू नाम शब्द हुन् । त्यस्ता विभिन्न नाम शब्दको समुचित प्रयोगले उपन्यासको कथानक सरल र प्रभावकारी बन्न पुगेको छ ।

### २. सर्वनाम चयन

नाम पदावली वा वाक्यमा सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । सर्वनामले नाम, नाम पदावली वा नामिक वाक्यको पुनरुक्तिलाई रोक्ने कार्य गर्दछ । वचन, पुरुष, कारक र आदरमा यसको रूपायन हुन्छ । 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयोग भएका सर्वनाम पदहरूका केही उदाहरण निम्नानुसार देखाइएको छ :

क) उसका मामाले त्यसै दिन उसलाई आफ्ना साथमा लिएर गई श्री ३ महाराजका मन परेका छोरा बाबा हजुर अर्थात् सौमित्र शमशेरकहाँ पनि दाम राख्न लगाएथे । (पृ. ५)

ख) "कस्तो यो सुब्बासाहेब त ! हेर मलाई उछिनेर रतुवा कुदेझैं कुदेको !" (पृ. ९)

ग) "तेरो मामालाई भोलि मकहाँ पठाइदिनु । तेरा लागि एउटा घर किन्ने पैसा र तेरो बिहाखर्च म उनैको जिम्मा लगाइदिन्छु ।" (पृ. ११)

घ) उनी समाचार सुन्ने प्रसङ्गमा ज्ञानुसँग बराबर विश्व राजनीतिलाई लिएर पनि विचार विमर्श गर्ने गर्दथे ।

ङ)	त्यस दिन उसको कान्छो छोरो शशीप्रताप शाहको पास्नी थियो । (पृ. २१)

च)	यशोधराको त्यस भनाइमा ऊ मुसुक्क हाँस्दथ्यो र उसलाई तानेर अङ्गमा लिई उसको ढाड सुम्सुम्याउन थाल्दथ्यो ।

छ)	नीरले अन्त काम नपाउन्जेल म त्यसलाई काम दिन्छु । (पृ. २९)

ज)	ऊ दुई लाखको चेक लिएर बडो भारी मनले घर फर्केथ्यो । (पृ. ३७)

झ)	यशु ! तिमी जान चाहन्छ्यौ भने जाऊ । म त अब त्यस कहाँ मरेपनि जान्न । म अमेरिका जान्छु र रविकहाँ अथवा शशीकहाँ गएर बस्छु । (पृ. ५०)

ञ)	"लौ थाहा छैन तिमीलाई ? आर्नोल्ड मेरो बोयफ्रन्ड हो ।"

ट)	उनले झन् तातेर भनिथिन्, 'घिच्नेले घिच्ने, नघिच्नेले फाल्ने ।' (पृ. ६९)

माथि रेखाङ्कन गरिएका सर्वनाम पदहरूले 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयोग भएका नामपदहरू दोहोरिएर आउने भद्धापनलाई हटाएर भाषिक मधुरता र आकर्षण थप्ने काम गरेको देखिन्छ ।

**३. विशेषणको चयन**

नामको गुण, दोष, मात्रा, अवस्था आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ । लिङ्ग, वचन, कारक र आदरका आधारमा यसको रूपायन हुन्छ । यसलाई कुन, कस्तो, कस्ती, कति, कत्रो आदि प्रश्नको उत्तरमा आउने शब्दवर्ग मानिन्छ । 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयोग भएका केही विशेषण शब्दको उदाहरणहरू निम्नानुसार छन् :

क)	हामी स्कुलदेखि लिएर विश्वविद्यालय तहको पढाइसम्म पनि सँगसँगै रह्यौं । (पृ. ४)

ख)	कलकत्ता छाडेको तेस्रो दिनको दिन चिसापानीगढी पुगेपछि सौमित्रमहलमा टेलिफोन गरी सबै सामानहरू साथमै लिई गढी आइपुगेको कुरो बिन्ती गरेथ्यो । (पृ. ७)

ग)	महाराजको आगमनको चौथो दिन नै सौमित्रशमशेरले डोलामैयाले प्राणीग्रहण गरेथे । (पृ. १५)

घ)	ऊ सहरी पनि त्यतिकै थिई । (पृ. १६)

ङ)	जनरल सौमित्रशमशेरको अब बढ्यौलीका कारणबाट हो वा नारीप्रति उब्जेको घृणाको कारणबाट हो । (पृ. २२)

च)	पानी पर्न थालेपछि भुइँमा हरिया घाँसहरू उम्रम थाल्दछन् । (पृ. २८)

छ)	सबै कुरा सुनेपछि ज्ञानु गम्भीर भएर निकैबेर चुपचाप बसेथ्यो । (पृ. ३१)

ज)	ज्ञानुले जागिर छुटेर बिना आम्दानीको बेकार मान्छे भई बस्नुपरेको भन्दै एकवर्ष पुग्न लागिसकेको थियो । (पृ. ३९)

झ) रचनाको स्वभाव अत्यन्तै राम्रो छ । (पृ. ५३)

ञ) रचनाको प्रथम दर्शनमै मनमा किनकिन प्रतिकुल प्रभाव पर्न गयो । (पृ. ५३)

ट) हाम्रो रजाइँ देखेर उनको ब्रह्माण्ड तात्यो । (पृ. ३९)

माथि रेखाङ्कन गरिएको विशेषणहरूको प्रयोगले गर्दा उपन्यासमा भाषिक मधुरता, आकर्षक र प्रभावकारिता वृद्धि गर्ने काम गरेको देखिन्छ ।

**४. क्रियापदको चयन**

वाक्यमा कर्ताले गरेको कुनै काम वा कार्यव्यापार घटना वा अवस्था आदिलाई बुझाउने शब्दलाई क्रियापद भनिन्छ । क्रियापदको अभावमा न त वाक्यले पूर्णता प्राप्त गर्छ न त विचारले नै । प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयुक्त केही क्रियापदहरूको उदाहरण निम्नानुसार छन् :

क) एउटी अधबैंसे नारी र अर्की एउटी नवयुवती बसिरहेका थिए । (पृ. ९)

ख) उनी कहिले ठुमरीलाई गालिबको गजल गाउन लगाउँदथे भने कहिले जयवन्तीलाई जयजयन्ती गाउन लगाउँदथे । (पृ. १७)

ग) यशोधराको त्यस भनाइमा ऊ मुसुक्क हाँस्दथ्यो र उसलाई तानेर अङ्गमा लिई उसको ढाड सुम्सुम्याउन थाल्दथ्यो । (पृ. २६)

घ) ज्ञानुका छोराहरू अब ठूला भइसकेका थिए । (पृ. २९)

ङ) ती डा. रचना विवाहिता हुन् ? (पृ. ३१)

च) उसले मनमनै हिसाब गरेर भनेथ्यो, "साठीको भएँ प्रभु १९६८ मा जन्मेको हुँ ।"(पृ. ३५)

छ) पैसा भए मान, प्रतिष्ठा, सुख, आराम सबै छ । पैसा नभए केही पनि छैन । (पृ. ४३)

ज) जग्गा समात्न अहिले मलाई एक लाख बक्स्योस् । (पृ. ३७)

झ) यो अडान होइन बाबुसाहेब ! वास्तविकता हो, तिमी मान नमान, छोटाका सन्तान छोटा नै हुन्छन् । (पृ. ५१)

ञ) उसले यशोधराको घाँटीको सुनको सिक्री देखाउँदै भनिथी । (पृ. ५८)

ट) बुद्धि घुच्चुकमा बसेबाटै यिनै निष्क्रिय र दीनहीन बनी मलाई समेत साथमा लिई आश्रय लिन अमेरिका पुगेथे । (पृ. ७३)

माथि रेखाङ्कन गरिएका शब्दहरू 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयोग गरिएका क्रियापदहरू हुन् । क्रियापदहरूको उचित प्रयोग भएका वाक्यात्मक संरचनाहरूको प्रयोगले उपन्यासमा भाषिक सौन्दर्य सिर्जना गरेको देखिन्छ ।

### ५. क्रियाविशेषणको चयन

क्रियापद, विशेषण तथा क्रिया विशेषणको विशेषता बुझाउन प्रयोग गरिने अव्यय शब्दलाई क्रियाविशेषण भनिन्छ। यिनीहरूका कारण भाषिक सुन्दरता, मधुरता र मिठास उत्पन्न हुन्छ। 'बाँच्न एउटा जिन्दगी' उपन्यासमा प्रयुक्त केही क्रियाविशेषणहरूको उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

क) ज्ञानुले भोलिपल्ट आएर मकहाँ यी सब कुराको बेलिविस्तार लगाएथ्यो। (पृ. ५)

ख) ज्ञानप्रताप शाहलाई सौमित्रमहलको दरबारिया चालचलन, विधिव्यवहार तथा रीतिस्थितिमा ढालिन ज्यादै गाह्रो पर्न थालेको थियो। (पृ. ६)

ग) जनरलसाहेबले अनि दुई पाइला अघि बढेर भने। (पृ. ८)

घ) ऊ लाजले भुतुक्क भएर त्यहीँ खुम्चिइथी। (पृ. १०)

ङ) जनरलसाहेब त जहिले पनि यस्तै मर्जी हुन्छ। (पृ. १८)

च) तीन चार महिनापछि बिस्तारै ऊ ज्ञानुको स्मृतिबाट हटेर गई। (पृ. १९)

छ) "अहिले त काम छ, भोलि आउँला।"(पृ. २०)

ज) उनको अधिकांश समय अब अध्ययनमा व्यतीत हुन थालेको थियो। (पृ. २३)

झ) परिणामस्वरूप आज ती देशबाट पलायन गर्दछन्। (पृ. २५)

ञ) त्यसको विपरीत अब आज यो सब के हुँदो छ ? (पृ. ३२)

ट) उसको कुरा सुनेर जनरलसाहेब निकैबेर गम्भिर भएथे। (पृ. ३४)

उल्लिखित उदाहरणमा आएका रेखाङ्कित शब्दहरू यस उपन्यासमा प्रयोग भएका क्रिया विशेषण शब्दहरू हुन्। जसको प्रयोगले उपन्यासलाई आकर्षक बनाएको देखिन्छ।

### ६. नामयोगीको चयन

नामिक पद (नाम, सर्वनाम, विशेषण) सँग जोडिई आउने र आफ्नो स्वतन्त्र अर्थ पनि नहुने एवम् एकल रूपमा प्रयोगमा नआउने अव्यय पदलाई नामयोगी भनिन्छ। यस उपन्यासमा प्रयोग भएका केही नामिक पदका उदाहरणहरू निम्नानुसार छन् :

क) उसकी पत्नी यशोधरा अमेरिकाबाट फर्केर आए रे। (पृ. १)

ख) चोरी चोरी उसैलाई हेरिरहेकी यशोधरासँग उसका आँखा चार भएथे। (पृ. १०)

ग) ज्ञानुलाई त्यस आइमाईप्रति करुणा लागेर आएथ्यो। (पृ. १८)

घ) ज्ञानुले सौमित्र शमशेरकहाँ नोकरी गर्न थालेको ६ वर्ष पूरा भइसकेको थियो। (पृ. २१)

ङ) यो सबै कुरा सुनेपछि ज्ञानु गम्भिर भएर निकैबेर चुपचाप बसेथ्यो। (पृ. ३१)

च) सोझो बाटोमा पनि बाङ्गो हिँड्नुचाहिँ नैतिक कुरा होइन। (पृ. ३४)

छ) डोला रानीसाहेब र नीरकाबीच अनैतिक सम्बन्ध कायम भएको कुरो थाहा पाएथ्यो । (पृ. ३९)

ज) डोला रानीसाहेब र नीरको स्थिति कसैको पनि वशभन्दा बाहिरको कुरो भइसकेको छ । (पृ. ४१)

झ) नीरको यस किसिमको विचार सुनेर ज्ञानुलाई त्यसदेखि घृणा लागेर आएथ्यो । (पृ. ४४)

ञ) कहिले आधारातपछि घर फर्कन्थ्यो । (पृ. ४८)

ट) ज्ञानुलाई भने रात गएसम्म निद्रा लागेन । (पृ. ५४)

माथि रेखाङ्कन गरिएका शब्दहरू 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयोग भएका नामयोगी शब्दहरू हुन् । उक्त शब्दको प्रयोगले उपन्यासको भाषा प्रभावकारी र आकर्षक बनेको देखिन्छ ।

**७. निपातको चयन**

आफ्नो स्वतन्त्र अर्थ नभएको तर वाक्यमा प्रयुक्त भई भनाइमा जोड दिने, अर्थमा मिठास ल्याउने अव्यय शब्दलाई निपात भनिन्छ । प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयुक्त केही निपात शब्दका उदाहरण निम्नानुसार छन् :

क) आत्माभिमानी ज्ञानुले छोराले गरेको त्यो अपमान, त्यो तिरस्कार र त्यो बेइज्जती सबै सहजै थियो होला त ? (पृ. ३)

ख) माल खरिद, अरू के काम हुन्छ र ? (पृ. ८)

ग) बुबामुमाले छाडेर गएपछि तिमीलाई यहाँ एक्लै बस्न न्यास्रो लाग्छ कि ? (पृ. १५)

घ) "ए ! एक शट ह्विस्की अर्को दे त मलाई ? (पृ. १७)

ङ) उनकी आमा दरबारी कहाँ छन् रे त अहिले ? (पृ. ३१)

च) अर्थ त सोझै निस्क्यो नि अनर्थ हुन्छ । यशोधराले भनी । (पृ. ३२)

छ) इ बुबा ! हजुरलाई लड्डु खानुसँग मतलब छ कि राख्नुसँग मतलब छ ? (पृ. ३५)

ज) त्रिचालीस चौवालिसको उमेरमा आएर डोला रानीसाहेबमा बैंस फुलेको छ क्या बैंस, ढकमक्क फुलेको छ । (पृ. ४०)

झ) मुमा मात्र आउँदिन भन्ने कुरो उसलाई थाहै छ नि ! (पृ. ५०)

ञ) नेपालदेखि आएर हामी यहाँ बस्नुको अर्थ नै तिम्रो मम्मीको पो रिकग्निसन हो ? (पृ. ७१)

ट) क्या हो यो सब ? काया नै पलट भइसकेछ नि त यहाँ ! (पृ. ७१)

माथि रेखाङ्कन गरिएका शब्दहरू निपात शब्द हुन् । यस 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा निपात पदको छनोट प्रसङ्गानुसार प्रयोगले रोचकता प्रदान गरेको छ ।

**८. संयोजक शब्दको चयन**

शब्द, पदावली, वाक्यांश वा वाक्यलाई जोड्ने अव्यय पदलाई संयोजक भनिन्छ । संयोजक शब्द त्यस्ता शब्द हुन्, जसको आफ्नो स्वतन्त्र अर्थ प्रयोग हुँदैन । प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयुक्त केही संयोजकका उदाहरणहरू निम्नानुसार छन् :

क) बिहान उठ्ने बित्तिकै सुने ज्ञानु र उसकी पत्नी यशोधरा अमेरिकाबाट फर्केर आए रे ! (पृ. १७)

ख) सोच्दै थिएँ नुवाइधुवाइ गरेर आउँछु किनभने भोलि त म आफ्नो मौजा सर्लाही जाँदैछु । (पृ. २)

ग) यता घरमा उसका मामाले भनेथे, "जागिर त निगाह भयो ज्ञानु ! तर यही सुब्बाङ्गी कतै अड्डा अदालततिर पाएको भए कति बेश हुन्थ्यो । (पृ. ५)

घ) उसले जनरलसाहेबको घरकाजमा काम गरेको पनि वर्ष दिन पुगिसकेको थियो । (पृ. ८)

ङ) सलाम बाबुसाहेब ! अनि फेरि उनले अधबैंसे नारीतिर देखाउँदै भनेथे । (पृ. ९)

च) तालिमेहरूमा दरबारी सिताखादनमा खप्पिस थिई भने तबलावादनमा झपताली प्रवीन थिई । (पृ. १६)

छ) जनरलसाहेबलाई मदिरा पान गराई भुजा ज्युनारमा सवारी चलाएपछि अथवा सुकला खोपीमै पुऱ्याएपछि मात्र उसले घर जान पाउने हुन थालेको थियो । (पृ. २३)

ज) भारदाहरू खास गरेर पाण्डे तथा थापाहरूले पक्ष विपक्षमा लागेर स्थितिलाई झन् चर्काएका थिए । (पृ. २६)

झ) अरू कुनै पनि युगमा प्राप्त हुन नसकेको आराम तथा सुख सुविधा आज पैसाबाट सहज प्राप्त गर्न नसकिने भएको छ त्यसैले आज साराको झुकाउ पैसातिर भएको छ । (पृ. ३४)

माथि रेखाङ्कित शब्दहरू 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयोग भएका संयोजक पदहरूका केही उदाहरण हुन् । यस उपन्यासमा सापेक्ष र निरपेक्ष दुवै संयोजकहरूको प्रशस्त मात्रामा उपयुक्त र सान्दर्भिक चयन गरिएको देखिन्छ ।

**९. विस्मयादिबोधक पदको चयन**

विभिन्न अवस्था, घटना वा परिवेश अनुसार मानव मनमा उत्पन्न हुने हर्ष, विस्मात्, दुःख आदि प्रकट गर्न प्रयोग गरिने अव्यय पदलाई विस्मयादिबोधक भनिन्छ । यसले मनको विकार वा भाव जनाउने गर्दछ । प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयुक्त विस्मयादिबोधक शब्दहरूको उदाहरणहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) "अँ केशव ! आफ्नो माटोको आकर्षण ज्यादै नै बलियो हुँदो रहेछ ।" (पृ. २)

ख)	ए ! बिहा भएर सन्तान पनि यत्री भइसकी ? (पृ. १९)

ग)	ए ए ए ! के गरेको यो ? (पृ. ११)

घ)	क्या फसाद ! हुलिया मर्जी भएन तिनको ? (पृ. १४)

ङ)	हे प्रभु ! रवि र शशीले चटक्क छोडेर गएपछि त अब कर लाग्न थालिसकेको छ । (पृ. ३४)

च)	हगि सुब्बासाहेब ! तपाइँजस्तो असल मान्छे त दुनियाँमा कमै हुन्छन् । (पृ. ४०)

छ)	खै ! कारण त खास त्यस्तो केही छैन । (पृ. ५६)

ज)	ओहो ! शीलाले सिक्री देखाउँदै भनिथी । (पृ. ५८)

झ)	छि ! यो बाथरुम सफा नभएको त ६ महिना नै भएछ । (पृ. ६३)

ञ)	हे भगवान ! मलाई नेपाल पठाइदेऊ । यशोधराले विचलित हुँदै भनिथी । (पृ. ६७)

ट)	आम्मै सुब्बासाहेब ! नाइटो झरेको छैन यो त यस्तो कुरा गर्ने पनि भइसकेकी रहिछ । (पृ. ५६)

माथि रेखाङ्कन गरिएका शब्दहरू विस्मयादिबोधक पद हुन् । यस्ता पदहरू प्रस्तुत उपन्यासमा प्रसङ्गानुसार प्रयोग भएको पाइन्छ ।

## १०. उखानटुक्काको चयन

लोक व्यवहारमा चलन चल्तीमा प्रयोग हुने युक्तिमय वाक्यलाई उखान भनिन्छ । जसले लोक जीवनका छरिएका अनुभूतिहरूको तीव्र अभिव्यञ्जना गरिनुका साथै विभिन्न आलङ्कारिक अर्थलाई लयात्मक ढङ्गले सुत्रबद्ध गर्ने वाक्यलाई उखान भनिन्छ । उखान संरचनाका दृष्टिले आफैंमा स्वतन्त्र वा पूर्ण हुन्छन् । यसको उत्पत्ति सांस्कृतिक परिवेश, ऐतिहासिक घटना र विशिष्ट विद्वानहरूका उक्तिबाट भएको मानिन्छ । त्यसैगरी विशेष वा लाक्षणिक अर्थमा व्यक्त हुने खास किसिमका पदावलीलाई टुक्का भनिन्छ । टुक्कालाई वाक्पद्धति, वाक्यांश, वाग्धारा, मुहाबरा आदिको नामले चिनिन्छ । टुक्काहरू एकपदीय र बहुपदीय हुन्छन् । यस 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयोग भएका केही उखानटुक्काका उदाहरणहरू निम्नानुसार छन् :

क)	"थुतुनु र मुतुनु जोगाउनुपर्छ ।" (पृ. ४)

ख)	"जसको लठ्ठी उसको भैँसी ।" (पृ. २६)

ग)	"शङ्काले जरो हाल्नु ।" (पृ. २८)

घ)	"अल्लारे भूत चढ्नु ।" (पृ. २९)

ङ)	"मनमा च्वास च्वास घोच्नु ।" (पृ. ३४)

च)	"आफ्नो मन चङ्गा भए धाराकै पानी गङ्गा हुन्छ ।" (पृ. ५)

छ)	"मिति पुग्नु ।" (पृ. ४१)

ज)	"नाललाई जति चलायो उति गन्ध ।" (पृ. ४४)

झ)	"तिनलाई ताड बनाउनु ।" (पृ. ४६)

ञ)	"कालो बादल लाग्नु ।" (पृ. ६२)

ट)	"मन सबै फूलको थुँगाजस्तै हलुको भएर आउनु ।" (पृ. ६७)

यसरी उखानटुक्काको प्रयोगले भाषा मिठास र रोचक बन्न पुगेको देखिन्छ। यस उपन्यासमा उखानको प्रयोग प्रसङ्ग अनुकुल भएको देखिन्छ ।

**४.१.६ विचलनका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको विश्लेषण**

**४.१.६.१ विचलन**

मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०४८:८०, प्रचलित संरचनालाई अतिक्रमण गरी साहित्यिक संरचनामा नवीनता ल्याउन खोजेको पाइन्छ। भाषा प्रयोगको प्रचलित पथ वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भनिन्छ। कृतिकारले साहित्यमा नवीनता ल्याउन विचलनको प्रयोग गरेको हुन्छ। जसले गर्दा साहित्यक आलङ्कारिक बन्न पुग्दछ। साहित्यिक सिर्जनाहरूमा विचलनयुक्त भाषिक प्रयोगले लक्ष्यार्थ वा व्यङ्ग्यार्थ प्रस्तुत गर्नुका साथै त्यसमा भाव ममताको प्रभावकारी स्वरूप उत्पन्न गराएको हुन्छ। यसरी साहित्यिक परिप्रेक्ष्यमा देखिने कोशिय, व्याकरणिक, अर्थतात्विक, ध्वनि प्रक्रियात्मक, लेख्य प्रक्रियात्मक, प्रयुक्ति विचलन गरी विभिन्न प्रकारका हुन्छन्। यिनै विचलनका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको विश्लेषण गरिएको छ :

**४.१.६.१.१ कोशीय विचलन**

शब्दकोशमा समावेश नभएका शब्दहरू स्रष्टा आफैंले निर्माण गर्ने वा परम्परामा रहेका शब्दलाई नयाँपनका साथ उपस्थित गराएर प्रयोग गरिने भाषिक अभिव्यक्तिलाई कोशीय विचलन भनिन्छ। कोशमा प्रयुक्त सीमित शब्दहरूले अभिव्यक्तिलाई बहन गर्न नसक्ने अवस्थामा स्रष्टाले आफ्नो क्षमता प्रदर्शन गर्न नयाँ शब्दको प्रयोग गर्दछ। 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा रहेका कोशीय विचलनका केही उदाहरणहरू यसप्रकार प्रस्तुत गरिन्छ :

१.	डिच्च डिच्च गर्दै कोठामा पस्दो छ। (पृ.१)

२.	उपन्यास एकदम नै अड्भङ्गे तालको हुनेछ। (पृ.३)

३.	ऊ कुनै बिराम भएको ठानेर थरहरी भएथ्यो। (पृ.७)

४.	आफ्नो मतापमै हिँडिरहेछु। (पृ.९)

५. लगेर जिम्मा लगाएर आ । (पृ.१८)

६. घरभरि चारचार गुँडका सन्तान ग्याँइग्याँइती । (पृ.१९)

७. को हो तिम्रो त्यो संगाती । (पृ.३०)

८. रचना दलीसँग जोइल जाँदै हुनुहुन्छ । (पृ.३२)

माथि उल्लेखित गरिएका प्रचलित मानक रूपभन्दा भिन्न र उपन्यासकारले भिन्न रूपमा आफ्ना कृतिमा ल्याएका छन् । यी शब्दहरू शब्दकोषमा पनि जताततै भेट्न सकिँदैन । उक्त उपन्यासमा कोशीय विचलन भएका प्रशस्त उदाहरण पाइन्छन्, जसले कृतिलाई रोचक, आकर्षक र प्रभावकारी बनाउन सहयोग पुऱ्याएको पाइन्छ ।

### ४.१.६.१.२ व्याकरणिक विचलन

लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, पदक्रम आदि व्याकरणिक धारालाई नवीन बनाउने हेतुले मानक रूपभन्दा भिन्न ढङ्गले प्रस्तुत गर्नुलाई व्याकरणिक विचलन भनिन्छ । यी विविध व्याकरणिक कोटिमा देखिने विचलन भाषिक नियमका विपरीतका रूपमा देखा पर्दछ । यसमा कर्ता, कर्म र क्रियाका साथसाथै उद्देश्य र विधेय बीचको रखाइको अनुक्रममा देखापर्ने उल्लङ्घनलाई पनि व्याकरणिक विचलन अन्तर्गत नै अध्ययन गरिन्छ । 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयुक्त केही व्याकरणिक विचलन निम्नानुसार प्रस्तुत गरिएको छ :

क) "बुहारी नै पनि डाक्टर छे, खुब नाम चलेकी हृदय विशेषज्ञ ।" (पृ.१)

ख) "नीर गएको थियो एयसपोर्ट तिमीहरूलाई लिन ?" (पृ.२)

ग) "महाराजले एकसासमा भनेथे, लौ सुब्बा भइस् ।" (पृ.४)

घ) "म एम.ए. पढ्न कलकत्ते त बसेको हुँ नि प्रभु" (पृ.६)

ङ) लौ जानोस् तपाईं नै अघि । (पृ.९)

च) दुलही साहेबले ओठओठमै भनिथिन् "दर्शन" (पृ.९)

छ) उसले भनिथी, "कहाँ खाने ?" (पृ.१८)

ज) मेरा रगतबाट गइसके । रहे कोला र चैतन्य । (पृ.२८)

झ) रह्यो तेरो माहिलो छोराको कुरो । (पृ.२९)

यस उदाहरणमा कर्ता, कर्म र क्रियाका साथै पूर्णबिराम र अल्पबिराम चिह्नको प्रयोगले व्याकरणिक विचलन देखिएको छ । यी वाक्यमा कर्ता, कर्म र क्रियाको विचलनले साथै चिह्नको

विचलनले पनि भाषिक सौन्दर्य सिर्जनाका साथै कृति प्रभावकारी नै भएको मानिन्छ, जसले उपन्यास विचलनका दृष्टिले पनि सार्थक र रोचक देखिन्छ ।

### ४.१.६.१.३ ध्वनि प्रक्रियात्मक विचलन

भाषाको उच्चारणमा देखिने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । प्रत्येक भाषामा आफ्नै ध्वनि व्यवस्था हुन्छ । भाषाको कुनै खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्याउन सकिने अन्तर नै ध्वनि प्रक्रियात्मक विचलन हो । यस उपन्यासमा रहेका ध्वनि प्रक्रियात्मक विचलनका केही उदाहरणहरू निम्नानुसार रहेका छन् :

क) भोलिदेखि नै नीरलाई लिएर आ । (पृ.२९)

ख) रक्सीको गिलास समात्दा उनको हात काम्ने हुन थाल्या थियो र मन्टो पनि त्यति स्थिर थिए । (पृ.३६)

ग) छ लाउ यो चेक र अनि भोलिदेखि तिमी सेवानिवृत्त पनि भयौ । (पृ.३७)

घ) "इ बुबा ! हजुरलाई लड्डु खानुसँग मतलब छ कि राख्नुसँग मतलब छ ?" (पृ.३८)

ङ) "यशू ! तिमी के भन्न चाहिरहिछ्यौ ?" (पृ.४४)

च) लौ था छैन तिमीलाई ? (पृ.५९)

छ) कुरो टार्ने मतलबबाट उसले भनेथ्यो, "हेरुँ, विचार गरुँ" (पृ.५९)

ज) "भन्छेस् मलाई स्टुपिड । मुख च्यात्दिन्छु म अहिले तेरो यहीँ । (पृ.६१)

यस किसिमका विचलित भएका वाक्य उपन्यासमा प्रशस्त मात्रामा पाइन्छन्, जसले गर्दा कसैको भनाइलाई झट्ट सुन्दा छुट्याउन नसकिने भए तापनि भाषालाई काव्यात्मक बन्न सहयोग पुऱ्याएको पाइन्छ ।

### ४.१.६.१.४ भाषिका विचलन

मानक भाषाका रूपमा स्वीकार गरिएको भाषिकाका सट्टा अर्को अमानक भाषाको प्रयोग हुनुलाई भाषिक विचलन भनिन्छ । साहित्यिक कृतिमा भाषाको मानक रूपको प्रयोग नगरेर कुनै भाषिका विशेषका शब्दलाई अग्रभूमिमा ल्याएर नवीनता दिने प्रयास गरियो भने भाषिक विचलन हुन्छ । 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा पाइने केही भाषिक विचलनका उदाहरणहरू निम्नानुसार रहेका छन् :

क) "लरेन्स भाइ ऊ ती आफ्नी छोरी यशोधरा तँलाई दिन चाहन्छन् । गर् तँ बिहा ।" (पृ.१०)

ख) सौमित्रमहलमा अब बिहाको तैयारी हुन थाल्यो । (पृ.१५)

ग) "डब्लुमा यसको बाबु पञ्चनारायण मानन्धरको भट्टीपसल छ। लगेर जिम्मा लगाएर आ ।" (पृ.१९)

घ) "इ यो घर पाएँ, तिमीलाई पाएँ र अनि हीराजस्ता तीन छोरा पाएँ ।" (पृ.२३)

ङ) उसका मामा बाँचेका छन् न त एक बातमा उसलाई सुबाङ्गी दिने श्री ३ महाराज नै छन् । (पृ.२४)

च) "ज्ञाने ! बसुन्धा र प्रद्युम्नलाई म कसरी आफ्नू सम्झूँ ?" (पृ.२७)

छ) रवि पनि रानीसाहेब जगदम्बाबको सिटमा आर.जी.कर. मेडिकल कलेज कलकत्तामा डाक्टरी पढेन हिँडेथ्यो । (पृ.३०)

माथि उल्लेखित शब्दहरूले भाषिक विचलनलाई चिनाउने गर्दछ। जसले गर्दा उपन्यासलाई रोचक, आकर्षक, सौन्दर्यात्मक र सान्दर्भिक तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

### ४.१.७ समानान्तरताका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको विश्लेषण

#### ४.१.७.१ बाह्य समानान्तरता

साहित्यिक कृतिको आवरण पक्ष वर्ण, छन्द, लय आदिसँग सम्बन्धित पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ। बाह्य समानान्तरता स्थूल र मूर्त प्रकृतिको हुन्छ। एक वा एकभन्दा बढी स्वनिम, शब्द, पद समूह, वाक्य आदिको पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ (शर्मा, २०५५ :५५३) भाषाका वर्ण, रूप, शब्द, पदावली, वाक्य आदि बाह्य स्वरूप वा संरचनाको पुनरावृत्ति भएर प्रकट हुन्छ। त्यसैले यो अभिव्यक्तिमा शब्द वैचित्रय वा शब्दालङ्कारका रूपमा देखापर्ने गर्दछ। 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयोग भएका बाह्य समानान्तरताका केही उदाहरण यसप्रकार छन् ।

क) उसको जोडिएको हात आफ्ना दुवै हातले समातेर भनेथे, "ठीक छ, ठीक छ ।" (पृ.८)

ख) उनले दराजका शिशी तथा भाँडाकुँडाहरू माझेर झुम्राले पुछी पुछी टलक्क पार्छिन् । (पृ.१२)

ग) मलाई पनि त तिम्रो सानिध्यमा बस्न मन लाग्छ, कुरा गर्न मन लाग्छ, हाँसखेल गर्न मन लाग्छ । (पृ.२३)

घ) अन्धाहरूले हात्तीलाई छामेर हात्तीको स्वरूपको पहिचान गरी नाङ्लाजस्तो छ, खाँबोजस्तो छ अथवा पुलजस्तो छ भने । (पृ.२५)

ङ) आफ्नै साहित्य र आफ्नै संस्कृतिको जगेर्ना गर्दछु, उत्थान गर्दछु । (पृ.२६)

च) मरेँ रानीसाहेब ! भन्दै हनुमान कुदेझैँ बुर्लुक्क बुर्लुक्क उफ्रेर खोपी रिङ्न थाल्दछ । (पृ.४१)

छ) सासुको त्यो तिखो व्यङ्ग्यको झापटबाट रचना हतपैभ भकुथी र सासुलाई हेरेको हेऱ्यै भइथी । (पृ.६७)

ज) म खुशी छु दाइ ! एकदम खुशी छु, खुशी छु र आनन्दमा छु । (पृ.७३)

माथि उल्लेखित वाक्यमा रहेका वर्ण तथा शब्दको पुनरावृत्तिले बाह्य समानान्तरतालाई बुझाउँछ । वर्ण, शब्द, पदावली र वाक्यको पुनरावृत्तिले उपन्यासमा भाषिक सौन्दर्य सिर्जना गरेको पाइन्छ । जसले कृतिलाई रोचक, आकर्षक र सौन्दर्य सिर्जना गर्न सफल नै देखिन्छ ।

**४.१.७.२ आन्तरिक समानान्तरता**

भावार्थ वा वाच्यार्थका बीचमा आन्तरिक रूपले रहने अर्थगत सादृश्यता, नियमितता वा समानतालाई आन्तरिक समानान्तरता भनिन्छ । यो सुक्ष्म खालको हुन्छ । छन्द, अलङ्कार आदिको अर्थतात्विक सन्दर्भलाई यस अन्तर्गत लिन सकिन्छ । जसले आन्तरिक भावनालाई प्रस्फुटित गर्ने कार्य गर्दछ । 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा आन्तरिक समानान्तरताका केही प्रयुक्त उदाहरणहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

क) "अँ केशव ! आफ्नो माटोको आकर्षण ज्यादै नै बलियो हुँदो रहेछ ।" (पृ.२)

ख) टुहुरो ज्ञानु खुब रोएथ्यो, कराएथ्यो र विरहका चुर्लुम्म डुबेथ्यो । (पृ.३)

ग) ऊ आफ्नो त्यो पाताल भएको घरलाई छाडेर मामाकहीँ बस्न जाउलाखेल गएथ्यो । (पृ.४)

घ) लोग्ने मान्छेको स्पर्श मात्रले पनि मेरो जीउ त बिजुलीको करेन्ट लागेझैँ झन्न गर्छ । (पृ.९)

ङ) उसको यस भनाइमा जनरलसाहेब भावविहवल भएथे र उसका दुवै काँधमा आफ्ना दुवै हात राखेर भनेथे, "सदा खुशी रहेस् ।" (पृ.११)

च) उसको सानो गृहस्थी र त्यस गृहस्थीलाई बनाउने, सजाउने र सभार्ने सारा श्रेय उसैलाई थियो । (पृ.१२)

छ)  "एउटा बाबु, एउटी आमा, अनि पन्ध्र सोह्रकी एउटी छोरी हुन्छन् रे ! छोरी साक्षात भगवानजस्ती राम्रो छन् रे ! (पृ.१४)

ज)  साँझ पऱ्यो कि सौमित्र महलमा तालिमे नानीहरू सोह्र श्रृङ्गार गरेर धपक्क बलेका हुन्थे । (पृ.१६)

माथिका उदाहरणमा अर्थ वा भावको पुनरावृत्ति भएको पाइन्छ, जसको प्रयोगले उपन्यास सौन्दर्यपूर्ण, रोचक आकर्षित र आलङ्कारिक बनेको पाइन्छ ।

**४.२ छलफल/व्याख्या**

'बाँच्ने एउटा जिन्दगी' उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खला मिलेका कारण फ्रेटागको पिरामिडका आधारमा विश्लेषण गरिएको छ। तसर्थ उपन्यासको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत भएको छ। यस उपन्यासमा रहेका पात्रहरूले प्रायः सबैले कथानकलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। यस उपन्यासमा प्रमुख पात्रका रूपमा ज्ञानु रहेका छन् भने सहायक पात्रका रूपमा यशोधरा, रचना, रवि, शशी, सौमित्रशमशेर, नीर, दरबारी, तराना, अष्टध्वज रहेका छन्। त्यसैगरी गौण पात्रका रूपमा भने वीरा, श्री ३ महाराज, कृष्णप्रताप, सरला, लरेन्सङजङ्ग राणा, बसुधाराज्यलक्ष्मी, प्रद्युम्नशमशेर, सोलारजङ्ग, गीता, जयचन्द्रबहादुर, चैतन्यशमशेर, शीला, देव, अनिता आदि रहेका छन्। गौण पात्रको भूमिका यस उपन्यासमा कमै मात्रामा रहेको देखिन्छ ।

यस 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेशलाई समेटिएको पाइन्छ। सामाजिक, आर्थिक, राजनीतिक लगायत राणाकालीन दरबारको चित्रण र त्यहाँ हुने छद्म अपराधलाई पनि चित्रण गरिएको छ। गरिब, सिधा, सोझा जनता सामन्त वर्गद्वारा कसरी पीडित बन्दछन् भन्ने कुराको उजागर गरिएको छ। त्यसैगरी सामूहिक र वैयक्तिक जीवन जीउने पारिवारिक धरातलमा अवलम्बित स्वार्थको विकृतिपूर्ण चित्रको परिप्रेक्ष्यमा बाँच्न चाहने स्वतन्त्र जिन्दगीको पनि चित्रण गरिएको छ। प्रस्तुत उपन्यासमा तत्सम्, तद्भव, आगन्तुक, झर्रा एवम् अनुकरणात्मक नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियाविशेषण, संयोजक, निपात एवम् विस्मयादिबोधक जस्ता शब्दहरूको चयनले भाषा सरल, सहज, रोचक र उत्कृष्ट बन्न पुगेको देखिन्छ। तुलनात्मक रूपमा तद्भव शब्दको बढी मात्रामा प्रयोग पाइन्छ भने आगन्तुक शब्द अन्तर्गत बढी मात्रामा अङ्ग्रेजी भाषाको शब्द प्रयोग गरिएको छ। अधिकांश ठाउँमा व्याकरणिक विचलनको मात्रा देखिन्छ भने कहीँ कहीँ कोशीय, भाषिक तथा ध्वनितात्विक विचलन पनि रहेको पाइन्छ। यसमा प्रसङ्ग अनुसार विभिन्न लेख्य चिह्नहरूको प्रयोग गरिनुका साथै आन्तरिक र बाह्य समानान्तरताको पनि यथेष्ट प्रयोग गरिएको पाइन्छ ।

## अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता

### ५.१ सारांश

यस शोधपत्रमा नेपाली साहित्य जगत्मा सुपरिचित उपन्यासकार केशवराज पिँडालीद्वारा लिखित 'बाँच्ने एउटा जिन्दगी' (२०६५) उपन्यासको अध्ययन शीर्षक रहेको छ ।

शैलीविज्ञान साहित्य समालोचनाको नवीनतम् विधा वा प्रकार हो । साहित्य सिर्जना गर्ने क्रममा विभिन्न विधाहरू रचना गरेका हुन्छन् । साहित्यका प्रमुख विधामध्ये एउटा विधा आख्यान पनि हो । यसको व्युत्पत्ति 'शील्' धातुमा 'ई' प्रत्यय लागेर निर्माण भएको शैली शब्दले ढङ्ग, ढाँचा, रीति, वृत्ति, मार्ग आदि अर्थलाई बुझाउँछ । त्यसैले शाब्दिक अर्थमा अभिव्यक्तिको तरिकालाई शैली भनिन्छ ।

शैलीलाई भाषिक दृष्टिले हेर्दा परम्परा प्राचीनकालदेखि नै भएको देखिन्छ । यसले भाषा र साहित्यसँग निकट रहेर अध्ययन गर्दछ । विषयवस्तु, परिवेश, प्रयोजन, व्यक्ति आदि अनुकुलको भाषा वा भाव अभिव्यक्ति गर्ने ढाँचा वा पद्धति नै शैली हो । आधुनिक भाषाविज्ञानको जन्म भएपछि नै शैलीविज्ञानको जन्म भएको छ । यसले साहित्यिक कृतिको भाषिक सौन्दर्यका यथार्थ मूल्याङ्कन गर्दछ । कृति विश्लेषण र शाब्दिक संरचनालाई अध्ययनको केन्द्र बनाउनु मुख्य पहिचान हो ।

प्रस्तुत शोधकार्य ऋषिराज रेग्मी (२०७२) द्वारा 'विभाजित समय' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । त्यसैगरी कविता पन्थी (२०६३) द्वारा 'बसाइँ' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, ममता भुजेल (२०७२) को 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, कर्णबहादुर रावलको (२०७३) को 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन, साथै हरि बहादुर बोहोरा (२०६९) को 'मणिपुरको चिठी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाइन्छ ।

शैलीविज्ञानका सैद्धान्तिक आधारमा केन्द्रित भई मूलतः कथानकको विश्लेषण, कथानकको विकासक्रम फ्रेटागको पिरामिड अनुसार पाँचवटा आधारमा विभाजन गरी देखाइएको छ । पात्र तथा चरित्रको वर्गीकरण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, आसन्नता, जीवनचेतना र आबद्धताका आधारमा प्रमुख तथा सहायक पात्रको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ ।

बहुचर्चित हाँस्यव्यङ्गका प्रख्यान उपन्यासकार केशवराज पिँडालीद्वारा रचित 'बाँच्ने एउटा जिन्दगी' उपन्यास (२०६५) सालमा प्रकाशित भएको एक उत्कृष्ट कृति हो । उपन्यासको कथावस्तु अन्तर्गत काठमाडौँ क्षेत्रपाटीको धोबी चउरमा बसोबास गर्दै आएको ज्ञानु पश्चिम एक नम्बर धादिङका खरिमैदीका ठकुरी खानदानको एक युवक हो । पढाइका शिलशिलामा काठमाडौँबाट कलकत्ता उसकै मिल्ने साथी 'म' पात्रसँग गएको हुन्छ । त्यसपश्चात् उसले भोग्नुपरेका जीवनका कहालीलाग्दा यथार्थ कहानीलाई लेखकले प्रस्तुत गर्न खोजेका छन् । यस

उपन्यासमा सामाजिक, परिवारिक, राजनीतिक आदि क्षेत्रमा देखापर्ने विकृति, विसङ्गति, षड्यन्त्र आदिजस्ता पक्षको यथार्थलाई यस उपन्यासमा चित्रण गरिएको छ। त्यसैगरी परिवारका सबैजना विनासकारी भूकम्पमा परी मृत्यु भएपश्चात उसले आर्थिक अभावका कारण गर्नु परेको सङ्घर्ष र समस्या जस्ता पक्षलाई समेत प्रस्तुत गरिएको छ। विवाह पश्चात् तीन सन्तानको बाबु बनेको ज्ञानुलाइ छोराहरूलाई जागिर लगाउनका लागि समस्या पर्न थाल्नु साथै श्री ३ महाराजको मृत्युले चिन्ता पर्नु जस्ता समस्यालाई चित्रण गरिएको छ। कथावस्तु अन्तर्गत ज्ञानुले टुहुरो भई भोग्नुपरेका समस्या, श्री ३ महाराजको मृत्यु भए पनि नोकरीबाट अरूलाई हटाउँदा उसको भने कामको इमान्दारीपनले तलबमा बढुवा हुनु, यशोधरासँग विवाह भई तीन सन्तान भए पछि सन्तानलाई रोजगार दिलाउने कुराले चिन्ता पर्नु, सौमित्रशमशेरले जेठा छोरा नीरलाई घरकाजको काममा नियुक्त गर्नु जस्ता घटनालाई यस उपन्यासमा चित्रण गरिएको छ। सौमित्र शमशेरको दोस्रो विवाह हुनु, विवाह भएको केही समय पश्चात् उसको मृत्यु हुनु र उसको कामबाट अवकास भएपछि आफ्ना छोराहरूसँग परनिर्भर जीवन जीउन बाध्य हुनु, आफ्ना तीनै सन्तानले योग्य भएपछि छाडेर जानु, आश्रय खोज्न ज्ञानु र यशोधरा अमेरिकासम्म पुग्नु र यता जेठा छोरा नीर र सौमित्रशमशेरकी कान्छी श्रीमती डोला रानीसँगको अनैतिक सम्बन्ध थाहा पाएपछि ज्ञानुलाई छोराको व्यवहारबाट उल्टै दास बन्नुपरेकामा यशोधरा र ज्ञानु नेपाल तथा स्वदेशमै फर्केर बस्ने कुरा गर्दा स्वतन्त्र जिन्दगी जिउन सक्नु नै जीउनुको सार हो भन्ने कुरा यस उपन्यासमा देखाउन सफल भएको पाइन्छ। बुहारीका खटनमा परेका छोराहरूले भोग्नुपरेका समस्या र पैसाका लालचीमा परेर अनैतिक सम्बन्ध राख्ने क्रुर व्यवहार मन नपराउने राजु अन्तिममा नेपाल नै आएर पुरानो सृष्टि छाडेर आफ्ना छोराहरूलाई भनी राखिदिएको सबै सम्पत्ति बेचेर नयाँ घर निर्माण गरी बस्न थाल्नुले मेहनत र सङ्घर्षलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ।

सामाजिक यथार्थवादी उपन्यासका रूपमा रहेको प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यास राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशलाई समेत आधार बनाइएको छ। यस उपन्यासमा आर्थिक अभावका कारण सोझा, सिधा एवम् गरिब जनालले भोग्नुपरेका समस्या, राणाशासन कालमा राणाहरूले जनताहरूलाई देखाएको धूर्त प्रवृत्ति, सम्पत्तिका निम्ति आफ्ना आफन्तहरूलाई हेर्ने दृष्टि एवम् पारिवारिक सम्बन्ध जस्ता पक्षलाई कलात्मक ढङ्गले चित्रण गरिएको छ। त्यसैगरी यस उपन्यासमा उपयुक्त ढङ्गले शब्दहरूको चयन एवम् सन्दर्भ अनुकुल मिठास थपेर अस्वादनीय, उद्देश्यमूलक बनाउन उखानटुक्काको समेत प्रयोग गरिएको पाइन्छ।

प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन अध्ययन गर्ने क्षेत्र अन्तर्गत भाषिक चयन, विचलन र समानान्तरता जस्ता पक्षहरू परे तापनि यहाँ विचलन अन्तर्गत पर्ने सबै पक्षँहरूको विश्लेषण गरिएको छ। यसमा कथानकको विश्लेषण गर्ने आधार,

शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण गरी सोही आधारमा वर्गीकरण गरिएको छ । यस अन्तर्गत शैलीवैज्ञानिक अध्ययनका सैद्धान्तिक आधारहरूको उल्लेख गरिएको छ । यस अध्ययनमा विभिन्न विधिहरूमध्ये प्रमुख विधिका रूपमा पुस्तकालयीय विधिको प्रयोग गरी वर्णनात्मक ढाँचामा व्याख्या गरिएको छ । त्यसैगरी स्रोतका रूपमा प्राथमिक र द्वितीयक स्रोत प्रयोग गरेर सामग्री सङ्कलन गरिएको छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोध परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, शोधकार्यको उद्देश्य, अनुसन्धानको औचित्य र महत्त्व तथा अध्ययनको सीमाङ्कन र रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययन 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहेको छ । शैली भन्नाले भाषा वा भाव अभिव्यक्तिको तरिका भन्ने बुझिन्छ । प्रस्तुत उपन्यासको कथानकको विश्लेषण फ्रेटागको पिरामिडका आधारमा वर्गीकरण तथा विश्लेषण गरिनुका साथै उपन्यासमा उपयोग गरिएको भाषाको चयनका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको कथानक क्रमबद्ध ढाँचामा प्रस्तुत भएकाले आदि, मध्य र अन्त्यको क्रम मिलेको देखिन्छ । उपन्यासमा ज्ञानु भन्ने पात्रले आफ्नो पारिवारिक तथा आर्थिक स्थिति सुधार गर्न गर्नुपरेका सङ्घर्ष साथै आफ्नै सन्तानबाट पनि सम्पत्ति सकिएपछि घृणित बन्नुपरेको तितो यथार्थलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । त्यसैगरी प्रजातन्त्र आउनु अघि गरिब तथा सोझा जनता दास बन्नुपर्ने स्थितिलाई पनि प्रस्तुत गरिएको छ । यस उपन्यासको कथानकको विकासक्रम फ्रेटागको पिरामिड (चिनारी, सङ्घर्ष, विकास, चरम सङ्घर्षह्रास र उपसंहार) का आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत उपन्यासमा धादिङ, काठमाडौँ, भारतको कतकत्ता, अमेरिका आदि ठाउँको समेत परिवेश आएका छन् ।

प्रस्तुत उपन्यासमा पारिवारिक विपत्तिका कारण एक्लो बनेको ज्ञानु आर्थिक स्थिति कमजोर भएका कारण मामाले भनेका ठाउँमा गएर सौमित्रमहलको दरबारिया चालचलनमा कयौँ अप्ठ्यारा खप्दै इमान्दारिताका साथ काम गरेका ज्ञानु पछि आफ्ना सन्तानहरू छोरा तथा बुहारीबाट घृणित भई पुनः नयाँ सृष्टि रच्नु जस्ता घटनालाई विषयवस्तु बनाइएको छ । प्रस्तुत अध्ययन कार्य सम्पन्न गर्नका निमित्त शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित विभिन्न समालोचनात्मक ग्रन्थहरू, शोधपत्रहरू, शैली विश्लेषणसम्बन्धी लेख रचना आदिको सहयोग लिइएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको अध्ययन भएकाले विविध विधिहरूमध्ये प्रमुख विधिका रूपमा पुस्तकालयीय विधि प्रयोग गरी अध्ययन कार्य गरिएको छ ।

प्रस्तुत शोधपत्रलाई विश्वसनीय र वैध बनाउन अध्ययन तथ्याङ्कन सङ्कनलनका रूपमा प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरिएको छ। प्राथमिक स्रोतका रूपमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यास र द्वितीय स्रोतका रूपमा शैलीविज्ञानसम्बन्धी पूर्व अनुसन्धानका निष्कर्ष, विभिन्न लेख रचनाको प्रयोग गरिएको छ ।

प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' भाषिक चयनचित्र तत्सम्, तद्भव, आगन्तुक तथा अनुकरणात्मक शब्दहरूको प्रयोगले उपन्यासलाई आकर्षण बनाएको देखिन्छ। त्यसैगरी नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, निपात, संयोजक, विस्मयादिबोधक आदि शब्दको प्रयोगले भाषिक विशिष्टता प्रदान गरेको देखिन्छ। उपन्यासमा नेपाली जनजीवनका नाललाई जति चलायो उति गन्ध, आफ्नो मन चङ्गा भए धाराको पानी गङ्गा हुन्छ जस्ता उखानटुक्काको प्रयोगले भाषिक शैलीलाई विशिष्ट तुल्याएका छन् ।

यस उपन्यासमा प्रयुक्त पात्रहरूको शैलीवैज्ञानिक अध्ययन प्रमुख पात्र र सहायक पात्रहरूको मात्र अध्ययन एवम् विश्लेषण गरिएको छ। ज्ञानु, यशोधरा, सौमित्रशमशेर, श्री ३ महाराज, नीर, रवि, शशी, रचना, तराना, शीला, बसुधाराज्य लक्ष्मी, डोला रानीसाहेब आदि पात्रहरूको प्रयोग गरी कथावस्तुलाई अगाडि बढाइएको छ। त्यस्तैगरी प्रमुख पात्र अन्तर्गत ज्ञानु रहेको छ भने सहायक पात्र अन्तर्गत यशोधरा, डोला रानीसाहेब, सौमित्रशमशेर, नीरप्रताप, दरबारी रचना, शशीप्रताप आदि पात्रको लिङ्ग, कार्य, प्रवृत्ति, जीवनचेतना आसन्नता, आबद्धताका आधारमा वर्गीकरण गरेर त्यसैका आधारले विश्लेषण गरिएको छ। त्यसैले यस 'बाँच्ने एउटा जिन्दगी' उपन्यास शैलीवैज्ञानिक आधारमा उत्कृष्ट रहेको पाइन्छ। त्यसैगरी विचलनभित्र कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक विचलनको उपन्यासलाई रोचक बनाएको देखिन्छ ।

## ५.३ सुझाव

प्रस्तुत 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको शैलीवैज्ञानिक अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

१. उपन्यासमा कथावस्तुको प्रस्तुतिगत ढाँचा क्रमबद्ध रूपमा प्रस्तुत हुनुपर्ने,

२. उपन्यासका पात्रहरू आवश्यक मात्रामा राखिनु पर्ने,

३. मानक नेपाली भाषाको प्रयोग गरी उपन्यास लेखिनुपर्ने,

४. उपन्यासमा कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक र अर्थ तात्विक विचलनमार्फत् विचलनहीन भाषा मार्फत् कृतिको सिर्जना गर्नुपर्ने,

५. लेखकले पाठक वर्गहरूलाई ध्यानमा राखेर सरल र सहज भाषाशैलीमा कृति तयार गर्नुपर्ने,

६. उपन्यासमा शब्द चयनका हिसाबले हेर्दा तत्सम्, तद्भव र आगन्तुक तिनै स्रोतका शब्दहरूको प्रयोग उचित मात्रामा गरिनुपर्ने,

७. कुनै पनि कृतिको शैलीवैानिक अध्ययन हुन सके कृतिमा प्रयुक्त भाषिक विशिष्टताको जानकारी प्राप्त गर्न सकिने भएकाले सम्बन्धित निकायले ध्यान पुऱ्याउनुपर्ने,

८. पाठ्यक्रम निर्माताहरूले औपन्यासिक कृतिलाई पाठ्यक्रममा समावेश गरी सहज रूपमा पठनपाठनको व्यवस्था मिलाउनुपर्ने,

९. वर्तमान समाजको वास्तविकता तथा सामाजिक, आर्थिक, राजनैतिक आदि पक्षको प्रतिबिम्ब दिने खालको हुनुपर्ने,

१०. नीति निर्माण कर्ताहरूले विद्यालय तथा विश्वविद्यालय तहका पाठ्यक्रममा आख्यानात्मक विधालाई बढी मात्रामा समावेश गरिनुपर्ने,

११. उपन्यासमा भाषिक चिह्नको सही प्रयोग गरिनुपर्ने,

१२. साहित्यिक कृतिमा सभ्य किसिमको भाषा प्रयोग गरिनुपर्ने देखिन्छ ।

१३. उपन्यासमा वर्ण, शब्द तथा अर्थको भाषिक चमत्कार सिर्जना गर्ने खालका आन्तरिक र बाह्य समानान्तरताको प्रयोग गरिनुपर्ने ।

## ५.४ उपयोगिता

भाषाका सन्दर्भमा शैली भन्नाले साहित्यिक कृति निर्माणको ढाँचा वा तरिकालाई बुझाउँछ । जसले भाषिक विशिष्टताको खोजी गर्दछ । शैली विश्लेषणको अध्ययनले शिक्षक, विद्यार्थीलाई साहित्यिक लेखनका साथै अन्य लेखनमा पाइने अन्तरबारे सुझ प्राप्त हुन्छ । शैली विश्लेषणबाट मानिसका मनभित्र उत्पन्न हुने विभिन्न भावलाई प्रस्फुटित गर्न नसक्ने भएकाले पनि अध्ययन अनुसन्धान समयसापेक्ष अनुकुल औचित्यपूर्ण र सान्दर्भिक हुनु आवश्यक छ ।

अहिलेको समयमा उपन्यासको शैलीवैज्ञानिक अध्ययनलाई ज्यादै महत्त्वपूर्ण मानिन्छ । यसको अध्ययनबाट शिक्षक, पाठक, अनुसन्धानकर्ता, विद्यार्थी, समालोचक आदि जस्ता व्यक्तिहरू बढी लाभान्वित हुनेछन् । शैलीवैज्ञानिक आधारमा यस 'बाँच्ने एउटा जिन्दगी' उपन्यासका बारेमा बुझ्न अथवा जान्न चाहनेहरूका लागि र शैलीवैज्ञानिक अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि उपयोगी हुनेछ । प्रस्तुत शोधपत्रको उपयोगितालाई निम्न दुई भागमा राखेर उल्लेख गर्न सकिन्छ :

### ५.४.१ नीतिगत उपयोगिता

अनुसन्धान कार्यलाई व्यवस्थित र प्रभावकारी ढङगले अगाडि बढाउनका लागि नीतिको आवश्यकता पर्दछ । नीतिगत तहलाई ध्यानमा राखी अध्ययन गर्न सकेमात्र अनुसन्धान कार्यले सही मार्ग निर्देशित गर्दछ । प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली

भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाशि ५९८ पाठ्यांशको प्रयोजनका लागि यस 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । प्रस्तुत शोधपत्र तयार गर्नका लागि गरिएको सैद्धान्तिक पक्षको अध्ययनका आधारमा नीतिगत तहलाई निम्नानुसार उल्लेख गरिएको छ :

१. पाठ्यक्रम निर्माता एवम् पाठ्यपुस्तक लेखकलाई शैलीवैज्ञानिक दृष्टिले उपयुक्त पाठ्य सामग्रीको निर्माणमा सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

२. शैली विज्ञानको अवधारणा र विकास प्रक्रियाबारे ज्ञान दिने कुरामा सहयोग पुग्ने देखिन्छ ।

३. समयानुकुल साहित्यको आधुनिकीकरण गरी आवश्यक पर्ने नयाँ नयाँ तौरतरिकाहरूको ज्ञान आर्जन गर्ने सहयोग पुग्ने देखिन्छ ।

४. भाषा शिक्षणमा पनि यस अनुसन्धानका निष्कर्षहरू कार्यान्वयन गर्न सकिन्छ ।

५. पात्र वर्गीकरणमा शैलीवैज्ञानिक आधारहरूबारे जानकारी लिन सकिन्छ ।

६. साहित्यिक कृतिलाई आकर्षक र प्रभावकारी बनाउन चयन, विचलन र सामानान्तरताको प्रयोगमा विशिष्टता हासिल गर्न सहयोग पुग्छ ।

७. यस अध्ययनले भाषा सम्बन्धी नीति निर्माण कार्यमा सहयोग पुऱ्याउँछ ।

८. शब्दकोष निर्माण गर्ने कार्यमा पनि यस अध्ययनले सहयोग पुऱ्याउने देखिन्छ ।

### ५.४.२ कार्यान्वयन तह

अनुसन्धान कार्यलाई सबल र सक्षम बनाउन प्रयोग पक्षलाई ध्यान दिँदा उपयुक्त देखिन्छ । जुन अध्ययनले अनुसन्धेय कर्तालाई लाभ प्राप्त हुने गर्दछ । यस कार्यान्वयन तहलाई निम्नानुसार उल्लेख गरिएको छ :

१. प्रस्तुत शोधकार्यको अध्ययनबाट नवीन ज्ञान हासिल गर्न सकिने अपेक्षा गरिएको छ ।

२. शैलीवैज्ञानिक आधारमा कृतिमा समावेश भएका पात्रहरूको वर्गीकरण गर्न सकिन्छ ।

३. आख्यान विधाको अनुसन्धान तथा शिक्षणका निष्कर्षहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ ।

४. उच्चस्तरीय भाषा विश्लेषण गर्ने सीपको पनि विकास गर्न सकिन्छ ।

५. भाषा शिक्षणका लागि सान्दर्भिक शैक्षिक सामग्री निर्माण गर्न उपयोगी देखिन्छ ।

६. सिर्जनात्मक रचनामा रोचकता दिनका लागि, भाषिक चयन, विचलन र समानान्तरताको प्रयोगमा सुधार ल्याउन यस अनुसन्धानको निष्कर्ष उपयोग गर्न सकिन्छ ।

७. भाषिक क्षमताको अभिवृद्धि गर्नका लागि शिक्षक, विद्यार्थीको, पठन, लेखन र तार्किक क्षमताको अनुसन्धान गर्न सहयोग पुग्ने यस निष्कर्ष मार्फत् आत्मसात् गर्न सकिन्छ ।

### ५.४.३ आगामी अनुसन्धानका लागि शीर्षक

पछिका दिनहरूमा यस 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा केन्द्रित भएर निम्न शीर्षकहरूमा अध्ययन गर्न सकिन्छ :

- भाषिक आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको अध्ययन,
- 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयुक्त वाक्य चयनको अध्ययन,
- 'बाँच्ने एउटा जिन्दगी' उपन्यासमा प्रयोग भएका चिह्नहरूको अध्ययन,
- चयनका आधारमा 'बाँच्ने एउटा जिन्दगी' उपन्यासको अध्ययन ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७०), प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौँः विद्यार्थी प्रकाशन प्रा.लि ।

पिँडाली, केशवराज (छै.सं. २०६५) 'बाँच्ने एउटा जिन्दगी' ललितपुर : साझा प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६९) प्रयोगिक भागाविज्ञानका प्रमुख आयामहरू, काठमाडौँः हेरिटेज पब्लिकेशन एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

बोहरा, हरिबहादुर (२०७३), 'मणिपुरको चिठी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि.वि. कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

भण्डारी, पारशमणि, रामनाथ ओझा र डोलराज अर्याल (२०६८) भाषिका अनुसन्धान विधि (चौँ.सं.) काठमाडौँः पिनाकल पब्लिकेसन प्रा.लि. ।

भुजेल, ममता (२०७२), 'लु' उपन्यासको शैलीवैज्ञानिक अध्ययन (अप्रकाशित शोधपत्र), जनता बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग ।

यादवप्रसाद, लामिछाने, मदनराज बराल र अन्य भाषिक अनुसन्धान विधि (प्र.सं.२०६९), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रावल, कर्णबहादुर (२०७३), 'प्रेतकल्प' उपन्यासको शैलीवैज्ञानिक अध्ययन (अप्रकाशित शोधपत्र), त्रि.वि.वि. कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग ।

रेग्मी, ऋषिराज (२०७२), विभाजित समय उपन्यासको शैलीवैज्ञानिक अध्ययन (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस मोरङ शिक्षाशास्त्र सङ्काय नेपाली विभाग ।

लम्साल, रामचन्द्र, बासुदेब गौतम र गणेशराज अधिकारी (२०६७), प्रायोगिक भाषाविज्ञान (ते.सं.) काठमाडौँ : भूँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०४८), शैलीविज्ञान, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, विष्णुप्रसाद (२०७०), प्रयोगिक भाषाविज्ञान, काठमाडौँ : क्लेष्ट पब्लिकेशन प्रा.लि. ।